# लगातार सुनुवाइ सम्बन्धी व्यवस्था र कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजु, काठमाण्डौ

प्रकाशन संख्या: ११६


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजु, काठमाण्डौ

फोन: ९७७-१-४०२७४४९/४५०२७४५१ फ्याक्स नं. :९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email: info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिस :

हरिहरभवन, ललितपुर

फोन : ९७७-१-५५३७५१६/५५४९५७

# लगातार सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन

**अध्ययन समूह:**
श्री टेक नारायण कुँवर, संयोजक
श्री निमा घिमिरे, सदस्य
श्री कविता सिलवाल, सदस्य

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाण्डौ

**डिजाइन लेआउट:** श्री प्रतिभा राई
**प्रकाशन प्रति:** ५००
**प्रकाशन साल:** २०८०
**प्रकाशक:** राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैंजु, काठमाण्डौ, नेपाल
**मुद्रक:** एन.आर.एस. प्रिन्ट सर्भिष
**सर्वाधिकार:** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

# प्राक्कथन

भनिन्छः विलम्वले न्यायलाई पराजित गर्छ। न्यायमा हुने ढीलासुस्तीले न्यायको उद्देश्य मात्र पराजित हुने नभएर यसमा हुने लगानी र खर्च बढ्छ। छिटो छरितो र पहुँच योग्य न्याय सबै नागरिकको सार्वभौम अधिकार हो। गरीब र असहाय वर्ग न्यायको पहुँचबाट विमुख भएर बस्नुपर्ने हुन्छ। फलस्वरुप कानूनको अगाडि समानताको अधिकारको संवैधानिक सुनिश्चितता कागजमा मात्र सीमित रहन जान्छ। तसर्थ न्याय सम्पादन गर्ने निकायहरूले न्याय सम्पादनका प्रक्रिया र संरचनाहरूलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। न्याय सम्पादन स्वच्छ, निष्पक्ष, छिटो छरितो, सहज, नागरिकको पहुँचयुक्त र प्रभावकारी बनाउने उद्देश्यले नेपालको न्यायपालिकामा सुधारका प्रयासहरू लगातार रुपमा हुँदै आएको पाइन्छ। यस प्रयासमा कार्यविधि कानूनको क्षेत्रमा विकासित नवीनतम अभ्यासको रुपमा रहेको "लगातार सुनुवाइ" एक महत्वपूर्ण प्रक्रिया हो।

गम्भीर किसिमका फौजदारी मुद्दाको सुनुवाइ प्रक्रियालाई अनुचितरूपमा लम्बिन नदिई पीडित एवम् प्रतिवादी स्वयंलाईसमेत न्यायको अनुभूति दिलाउनको लागि मुद्दामा लगातार सुनुवाइ गरेर न्यायिक निष्कर्षमा पुग्नु उचित हुन्छ। तर यस्ता संवेदनशील मुद्दाहरूको सम्बन्धमा न्यायिक प्रक्रिया विलम्बकारी भएको, अदालतका प्रक्रिया र संरचनाहरू पीडितमैत्री हुन नसकेको, अदालतका कर्मचारीहरू पीडित प्रति खासै संवेदनशील नभएको, साक्षीहरूको परीक्षण यथा समयमा र ठीक तरिकाले हुन नसकेको, साक्षीको संरक्षण गर्न नसक्दा प्रमाण लोप हुने वा पीडित तथा साक्षी विपरीत (hostile) रुपमा प्रयोग हुने गरेको, अभियुक्तहरू फरार रहने र साक्षीहरू उपस्थित नरहने गरेको तथा घटना र साक्षी परीक्षणबिच लामो समयको अन्तर रहने हुनाले बकपत्र गर्दा घटनाको तथ्यमा बेमेल हुने गरेको एवं मुद्दाको दायरी र सुनुवाइबिच पनि लामो समयको अन्तराल रहने गरेको जस्ता कारणहरूले गर्दा प्रभावकारी ढंगले न्याय सम्पादन हुन नसकी यसले अन्तत्वगोत्वा लगातार सुनुवाइको पद्धतिमा प्रतिकूल प्रभाव पारेको देखिन्छ।

यिनै उल्लिखत प्रतिकूलताहरु हटाई अदालतबाट बिना कुनै ढिला सुस्ती न्याय पाउने पीडित तथा अभियुक्तको अधिकार सुनिश्चित गर्न सहयोग पुर्याउने उद्देश्यले यो अनुसन्धान तयार पारिएको हो। यसमा लगातार सुनुवाइ सम्बन्धी अवधारणागत पक्ष, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था र नेपालमा यसको कार्यन्वयनको समग्र स्थितिको चित्रण गरिएको छ। साथै, सर्वोच्च अदालतबाट लगातार सुनुवाइ सम्बन्धी मुद्दाको सन्दर्भमा प्रतिपादित न्यायिक सिद्धान्त कार्यान्वयनको अवस्था सर्वेक्षण गरी सुधारका क्षेत्र पहिचान गर्ने, लगातार सुनुवाइ सम्बन्धी कानून कार्यान्वयनमा देखिएका समस्या र चुनौतिहरूको पहिचान गरी सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ।

यस अध्ययनमा लगातार सुनुवाइ अन्तर्गत हेरिने मुद्दाहरुमा काठमाडौं उपत्यकामा तीन जिल्ला अदालतहरूबाट चार आर्थिक वर्षलाई आधार लिई जबरजस्ती करणी विषयक मुद्दामा केन्द्रित भई लगातार सुनुवाइ स्थिति बारे अध्ययन विश्लेषण गरिएको छ। साथै, जिल्ला अदालतका माननीय न्यायाधीश, सरकारी वकील, न्याय सेवाका अधिकृत तथा कानून व्यवसायीहरूबाट प्रश्नावली मार्फत सर्वेक्षण गरी लगातार सुनुवाइ सम्बन्धी प्रावधानको कार्यान्वयन अवस्था हेरिएको छ। विश्लेषणात्मक अनुसन्धान पद्धतिलाई अवलम्बन गरिएको यस अध्ययन सामग्री कानून तथा न्याय क्षेत्रमा संलग्न व्यक्तिहरूको लागि तथा कानून सुधारका लागि समेत सहयोगी हातको रुपमा रहने छ भन्ने अपेक्षा गर्दछु।

यस अध्ययनलाई शुरु देखि अन्त्यसम्म अध्ययन सामाग्री जुटाउने तथ्याङ्क संकलन गरी त्यसको विश्लेषण गर्ने र प्रतिवेदन लेखनमा समेत पुरा सहयोग गर्ने कार्य प्रतिष्ठानका अधिकृत कविता सिलवालबाट भएको हो। वहाँको अनवरत सहयोग बिना यस रुपमा अध्ययन प्रतिवेदन प्रकाशित गर्न संभव नै थिएन। खास गरेर अध्ययन टिममा रहेर अहोरात्र खटिई काम गरेकोमा यस प्रतिष्ठानका अधिकृत श्री कविता सिलवालाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै अध्ययन अनुसान्धान कार्यमा प्रत्यक्ष र परोक्ष रुपमा सुझाव र सहयोग प्रदान गर्नु हुने सबैमा आभार व्यक्त गर्दछु।

अध्ययन समूहको तर्फबाट

टेक नारायण कुँवर
संयोजक

# विषयसूची


| | | पृष्ठ नं. |
|---|---|---|
| | **परिच्छेद एक<br>परिचय** | |
| १.१ | पृष्ठभूमी | १ |
| १.२ | अनुसन्धानको आवश्यकता | ४ |
| १.३ | अनुसन्धान समूह | ५ |
| १.४ | समस्याको पहिचान | ५ |
| १.५ | अनुसन्धानको उद्देश्य | ६ |
| १.६ | अनुसन्धानको सीमा र अनुसन्धान पद्धति | ६ |
| १.७ | अनुसन्धानको संरचना | ७ |
| | **परिच्छेद दुई<br>पूर्व अध्ययनको समीक्षा** | |
| २.१ | पूर्व अध्ययन/अनुसन्धान | ८ |
| | **परिच्छेद तीन<br>लगातार सुनुवाइ सम्बन्धी अवधारणागत पक्ष** | |
| ३.१ | लगातार सुनुवाइको अवधारणा | ११ |
| ३.२ | लगातार सुनुवाइको उद्देश्य | १२ |
| ३.३ | लगातार सुनुवाइ सम्बन्धी मुद्दाका सरोकारवालाहरू | १२ |
| ३.३.१ | सरकारी संरचना वा निकायको रुपमा रहेका सरोकारवालाहरू | १२ |
| ३.३.२ | व्यक्तिको रुपमा रहेका सरोकारवालाहरू | १४ |
| | **परिच्छेद चार<br>अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था** | |
| ४.१ | अन्तर्राष्ट्रिय कानूनी व्यवस्था | १७ |
| ४.१.१ | मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ | १८ |
| ४.१.२ | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | १८ |
| ४.१.३ | महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ | १८ |
| ४.१.४ | बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | १९ |
| ४.१.५ | क्षेत्रीय महासन्धिहरू | १९ |
| ४.२ | राष्ट्रिय कानूनी व्यवस्था | १९ |
| ४.२.१ | नेपालको संविधान | २० |
| ४.२.२ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | २० |
| ४.२.३ | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ | २३ |

| | | |
|---|---|---|
| ४.२.४ | संक्षिप्त कार्यविधि ऐन, २०२८ | २४ |
| ४.२.५ | बालबालिकासम्बन्धी ऐन, २०७५ | २४ |
| ४.२.६ | विशेष अदालत ऐन, २०५९ | २५ |
| ४.२.७ | न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना | २५ |
| ४.२.८ | मुद्दा प्रवाह व्यवस्थापन पद्धति नीति | २६ |
| **परिच्छेद पाँच**<br>**लगातार सुनुवाइ सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास** | | |
| ५.१ | शीघ्र कारवाही अदालत | २७ |
| ५.१.१ | भारतीय अभ्यास | २७ |
| ५.१.२ | फिलिपिन्सको अभ्यास | २८ |
| ५.१.३ | जर्जियाको अभ्यास | २९ |
| ५.१.४ | संयुक्त अधिराज्यको अभ्यास | ३० |
| ५.१.५ | अमेरिकी अभ्यास | ३१ |
| **परिच्छेद छ**<br>**न्यायिक अभ्यास** | | |
| ६.१ | जिल्ला अदालतको अभ्यास | ३२ |
| ६.२ | उच्च अदालतको अभ्यास | ३२ |
| ६.३ | सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण | ३२ |
| ६.३.१ | अधिवक्ता ज्योति पौडेल समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत | ३३ |
| ६.३.२ | अधिवक्ता उमा तमाङ्ग समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत | ३३ |
| **परिच्छेद सात**<br>**तथ्याङ्क विश्लेषण** | | |
| ७.१ | मुद्दा फछ्र्यौट र फछ्र्यौटको अवधि | ३६ |
| ७.२ | लगातार सुनुवाइको कार्यान्वयन सम्बन्धी अभ्यास | ४० |
| ७.३ | लगातार सुनुवाइ सम्बन्धी छुट्टै फाँट, छुटै दर्ता तथा छुटै सुनुवाइको प्रयोग | ४० |
| ७.४ | लगातार सुनुवाइमा बन्द इजलासको प्रयोग | ४१ |
| ७.५ | लगातार सुनुवाइमा गोपनियता कायम सम्बन्धी | ४२ |
| ७.६ | जघन्य र गम्भीर किसिमका मुद्दाको सुनुवाइमा शीघ्रता भए नभएको | ४३ |
| ७.७ | फैसला गर्ने अधिकारीले लगातार सुनुवाइको कार्यान्वयनप्रति दिइएको ध्यान | ४३ |
| ७.८ | लगातार सुनुवाइ गर्नुपर्ने मुद्दामा न्यायाधीशले थुनछेक आदेशमा गर्ने व्यहोरा उल्लेखन | ४४ |
| ७.९ | आदेशमा लगातार सुनुवाइ हुने व्यवहोरा उल्लेखन हुँदाको अवस्था | ४५ |

| | | |
|---|---|---|
| ७.१० | अभियोजनपत्र दर्ता गर्दा कै अवस्थामा बकपत्रको लागि साक्षीको उपस्थिति सम्बन्धी अभ्यास | ४५ |
| ७.११ | सरकारवादी फौजदारी मुद्दामा लगातार सुनुवाइमा राख्नको लागि अभिजोनपक्षको अनुरोध | ४६ |
| ७.१२ | सरकारवादी फौजदारी मुद्दालाई लगातार सुनुवाइमा राख्नको लागि प्रतिवादीका कानून व्यवसायीको अनुरोध | ४७ |
| ७.१३ | लगातार सुनुवाइमा बार, सरकारी वकील र प्रहरीको सहयोग र समन्वय | ४७ |
| ७.१४ | लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुनुमा जिम्मेवार पक्ष | ४८ |
| ७.१५ | न्याय प्रशासनभित्र लगातार सुनुवाइलाई दिइएको महत्व | ४८ |
| ७.१६ | लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुँदा न्याय प्रशासनमा पर्ने प्रभाव | ४९ |
| ७.१७ | पीडितलाई अन्तरिम क्षतिपूर्ति राहत उपलब्धता | ४९ |
| ७.१८ | लगातार सुनुवाइ प्रकृया अन्तर्गत मुद्दाको किनारा गर्दाको उपयुक्त समयावधि | ५० |
| ७.१९ | लगातार सुनुवाइ सम्बन्धी निर्देशिकाको आवश्यकता | ५१ |
| ७.२० | आफू आवद्ध रहेको जिल्ला अदालतमा लगातार सुनुवाइको पद्धतिको प्रयोग | ५१ |
| ७.२१ | लगातार सुनुवाइमा राखिनु उपयुक्त हुने मुद्दाहरू | ५२ |
| ७.२२ | मुद्दा दर्ता भएबाट फैसला भएको समयावधि | ५२ |
| ७.२३ | मुद्दाको सुनुवाइको प्राथमिकता निर्धारण | ५३ |
| ७.२४ | लगातार सुनुवाइको मुद्दा हटाउने (स्थगन) को अभ्यास | ५३ |
| ७.२५ | लगातार सुनुवाइको कार्यन्वयनमा देखिएका समस्याहरू | ५३ |
| ७.२६ | समस्या समाधानका लागि सुझावहरू | ५५ |
| **परिच्छेद आठ<br>लगातार सुनुवाइमा अपनाउनुपर्ने कार्यविधि** | | |
| ८.१ | निकायगत रुपमा अपनाउनु पर्ने कार्यविधि | ५७ |
| ८.१.१ | लगातार सुनुवाइका मुद्दामा जिल्ला प्रहरी कार्यालयले गर्नुपर्ने कार्यहरू | ५७ |
| ८.१.२ | लगातार सुनुवाइका मुद्दामा जिल्ला सरकारी वकील कार्यालयले गर्नुपर्ने कार्यहरू | ६० |
| ८.१.३ | लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरूमा कानून व्यवसायीको भूमिका | ६१ |
| ८.१.४ | लगातार सुनुवाइका मुद्दामा जिल्ला अदालतले गर्नुपर्ने कार्यहरू | ६२ |
| ८.१.५ | लगातार सुनुवाइका मुद्दामा सरोकारवाला निकायले संयुक्त रुपमा ध्यानदिनु पर्ने कुराहरू | ६४ |
| ८.१.६ | साक्षी संरक्षण गर्ने कार्यविधि | ६५ |
| ८.१.७ | लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरूमा पीडित, साक्षी तथा पक्षहरूको भूमिका | ६६ |
| ८.१.८ | लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरूमा विशेषज्ञको भूमिका | ६७ |
| ८.१.९ | लगातार सुनुवाइ सम्बन्धी कार्यविधिको प्रयोगमा देखिएका अन्य कुराहरू | ६७ |

| | | |
|---|---|---|
| ८.१.१० | लगातार सुनुवाइ गर्दा अपनाइने मुख्य मुख्य कार्य र जिम्मेवारी | ६९ |
| | **परिच्छेद नौ**<br>**निष्कर्ष र सुझाव** | |
| ९.१ | निष्कर्ष | ७१ |
| ९.१.१ | मौजुदा कानूनी कार्यान्वयको समग्र स्थिति | ७१ |
| ९.१.२ | शीघ्र कारवाही अदालत | ७२ |
| ९.१.३ | समस्या एवम चुनौतीहरू | ७२ |
| ९.२ | सुझाव | ७३ |
| | **अनुसूची** | |
| अनुसूची १ | प्रश्नावली | ७५ |
| अनुसूची २ | उत्तरदाता (Respondent) को विवरण | ७९ |
| सन्दर्भ सामग्री | | ८० |

# तालिकाको सूची


| तालिका नं. | विषय | पृष्ठ नं. |
| --- | --- | --- |
| तालिका नं.१ | काठमाडौं जिल्ला अदालतको मुद्दा दर्ता र फछ्र्यौट | ३६ |
| तालिका नं.२ | ललितपुर जिल्ला अदालतको मुद्दा दर्ता र फछ्र्यौट | ३७ |
| तालिका नं.३ | भक्तपुर जिल्ला अदालतको मुद्दा दर्ता र फछ्र्यौट | ३७ |
| तालिका नं.४ | फछ्र्यौट हुन लागेको अवधि (काठमाडौं जिल्ला अदालत) | ३८ |
| तालिका नं.५ | फछ्र्यौट हुन लागेको अवधि (ललितपुर जिल्ला अदालत) | ३९ |
| तालिका नं.६ | फछ्र्यौट हुन लागेको अवधि (भक्तपुर जिल्ला अदालत) | ३९ |

# चित्रको सूची


| चित्र नं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| चित्र नं. १ | तपाइको अनुभवमा मुद्दाको लगातार सुनुवाइको कार्यान्वयन कसरी भएको छ? | ४० |
| चित्र नं. २ | लगातार सुनुवाइ सम्बन्धी छुट्टै फाँट, छुटै दर्ता, छुटै सुनुवाइको प्रयोग भएको छ कि छैन? | ४१ |
| चित्र नं. ३ | यस्तो सुनुवाइमा बन्द इजलासको प्रयोग भएको छ कि छैन? | ४२ |
| चित्र नं. ४ | यस्तो सुनुवाइमा गोपनियता कायम भएको छ कि छैन? | ४२ |
| चित्र नं. ५ | जघन्य र गम्भीर किसिमका मुद्दाको सुनुवाइ के कति छिटो छरितो रुपमा भईरहेको छ ? | ४३ |
| चित्र नं. ६ | फैसला गर्ने अधिकारीले लगातार सुनुवाइको कार्यान्वयनप्रति कत्तिको ध्यान दिएको अनुभव गर्नुभएको छ? | ४४ |
| चित्र नं. ७ | लगातार सुनुवाइ गर्नुपर्ने मुद्दामा न्यायाधीशले थुनछेक आदेशमा गर्ने कुनै व्यहोरा उल्लेख गरेको पाइन्छ वा पाइन्दैन? | ४४ |
| चित्र नं. ८ | अभियोजनपत्र साथ साक्षी उपस्थित गराई बकपत्र गरिएको छ कि छैन? | ४६ |
| चित्र नं. ९ | सरकारवादी फौजदारी मुद्दालाई लगातार सुनुवाइमा राख्नको लागि अभिजोनपक्षले अनुरोध गर्ने गरेको तपाईले पाउनुभएको छ /छैन? | ४६ |
| चित्र नं. १० | सरकारवादी फौजदारी मुद्दालाई लगातार सुनुवाइमा राख्नको लागि प्रतिवादीका कानून व्यवसायीले अनुरोध गर्ने गरेको तपाईले पाउनु भएको छ / छैन? | ४७ |
| चित्र नं. ११ | यस्तो सुनुवाइमा बार, सरकारी वकील र प्रहरीको सहयोग एवं समन्वय कस्तो छ? | ४८ |
| चित्र नं. १२ | लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुनुमा कसलाई बढी जिम्मेवार मान्नुहुन्छ? | ४८ |
| चित्र नं. १३ | न्याय प्रशासनभित्र लगातार सुनुवाइलाई कतिको महत्व दिइएको पाउनुभएको छ? | ४९ |
| चित्र नं. १४ | लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुँदा न्याय प्रशासनमा कस्तो प्रभाव पर्ने ठान्नु हुन्छ? | ४९ |
| चित्र नं. १५ | यस्ता मुद्दामा पीडितलाई अन्तरिम क्षतिपूर्ति राहत उपलब्ध गरिएको छ कि छैन? | ५० |
| चित्र नं. १६ | लगातार सुनुवाइ प्रकृया अन्तर्गत कति समयमा मुद्दाको किनारा लगाइनु उपयुक्त हुन्छ? | ५० |
| चित्र नं. १७ | लगातार सुनुवाइ सम्बन्धी निर्देशिकाको आवश्यकता छ/छैन? | ५१ |

# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष प्रभावकारी र जनउत्तरदायी बनाउने संकल्प गरेको छ।[१] छिटो छरितो र पहुँचयोग्य न्याय सबै नागरिकको सार्वभौम अधिकार हो।[२] राज्यमा सबै नागरिकका लागि छिटो छरितो र सहज न्याय प्राप्तिको सुनिश्चितता गर्नु न्यायपालिकाको प्रमुख लक्ष्य समेत रहेको छ। न्याय सम्पादन स्वच्छ, निष्पक्ष, छिटो छरितो, सहज, नागरिकको पहुँचयुक्त र प्रभावकारी बनाउने उद्देश्यले नेपालको न्यायपालिकामा सुधारका प्रयासहरू लगातार रुपमा हुँदै आएको पाइन्छ। यसै सिलसिलामा स्वच्छ र शीघ्र सुनुवाइ एवम् न्यायमा सहज पहुँचको अवधारणालाई कार्यान्वयन गर्ने उपायको रुपमा कार्यविधि कानुनको क्षेत्रमा विकास भएको नवीन अभ्यासको रुपमा लगातार सुनुवाइ प्रक्रिया एक रहेको छ।

वास्तवमा ढिलो न्याय दिनु न्याय नदिनु सरह मानिन्छ। वेलायतका दार्शनिक William E. Gladston ले यसै विषयलाई संकेत गर्दै भनेका थिए "न्यायमा ढिलाई गर्नु न्याय नदिनु बराबर *(Justice Delayed Justice Denied)* हो"[३]। यही विश्वव्यापी न्यायिक मान्यताको सुनिश्चितताका लागि न्याय सम्पादन गर्ने निकायहरूले न्याय सम्पादनका प्रक्रिया र संरचनाहरूलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। न्यायिक प्रक्रियालाई पीडितमैत्री बनाई छिटो छरितो र सर्वसुलभ तरिकाबाट न्याय सम्पादन गर्नुपर्ने हुन्छ। मुद्दाको प्रकृया अनुचित रुपले लम्बिन नदिन र पीडित एवं अभियोजित व्यक्ति स्वयमलाई समेत न्यायको अनुभूति दिलाउन छिटो छरितो सुनुवाइ आवश्यक मानिन्छ। यसको समुचित व्यवस्थापन सम्बन्धी उपायका रुपमा लगातार सुनुवाइको व्यवस्था एउटा महत्वपूर्ण कडी हो।

लगातार सुनुवाइको व्यवस्था र अभ्यास धेरै देशहरूमा हुँदै आएता पनि यसको कुनै निश्चित एवं विश्वव्यापी परिभाषा भने पाईन्न। पीडित वा साक्षीलाई तुरुन्त अदालतमा उपस्थित गराई बकपत्र गराउन नसक्दा समयको अन्तरालमा घटनाको महत्वपूर्ण तथ्यहरू बिर्सने, अभियुक्त एवं अन्य पक्षहरूबाट अनुचित प्रभावहरू परी पीडित एवं साक्षीहरू प्रतिकूल बन्ने तथा कतिपय अवस्थामा प्रमाणहरू लोप हुनगई न्याय सम्पादनमा प्रतिकूल प्रभाव पर्न सक्ने सम्भावना रहन्छ। यसमा सबैभन्दा खतरा त पीडितलाई पीडक पक्षबाट आउने डर, त्रास र धम्की नै हो। यस अवस्थालाई ध्यानमा राखी अवलम्बित कार्यविधिमा केही तोकिएका मुद्दाहरूमा उजुरी वा अभियोगपत्र दायर हुनासाथ प्रमाण बुझ्ने प्रक्रियालाई टुट्न नदिई निरन्तरता दिई छिटो फैसला गर्ने नीति लिइएको हुन्छ। यसरी मुद्दाको कारवाही लगातार रुपमा गरी फैसला गर्ने प्रक्रियालाई नै मुद्दाको लगातार सुनुवाइ पद्धति अर्थात् निरन्तर सुनुवाइ पद्धति (Continuous Hearing System (CHS)) भनिन्छ।

---

१ मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधार बारेमा अध्ययन प्रतिवेदन, २०७२।

२ महिला, कानून र विकास (FWLD), मानव बेचबिखन तथा ओसारपसार अपराधका मुद्दाहरूमा अपनाउनु पर्ने अदालतीय कार्यविधि सम्बन्धी नीति वकालत पत्र, २०७०। हेर्नुहोस् https://fwld.org/wp-content/uploads/2016/07/Policy-Advocacy-Paper-on-court-proceeding-to-be-applied-in-cases-of-human-trafficking-and-transport.pdf।

३ David C Steelman, Case flow Management, p xi, NCSC (2000)।

सक्षम न्यायिक निकायबाट छिटो छरितो न्याय पाउने अधिकार मुद्दाका पक्षहरूको न्यायसम्बन्धी अधिकार हो। तसर्थ मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८[४], नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६[५], मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि, १९६९[६], मानव अधिकारसम्बन्धी युरोपीयन महासन्धि, १९५०[७] र मानव अधिकार सम्बन्धी अफ्रिकी महासन्धि[८] लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरुले न्यायोचित समयावधिभित्र सुनुवाइ गरी पाउने अधिकार र अनुचित विलम्ब विना सुनुवाइ गरी पाउने हकको प्रत्याभूति गरेको पाइन्छ।

यसैगरी नेपालको सन्दर्भमा न्यायपालिकाको सुधारका कार्यहरूलाई व्यवस्थित रुपमा अगाडि बढाउन "छिटोछरितो न्याय सबैको लागि न्याय" भन्ने मूल उद्देश्य लिएको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। नेपालमा योजनावद्ध रुपमा न्याय सम्पादन गर्ने उद्देश्यका साथ वि.स. २०६१ सालमा प्रथम पञ्चवर्षीय रणनीतिक योजना लागू भई हाल न्यायपालिकाको चौथो पञ्वर्षीय रणनीतिक योजना कार्यान्वयन भइरहेको छ। तेस्रो रणनीतिक योजना (२०७१।०७२-२०७५।७६) मा "छिटो छरितो न्याय सबैका लागि न्याय" भन्ने मूलमन्त्रका साथ योजना कार्यान्वयन गर्रिदै आएको छ। त्यस्तै विगतमा केही गम्भीर प्रकृतिका मुद्दाहरूको सुनुवाइ पद्धतिलाई प्रभावकारी बनाउन जिल्ला अदालत नियमावली २०५२[९] ले मुद्दाको लगातार सुनुवाइ गरिनुपर्ने अवधारणा अवलम्बन गरिएको थियो। तोकिएका सरकारवादी फौजदारी मुद्दाको हकमा मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५ लागू भएपछि जिल्ला अदालत नियमावली, २०७५ मा सो व्यवस्था नराखी मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५ को नियम ९६ मा मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिने भन्ने व्यवस्था राखिएको छ। उक्त नियमको अनुसूची ३० मा सूचीकृत भएका नेपाल सरकारवादी भई चलेको फौजदारी मुद्दाको हकमा सबै प्रतिवादी उपस्थित गराइएकोमा वा प्रतिवादी उपस्थित हुने अवधि समाप्त भएपछि लगातार कारबाही र सुनुवाइ गरी किनारा गरिनेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ[१०]। साथै, सर्वोच्च अदालतले लगातार सुनुवाइ सम्बन्धी व्यवस्थाहरू कार्यान्वयन गर्न र गराउन परमादेश[११] जारी गरेको हुँदा यो विषय अझै महत्वपूर्ण रहेको छ। महिला तथा बालबालिका पक्ष रहेको देवानी दुनियाँवादी फौजदारी प्रकृतिका केही मुद्दाहरूमा पनि लगातार सुनुवाइ गर्नुपर्ने गरी मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ९६ मा व्यवस्था गरिएको छ। हाम्रो अभ्यासको क्षेत्र हाल सरकारवादी फौजदारी मुद्दामा गरिने लगातार सुनुवाइ सम्बन्धी अभ्यासमा मात्र सिमित रहेको हुँदा सोतर्फ थप विवेचना यस अध्ययनमा गरिएको छैन।

---

[४] मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, धारा ८।

[५] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, धारा ९(३) र १४(३)(ग)।

[६] मानव अधिकारसम्बन्धी अमेरिकी महासन्धि, १९६९, धारा ७(५)।

[७] मानव अधिकारसम्बन्धी युरोपीयन महासन्धि, १९५०, धारा ६(१)।

[८] मानव अधिकार सम्बन्धी अफ्रिकी महासन्धि, धारा ६।

[९] जिल्ला अदालत नियमावली २०५२, नियम २३ग।

[१०] मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५, नियम ९६।

[११] *अधिवक्ता उमा तामाङसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत,* ने.का.प २०७०, नि.नं ९०७८।

अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय कानून र नीतिहरूले अनुमोदन गरेको र सर्वोच्च अदालतले पनि यसको कार्यन्वयनको लागि आवश्यक निर्देशन दिएको हुँदा छिटो छरितो, सहज, पहुँचयुक्त र प्रभावकारी न्याय सम्पादनमा लगातार सुनुवाइको महत्त्व बारे कसैको दुईमत छैन। तर लगातार सुनुवाइसँग सम्बन्धित मौजूदा कानूनको कार्यान्वयन गर्न र गराउनमा विभिन्न चुनौति र समस्याहरू देखिएका छन्। न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका क्रममा भएका विभिन्न अध्ययनहरूबाट सबै प्रकृतिका मुद्दाहरूलाई एकै प्रकारका स्रोत साधन र समय प्रदान गर्नु तथा मुद्दाहरू अदालत र न्यायाधीशको नियन्त्रणभन्दा बाहिर पुग्नु नै मुख्य समस्या हुन् भन्ने देखिएको छ। मुद्दा प्रवाह व्यवस्थापनको प्रमुख चुनौतीका रुपमा पहिचान भएका यी कुराहरूको सम्बोधन हुनुपर्दछ। तर मुद्दामा निहित विषयगत गाम्भीर्यता, पक्ष तथा कानुन व्यवसायीको संलग्नता तथा प्रमाण संकलन र परीक्षण गर्ने कार्यमा रहेको जटिलताजस्ता पक्षहरूलाई मध्यनजर राखी पूर्ण रुपमा फरक फरक मुद्दाका लागि फरक मुद्दा व्यवस्थापन पद्धति अवलम्वन गर्न तथा प्रत्येक मुद्दाका लागि मुद्दा प्रवाहको समय तालिका निर्माण गरी कार्यान्वयन गर्न समेत सकिएको छैन।[१२]

नेपालमा महिला तथा बालबालिका पीडित हुने जबर्जस्ती करणी लगायतका यौन हिंसा सम्बन्धी कसूर र मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित अपराधमा महिला तथा बालबालिका एवम् समाजका सीमान्तकृत वर्गहरू नै बढी मात्रामा पीडित बन्ने गरेको देखिन्छ। यस्ता पीडित वर्गको न्यायसम्मको पहुँचलाई सहज तुल्याउन राज्यको भूमिका अझ बढी रचनात्मक र सहयोगी हुनुपर्दछ। निश्चित रुपमा न्यायपालिका पनि राज्यको जिम्मेदार निकाय भएकोले त्यस्ता कसूरमा पीडितलाई न्याय प्रदान गर्न अदालतले खेल्नुपर्ने भूमिका संवेदनशील रहन्छ। त्यसका लागि सामाजिक सुरक्षाका दृष्टिले समेत गहन किसिमका फौजदारी मुद्दाको सुनुवाइ प्रक्रियालाई अनुचितरूपमा लम्बिन नदिई पीडित एवम् प्रतिवादी स्वयंलाईसमेत न्यायको अनुभूति दिलाउनको लागि मुद्दामा लगातार सुनुवाइ गरेर न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुन्छ। तर यस्ता संवेदनशील मुद्दाहरूको सम्बन्धमा न्यायिक प्रकृया विलम्बकारी भएको, अदालतका प्रक्रिया र संरचनाहरू पीडितमैत्री हुन नसकेको, अदालतका कर्मचारीहरू पीडित प्रति खासै संवेदनशील नभएको, साक्षीहरूको परीक्षण समयमा र ठीक तरिकाले हुन नसकेको, साक्षीको संरक्षण गर्न नसक्दा प्रमाण लोप हुने वा पीडित विपरीत (hostile) रुपमा प्रयोग हुने गरेको, अभियुक्तहरू फरार रहने र साक्षीहरू उपस्थित नरहने गरेको तथा घटना र साक्षी परीक्षणबिच लामो समयको अन्तर रहने गरेको एवं मुद्दाको दायरी र सुनुवाइबिच पनि लामो समयको अन्तराल रहने गरेको जस्ता कारणहरूले गर्दा प्रभावकारी ढंगले न्याय सम्पादन हुन नसकी यसले अन्तत्वगोत्वा लगातार सुनुवाइको पद्धतिमा प्रतिकूल प्रभाव पारेको देखिन्छ।

---

[१२] टेकनारायण कुँवर, "*छिटो छरितो न्याय र मुद्दाको निरन्तर सुनुवाइ पद्धति*", त्रैमासिक भर्डिक्ट, वर्ष १ अंक २, २०७३, लयर्स फोरम नेपाल।

अतः माथि वर्णित पृष्ठभूमिमा प्रस्तुत अध्ययन लगातार सुनुवाइ सम्बन्धी अवधारणागत पक्ष, अन्तर्राष्ट्रिय दस्तावेज, नेपालको संवैधानिक र कानूनी व्यवस्था, यसको कार्यन्वयनको अवस्था र कार्यान्वयनमा देखिएका चुनौति, समस्या र सुधारका क्षेत्रहरूमा केन्द्रित रहनेछ।

## १.२ अनुसन्धानको आवश्यकता

न्याय सम्पादन प्रक्रियालाई नतिजामुखी बनाउन एवं अपराध पीडित र साक्षीको संरक्षण गर्न गम्भीर किसिमका विवादहरूको कारवाही र किनारा प्रभावकारी रुपमा गरिनु पर्दछ। नागरिकहरूबाट मुलुकको न्याय सम्पादन पद्धति एवम् फौजदारी न्याय प्रणालीप्रति विश्वासको वातावरण निर्माण गर्नका लागि समेत लगातार सुनुवाइको अभ्यासलाई स्वीकार गरिएको हो। विगतमा लगातार सुनुवाइ पद्धतिलाई नियमन गर्न जिल्ला अदालत नियमावली, २०५२ को आठौं संशोधनले नियम २३(ग) थप गरी जघन्य र गम्भीर किसिमका केही फौजदारी मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिने व्यवस्थालाई अङ्गीकार गरेको थियो। उक्त संशोधनले अनुसूची ४(ख) समेत थप गरी लगातार कारवाही र सुनुवाइ गरिने मुद्दाहरूको सूची तोकिएको थियो। सो सूचीमा ९ प्रकारका मुद्दाहरू र सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरूमा लगातार कारवाही र सुनुवाइ गर्न सक्ने गरी सो व्यवस्थाको दायरालाई फराकिलो बनाएको थियो। वि. सं. २०७५ मा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लागू भएपछि मुलुकी मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ लागू भयो। उक्त नियमावलीमा सरकारवादी फौजदारी मुद्दामा लगातार सुनुवाइ सम्बन्धी व्यवस्था त राखियो तर मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ मा लगातार सुनुवाइ सम्बन्धी व्यवस्थामा केही संकुचन गरी तत् सम्बन्धी प्रावधान राखिएको देखिन्छ। उक्त नियमावलीको अनुसूची ३० मा लगातार कारवाही र सुनुवाइ गरिने मुद्दाहरूको सूची रहेको छ। त्यसमा जम्मा ३ प्रकारका कसूरमा मात्र लगातार सुनुवाइ गर्ने सकिने व्यवस्था राखिएको छ र यो सूची साबिकको सूचीभन्दा छोटो रहेको छ।

लगातार सुनुवाइको आवश्यकता र यसको कार्यन्वयनको सम्बन्धमा सर्वोच्च अदालतले महिला र न्यायिक प्रक्रियामा जहिले पनि जोखिममा रहेका बालबालिकाजस्ता संवेदलशील वर्गहरू संलग्न भएका मुद्दाहरूको हकमा छिटो छरितो र सुलभ न्याय दिनुपर्ने हुन्छ। यही तथ्यलाई मनन गरी सर्वोच्च अदालतले वि. सं. २०६६ सालमा एउटा शीघ्र कारवाही अदालत (Fast Track Court) गठन गर्न सम्बन्धित कार्यलयका नाममा निर्देशनात्मक आदेश जारी भएको थियो।[१३] त्यस्तै जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ग को प्रावधानको कार्यन्वयनको सम्वन्धमा सर्वोच्च अदालतका माननीय न्यायाधीशद्वय श्री कल्याण श्रेष्ठ र श्री बैद्यनाथ उपाध्यायको संयुक्त इजलासबाट वि. सं. २०७० श्रावण १६ गते लगातार कारवाही र सुनुवाइ सम्बन्धी कानूनी व्यवस्थाको प्रयोगलाई ऐच्छिक रुपमा नभई अनिवार्य रुपमा सबै जिल्ला अदालतहरूलाई कार्यान्वयन गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी गरेको थियो।[१४]

---

[१३] *अधिवक्ता ज्योति पौडेल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत,* ने.का.प २०६६, नि.नं ८२८२।

[१४] *अधिवक्ता उमा तामाङसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत,* ने.का.प २०७०, नि.नं ९०७८।

यसरी लगातार सुनुवाइसँग सम्बन्धित नेपालको मौजुदा कानूनमा रहेका व्यवस्थाहरूको प्रयोग र यसको कार्यन्वयनको क्रममा देखिएका समस्या तथा चुनौतिको सम्बन्धमा हासम्म कुनै पनि व्यवहारिक र वैज्ञानिक अध्ययन तथा अनुसन्धान भने भएको पाइँदैन। यस सन्दर्भमा यस विषयमा अनुसन्धान हुनु आवश्यक रहेको देखिन्छ। उक्त निर्देशनहरूको कार्यान्वयन अवस्थाको सम्बन्धमा पनि अहिलेसम्म कुनै अध्ययन तथा अनुसन्धान भएको पाइन्न। यस परिपेक्षमा यो विषयमा अनुसन्धान गरिनु आवश्यक छ। अतः प्रस्तुत अनुसन्धान न्याय सम्पादन कार्यमा संलग्न न्यायाधीश, सरकारी वकील, अपराध अनुसन्धानकर्ता (प्रहरी), प्रतिरक्षी कानून व्यवसायी, न्याय र कानूनका अनुसन्धानकर्ता, कानूनका विद्यार्थी, फौजदारी कसूरका पीडित तथा प्रतिवादीहरू, साक्षीहरू एवं कानून र न्यायको क्षेत्रमा कार्यरत सम्पूर्ण व्यक्तिहरू तथा यस विषयमा जिज्ञासा राखु हुने सबैको लागि एउटा महत्वपूर्ण अध्ययन सामग्री मात्र नभइ मार्गदर्शकको रुपमा रहने छ भन्ने विश्वास गरिएको छ।

## १.३ अध्ययन समूह

यस प्रतिष्ठानको अनुसन्धान सम्बन्धी कार्य सञ्चालन नीति, २०७२ को नीति (४) बमोजिम गठित अनुसन्धान समितिको मिति २०७९।०८।१५ गतेको निर्णय बमोजिम **"लगातार सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन"** विषयमा निम्न सदस्यहरू रहेको अध्ययन समूह गठन गरिएको थियो:-

- माननीय न्यायाधीश श्री टेकनारायण कुँवर, न्यायाधीश/फ्याकल्टी — संयोजक
- श्री निमा घिमिरे, उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय — सदस्य
- श्री रोजर श्रेष्ठ, प्रशिक्षण व्यवस्थापन अधिकृत — सदस्य

उपर्युक्त बमोजिम गठित अध्ययन समूहमा रहनु भएका श्री रोजर श्रेष्ठले समूहमा रही अनुसन्धान कार्य गर्न असमर्थता व्यक्त गरेको हुँदा निजको सट्टामा यस समूहमा प्रतिष्ठानका प्रशिक्षण व्यवस्थापन अधिकृत श्री कविता सिलवाललाई नियुक्त गरी अनुसन्धान कार्य सम्पन्न गरिएको छ।

## १.४ समस्याको पहिचान

यस अनुसन्धानको लागि मुख्य मुख्य समस्याको पहिचान यस प्रकार रहेको छः-

(क) वर्तमान अवस्थामा लगातार सुनुवाइ सम्बन्धी कानून, नीति तथा संस्थाको कार्यसम्पादनको अवस्था कस्तो रहेको छ ?

(ख) लगातार सुनुवाइ सँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी दस्तावेज र अभ्यासहरू के-कस्तो रहेका छन्?

(ग) आगमी दिनमा यस कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्न के गर्न सकिन्छ?

## १.५ अनुसन्धानको उद्देश्य

(क) लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाको सम्बन्धमा विद्यमान कानूनी व्यवस्था कार्यान्वयको समग्र स्थितिका सम्बन्धमा जानकारी प्राप्त गर्ने,

(ख) सर्वोच्च अदालतबाट लगातार सुनुवाइ सम्बन्धी मुद्दाको सन्दर्भमा प्रतिपादित न्यायिक सिद्धान्त कार्यान्वयनको अवस्था सर्वेक्षण गरी सुधारका क्षेत्र पहिचान गर्ने,

(ग) लगातार सुनुवाइ सम्बन्धी कानून कार्यान्वयनमा देखिएका समस्या र चुनौतिहरूको पहिचान गरी सुधारका लागि सुझाव पेश गर्ने।

## १.६ अनुसन्धानको सीमा र अध्ययन पद्धति

प्रस्तुत अध्ययनमा काठमाडौं उपत्यकाभित्रका तीन वटा जिल्ला अदालतहरू, काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतलाई छनौट गरिएको छ। यी मध्ये काठमाडौं जिल्ला अदालत मुलुकको सबैभन्दा ठूलो अदालत हो। आ.व. २०७८/०७९ मा यस अदालतमा सबैभन्दा बढी अर्थात २९,६०० मुद्दाको लगत[१५] रहेको छ। लगातार सुनुवाइ अन्तर्गत हेरिने मुद्दा मध्ये यी जिल्ला अदालतहरूबाट आर्थिक बर्ष २०७५/२०७६ देखि २०७८/०७९ सम्म जम्मा चार आर्थिक वर्षलाई आधार लिइ अनुसन्धान गरिएको छ। प्रस्तुत अध्ययनमा मूलतः जबरजस्ती करणी विषयक मुद्दामा केन्द्रित भई उल्लिखित अवधिको लगातार सुनुवाइ स्थिति बारे अध्ययन विश्लेषण गरिएको छ। जिल्ला अदालतका माननीय न्यायाधीश, सरकारी वकील, न्याय सेवाका अधिकृत तथा कानून व्यवसायीहरूलाई लक्षित गरी २६ वटा प्रश्न लिखित रुपमा प्रस्तुत गरी उक्त अवधिको लगातार सुनुवाइको अवस्था हेर्न खोजिएको छ। यस अध्ययनमा मूलतः विश्लेषणात्मक तथा अधारणागत (Non-Doctrinal/Empirical) अनुसन्धान पद्धतिलाई अवलम्बन गरिएको छ। यसका साथै लगातार सुनुवाइको अवस्था हेर्नका लागि प्रश्नावलीमा आधारित google form मार्फत अनलाइन (online) प्रश्नावली विधिसमेत अपनाइएको छ।

प्रस्तुत अनुसन्धानमा प्राथमिक तथ्याङ्कीय स्रोतहरूबाट अन्तर्राष्ट्रिय दस्तावेज, नेपालको संविधान, प्रचलित ऐन र नियम, जिल्ला अदालतहरूबाट गरिएका फैसलाहरू र जिल्ला न्यायाधीश, अदालतका अधिकृत, सरकारी वकील तथा कानून व्यवसायीहरूसँग प्रश्नावली विधि अवलम्बन गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ।

यसका साथै, द्वितीय तथ्याङ्कीय स्रोतको लागि विभिन्न लेख, समाचार, पुस्तक, पूर्व अध्ययन प्रतिवेदन तथा अनुसन्धान कृतिहरूबाट प्राप्त लगातार सुनुवाइ सम्बन्धमा विभिन्न सूचना तथा तथ्याङ्क गौण तथ्याङ्कको रुपमा संकलन गरिएको छ। यसरी प्राथमिक तथा द्वितीय तथ्याङ्कीय स्रोतहरूबाट संकलित तथ्याङ्क तथा सूचनाहरूलाई प्रशोधन तथा विश्लेषण गरी आवश्यकतानुसार विभिन्न तालिका, चार्ट तथा स्तम्भ चित्रहरूमा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ।

[१५] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७८/०७९, पृष्ठ ७१।

### १.७ अनुसन्धानको संरचना

प्रस्तुत अनुसन्धान प्रतिवेदनलाई नौ वटा परिच्छेदहरूमा देहाय बमोजिम विभाजन गरिएका छन्ः-

परिच्छेद-एकः यस परिच्छेदमा अनुसन्धानको पृष्ठभूमि, अनुसन्धानको आवश्यकता, अनुसन्धान समूह, समस्याको पहिचान, अनुसन्धानको उद्देश्य, अनुसन्धानको सीमा र अनुसन्धान पद्धति तथा अनुसन्धान प्रतिवेदनको संरचना समावेश गरिएको छ।

परिच्छेद-दुईः यस परिच्छेदमा लगातार सुनुवाइ सम्बन्धी पूर्व अध्ययनको समीक्षा सम्बन्धमा चर्चा गरिएको छ।

परिच्छेद-तीनः यस परिच्छेदमा लगातार सुनुवाइ सम्बन्धी आवधारणागत पक्षबारे उल्लेख गरिएको छ। यस अन्तर्गत लगातार सुनुवाइको अवधारणा, लगातार सुनुवाइको उद्देश्य तथा लगातार सुनुवाइ सम्बन्धी मुद्दाका सरोकारवालाहरूको बारेमा जानकारी गराइएको छ।

परिच्छेद-चारः यस परिच्छेदमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था बारे जानकारी गराइएको छ। यस अन्तर्गत अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, नेपालको संवैधानिक व्यवस्था तथा लगातार सुनुवाइ सम्बन्धी नेपालका ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरू राखिएको छ।

परिच्छेद-पाँचः यस परिच्छेमा लगातार सुनुवाइ सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास अन्तर्गत शीघ्र कारवाही अदालत बारे भारत, फिलिपिन्स, जर्जिया, संयुक्त अधिराज्य र अमेरिकको अभ्यास बारे चर्चा गरिएको छ।

परिच्छेद-छः यस परिच्छेदमा न्यायिक अभ्यास अन्तर्गत जिल्ला तथा उच्च अदालतको अभ्यास र सर्वोच्च अदालतबाट प्रतिपादित दुई वटा नजिरहरूको बारेमा चर्चा गरिएको छ।

परिच्छेद-सातः यस परिच्छेदमा तथ्याङ्क विश्लेषण गरिएको छ। यसमा विभिन्न शिर्षकमा प्राप्त भएका तथ्याङ्कको आधारमा लगातार सुनुवाइको हालको अवस्थाबारे विश्लेषण गरिएको छ।

परिच्छेद-आठः यस परिच्छेदमा लगातार सुनुवाइमा अपनाउनुपर्ने कार्यविधिल अन्तर्गत विभिन्न निकायहरूले लगातार सुनुवाइका सन्दर्भमा अपनाउनु पर्ने कार्यविधि, भूमिका तथा ध्यान दिनुपर्ने कुराहरूका बारे चर्चा गरिएको छ।

परिच्छेद-नौः यो अन्तिम परिच्छेदमा निष्कर्ष र सुझाव रहेको छ। यसमा अनुसन्धानबाट निस्किएको निष्कर्ष, देखिएका समस्या एवम चुनौतीहरू पहिचान गरी सुधारका क्षेत्रहरू औंल्याउँदै सुझावहरू बुँदागत रुपमा उल्लेख गरिएको छ।

यस अनुसन्धानमा दुई वटा अनुसूचीहरू, पहिलो अनुसूचीमा अनुसन्धानका क्रममा सोधिएका प्रश्नावली तथा दोस्रो अनुसूचीमा उत्तरदाता (Respondent) को समूह (Cluster) तथा संख्या रहेको छ। यसका साथै तथ्याङ्कहरू विश्ललेषणका लागि प्रस्तुत गरिएका तालिका, चार्ट तथा स्तम्भ चित्रहरूको सूची पनि यसमा संलग्न गरिएको छ। त्यसैगरी अनुसन्धानको क्रममा हेरिएका सन्दर्भ सामग्रीहरू अनुसन्धान प्रतिवेदनको अन्त्यमा राखिएको छ।

# परिच्छेद दुई
# पूर्व अध्ययनको समीक्षा

## २.१ पूर्व अध्ययन / अनुसन्धान

लगातार सुनुवाइको व्यवस्था नेपालको सन्दर्भमा अब नवीनतम कानूनी अवधारणा नभएता पनि हालसम्म यस विषयमा पर्याप्त मात्रामा अध्ययन तथा अनुसन्धान भने भएका छैनन्। यद्यपि यस अध्ययनको सन्दर्भमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने उपलब्ध भएसम्मको पूर्व अध्ययन सामग्रीहरूको रुपमा राष्ट्रिय स्तरमा प्रकाशित विभिन्न अनुसन्धानमूलक लेखहरू र सम्बन्धित नजीरहरूलाई देहायका बुदाँहरूमा संक्षिप्त रुपमा समीक्षा गरिएको छः-

(क) सर्वोच्च अदालतमा परेका मुद्दाहरूमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपाय सम्वन्धमा गरिएको अध्ययनको प्रतिवेदन, २०६०

यस प्रतिवेदनमा मुद्दा प्रवाह व्यवस्थापनमा सुधार गरी छिटो छरिटो न्याय गर्नको लागि देहायका सुझावहरू प्रस्तुत गरिएको पाइन्छः-

- मुद्दा (रिट समेत) लाई विषयगत आधारमा वर्गीकरण गरी फाँट व्यवस्था तथा कजलिष्ट व्यवस्था गर्ने।
- रिट निवेदन वा अन्य केही खास प्रकृतिका मुद्दामा ठहर गर्नुपर्ने कानूनी प्रश्न पत्ता लगाई मुद्दाको समूह विभाजन गर्ने कार्यका लागि विशेषज्ञ समूह रहेको एउटा कार्यदल गठन गरी ३ महिना भित्र कार्य सम्पन्न गराउन पर्ने।
- मुद्दा पहिल्याउने पद्धति (Case Tracking System) लाई प्रभावकारी बनाउनको लागि भरपर्दो प्रक्रिया सहितको कम्प्युटर सञ्जाल निर्माण गर्ने।
- सर्वोच्च अदालतमा सानातिना मुद्दाले सहज प्रवेश नपाउने गर्न केही मुद्दा उच्च अदालतवाट नै हद मुनी हुने र प्रशासकीय प्रकृतिका मुद्दा हेर्ने प्रशासकीय अदालतको नयाँ ढङ्गवाट गठन र क्षेत्राधिकार तोक्ने व्यवस्था गर्ने गरी कानून संशोधन / तर्जुमा प्रकृया अगाडि बढाउनु पर्ने।
- म्याद तामेल गर्ने प्रकृयामा टेलेक्स, फ्याक्स, ईमेल जस्ता विद्युतीय माध्यम वा हुलाक रजिष्ट्री तथा पत्रपत्रिकामा सूचना प्रकाशन गरेर पनि म्याद तामेल भएको मानिने र तामेल हुन सक्ने कार्यविधि निर्धारण गर्न कानूनमा संशोधन गर्नु पर्ने।
- दोहोर्याई पाउँ भन्ने निवेदनका सिलसिलामा समवन्धित शुरु र पुनरावेदन तहको रेकर्ड मिसिल झिकाउन सह रजिष्ट्रार तहको अधिकृतले सक्ने गरी नियममा व्यवस्था गर्ने।
- रिट निवेदनमा निवेदक, विपक्षी दुवैवाट मुद्दाको Brief लिई एक अर्का पक्षलाई पठाई अन्तिम रुपमा Brief तयार गरी ठहर गर्नु पर्ने प्रश्न निर्धारण गर्ने परिपाटी नियममा व्यवस्था गर्ने।
- नियमित अदालत प्रयोगकर्ताको परिचय, नाम दर्ताजस्ता कुराहरू व्यवस्थित गर्ने र नियमावलीमा अन्य आवश्यक संशोधन गर्नु पर्ने।

(ख) मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६

यस प्रतिवेदनले फरक फरक मुद्दामा फरक फरक व्यवस्थापन प्रक्रिया अपनाउने पद्धतिलाई व्यवहारमा ल्याउन र अनावश्यक रुपमा अतिरिक्त समयको व्यय हुन नदिई यथासमयमा नै विवादको किनारा लगाउने कुरामा मुद्दा व्यवस्थापन पद्धतिले महत्वपूर्ण योगदान दिन्छ भन्ने तथ्यलाई औंल्याएको पाइन्छ। यस प्रतिवेदनले दिएका केही महत्वपूर्ण सुझाव निम्न छन्:-

- फरक फरक मुद्दामा फरक व्यवस्थापन पद्धति लागू गर्न नयाँ ढङ्गबाट सोच्नुपर्ने।
- न्यायाधीश नियन्त्रित मुद्दा प्रवाह व्यवस्था मिलाउने, समय व्यवस्थापन गर्ने।
- मुद्दा फछ्र्यौटका लागि लाग्ने समयावधि निर्धारण गर्ने।
- व्यवहारिक समय तालिका निर्धारण गर्ने।
- वहस व्यवस्थापन गर्ने।
- कार्य सम्पादन मापदण्ड निर्धारण गर्ने।
- मुद्दा सनुवाइ स्थगनमा नियन्त्रण गर्नुपर्ने, विवादको विषय निर्धारण गर्नुपर्ने, तारेख प्रणालिमा सुधार गर्नुपर्ने, प्रारम्भिक सुनुवाइको व्यवस्था शुरु क्षेत्राधिकारमा गर्ने।
- प्रयोगको रुपमा काठमाडौ जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्ने, सूचना प्रविधिको प्रयोग गर्ने, अनुगमन, निरीक्षण र मूल्याङ्कन पद्धति वस्तुपरक, भरपर्दो र परिणाममुखी बनाउने कार्य गर्नुपर्ने।
- मुद्दा सुनुवाइ गर्न सर्वेच्च अदालतमा समूह पद्धति (Panel System) लागू गर्ने।
- मुद्दाको प्रकृति, कानूनी प्रश्न, संलग्न पक्षहरूको संख्या, कानूनले तोकेको कार्यविधि तथा वर्तमान अवस्थामा त्यस्ता मुद्दाहरूको कारवाहीमा लाग्ने सरदर समयसमेतलाई दृष्टिगत गरी फरक फरक मुद्दामा फरक व्यस्थापन पद्धति लागू गर्दा मुद्दालाई सरल, साधारण, जटिल र अति जटिल गरी चार समूहमा वर्गिकरण गर्ने।
- सरल समूहका मुद्दामा संक्षिप्त मार्ग, साधारण समूहका मुद्दामा छिटो मार्ग, जटिल समूहका मुद्दामा सामान्य मार्ग र अतिजटिल मुद्दामा विशेष मार्ग प्रयोगमा ल्याउनुपर्ने।
- फरक मुद्दमा फरक व्यस्थापन पद्धति संचालनमा ल्याउन तथा समयसारिणी पद्धतिलाई कार्यान्वयनमा ल्याउन कार्यदल गठन गरी निर्देशिका पुस्तिका निर्माण गर्न लगाउने।

(ग) सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरूमा फरक मुद्दाका लागि फरक व्यवस्थापन (डि.सि.एम.) पद्धति कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन, २०७०

डि.सि.एम पद्धतिलाई कार्यान्वयन गर्न सुझावमा दिए बमोजिम सनुवाईको लागि मुद्दा पेश गरेमा मुद्दाको काम कारबाही छिटो र सरल भै मुद्दाहरू छिटो किनारा हुनसक्ने हुँदा निम्न सुझावहरू प्रस्तुत गरेको देखिन्छ:-

- रिट निवेदनहरूलाई विषयगतभित्र पनि समान विवादहरूको आधारमा वर्गीकरण गरी सुनुवाइको लागि सुझाव दिएको।
- सरल, जटिल र अति जटिलमा मुद्दाको वर्गीकरण गरेको।
- सरल, जटिल र अति जटिलमा समूह मुद्दा वर्गीकरण गर्ने आधारहरू उल्लेख गरेको।
- जटिल मुद्दाभित्र पनि सरल मुद्दा छुट्याउने आधारहरू उल्लेख गरेको।
- मुद्दा दर्तादेखि नै वर्गीकरण गरी प्रकृति छुट्याउनुपर्ने।
- मुद्दा महाशाखा अन्तर्गत Case Tracking System and Classification शाखा बनाउनुपर्ने।
- समान प्रकृतिका मुद्दाहरूको पहिचान गर्ने।
- सरल समूहको वर्गीकरणमा परेका एकै प्रकृतिका मुद्दालाई एकैसाथ सुनुवाइको लागि पेश गर्ने व्यवस्था गर्ने।
- पूर्ण इजलासमा विचाराधीन मुद्दा छिटो किनारा हुनुपर्ने।

# परिच्छेद तीन
# लगातार सुनुवाइ सम्बन्धी अवधारणागत पक्ष

## ३.१ लगातार सुनुवाइको अवधारणा

फौजदारी न्यायको उद्देश्यमा अपराधीलाई दण्ड सजाय दिनु र पीडितलाई न्याय प्रदान गर्नु प्रमुख मानिन्छ। पीडितशास्त्रीय दृष्टिकोणबाट नेपालको वर्तमान फौजदारी न्याय प्रशासनलाई नियाल्ने हो भने यसमा विभिन्न कमी कमजोरीहरू देख्न सकिन्छ। सरसरती हेर्दा वर्तमान फौजदारी न्याय प्रशासनले अझै पनि पीडितवादी दृष्टिकोणलाई पूर्ण रुपमा समेट्न सकेको पाईंदैन। हामीले अँगाल्दै आएको फौजदारी न्याय प्रणालीले अभियुक्तको हक अधिकारको संरक्षणको तुलनामा पीडितको हक अधिकारहरूको संरक्षण गर्न त्यति नसकेको भनी आलोचना हुँदै नआएको पनि होइन, तर अभियुक्तलाई उपेक्षा गरेर मात्रै पीडितलाई न्याय परिहाल्छ भन्ने सोचाई पनि साँचो होइन। यी दुई प्रतिद्वन्द्वी पक्षका बीचमा सन्तुलन कायम गरिनु पर्दछ। यसरी पीडित तथा अभियुक्त दुवैलाई फौजदारी न्याय प्रणाली प्रति विश्वस्त तुल्याउनको लागि पनि परम्परागत रुपमा प्रयोग गरिंदै आएको न्याय प्रशासनको कार्यविधिमा व्यापक सुधारको आवश्यकता रहेको छ।

देवानी मुद्दाहरूमा अदालतबाट लिखित सबुद प्रमाणहरूको संरक्षण पछिसम्म पनि गर्न जति सहज हुन्छ, फौजदारी मुद्दामा बुझिने मौखिक साक्षी प्रमाणहरूको सन्दर्भमा त्यति सहज नहुन सक्छ। यस्ता मौखिक प्रमाणका रुपमा अदालतमा उपस्थित गराउनु पर्ने साक्षीहरूलाई यथा समयभित्रै उपस्थित गराएर साक्षी परीक्षण गर्न नसकिंदा समयको लामो अन्तरालमा साक्षीमा अनुचित प्रभाव पर्न जाने वा विगतको घटना विस्मृत हुन गई साक्षीको भनाईमा भिन्नता आउनु अस्वभाविक हुँदैन। यसबाट सत्यको उजागर हुन नसक्ने र यसले फौजदारी न्याय प्रणालीमा नै नकरात्मक असर पुग्न गई खास अपराधीलाई सजाय हुनै नसक्ने मात्र हैन पीडितले न्याय पाउनबाट समेत बन्चित रहनु पर्ने स्थिति आउन सक्दछ। यस सन्दर्भमा Prof. Ernest Friesen ले Justice is lost with the passage of time ... no matter how you look at it, whether it is Civil or Criminal matter, delay undermines the very purposes of the courts भनी व्यक्त गरेको विचार अति सान्दर्भिक छ। यस्तो परिस्थितमा अपराधी उल्टै पुरस्कृत हुन पुगी दण्डहिनताको स्थिति श्रृजना हुन जान्छ। अन्ततः नागरिकहरू बीच समष्टिमा न्याय प्रणालीप्रति नै नकरात्मक धारणाको विकास हुन पुग्दछ। त्यसैले हाम्रो वर्तमान न्याय प्रशासन यसतर्फ समयमै संवेदनशील बन्नै पर्दछ।

खास गरेर महिला हिंसा तथा बालबालिका विरुद्धका जघन्य कसूरहरू जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, मानिस अपहरण जस्ता मुद्दाहरूमा संगठित आपराधिक गिरोहहरूको नै संलग्नता बढी रहने गर्दछ। संगठित अपराध संचालन गर्नेहरूको संजाल कुनै राष्ट्रिय सीमा भित्र मात्रै सीमित नभई अन्तर्राष्ट्रिय स्तरसम्म पनि फैलिएको हुन्छ। उनीहरूसँग रहने पैसा एवं गैरकानूनी शक्तिको कारणले सजिलैसँग पीडित एवं साक्षीहरू प्रभावमा पर्न सक्दछन्, जसको फलस्वरुप फौजदारी न्याय प्रशासनको मार्ग अवरुद्ध हुन पुगी फौजदारी न्यायको लक्ष्य नै पराजित हुन पुग्ने खतरा रहन्छ। भनिन्छ- Delay is a problem that undermines the functioning of court systems around the world. Its implications and

possible solutions, however, are not so widely understood[१६]। तसर्थ यस्तो खतरालाई निवारण गर्नको लागि संवेदनशील र जघन्य मानिएका मुद्दाहरूमा लगातार कारवाही तथा निरन्तर सुनुवाइ (Continuous hearing system (CTS)) अवलम्बन गरिनु पर्ने बाध्यात्मक व्यवस्था गर्नु आजको फौजदारी न्यायको अनिवार्य आवश्यकता बन्न पुगेको छ।

## ३.२ लगातार सुनुवाइको उद्देश्य

महिला र बालबालिका विरूद्ध जघन्य र गम्भीर फौजदारी मुद्दामा लगातार सुनुवाइ गरेर पीडितलाई छिटो छरितो न्याय सम्पादन गरिनु पीडितको न्याय सम्बन्धी मौलिक हकहरूको प्रत्याभूति गरिनु हो। यस प्रक्रियाका केही महत्वपूर्ण उद्देश्यहरू छन् जुन प्रकारका छन्ः-

- सबै सरोकारवालाहरूको कार्यसम्पादनमा छरितोपन र एकरुपता ल्याई लगातार सुनुवाइ सम्बन्धी संयन्त्रलाई जवाफदेहीताका साथ क्रियाशील बनाउनु।
- मुद्दाको कार्वाही प्रक्रियालाई प्रभावकारी तुल्याई कानूनी तथा प्रशासनिक कार्यविधिलाई तोकिएको समयमा पुरा गर्नु।
- बन्द इजलास, पीडित तथा साक्षीको संरक्षण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनु
- अभियुक्तको पनि स्वच्छ सुनुवाइ तथा कानूनी सहायताको अधिकारलाई संरक्षण गर्नु।
- सुनुवाइ पर्खेर बसेका थुनुवाहरूको मुद्दा छिटो किनारा गरी मुद्दाको बक्यौता कम गर्नु।
- अदालतबाट तोकिएको समयभित्र मुद्दा फछ्र्यौट गर्ने अदालतको उद्देश्य हासिल गर्नु।
- पीडितको न्यायमा सहज पहुँच पुऱ्याउनु।
- पीडितलाई छिटो छरितो न्याय प्रदान गरी क्षतिपूर्ति, पुनःस्थापना र उपयुक्त सामाजिक वातावरण उपलब्ध गराउनु।
- न्यायप्रति जनविश्वास बढाउनु।
- अदालतको बक्यौता छिटो घटाउन सहयोग पुऱ्याउनु।

## ३.३ लगातार सुनुवाइ सम्बन्धी मुद्दाका सरोकारवालाहरू

कुनै पनि एक्लो निकाय वा व्यक्तिले चाँहदैमा मुद्दाको कारवाही र किनारा छिटो हुन सक्दैन। त्यसका लागि सुनुवाइ पद्धतिका सबै सरोकारवालाहरू जागरुक र बढी संवेदनशील भई जिम्मेवारसमेत हुनुपर्दछ। लगातार सुनुवाइ पद्धतिलाई ठीक ढंगले कार्यान्वयन गर्न दुई प्रकारका सरोकारवालाहरू जवाफदेही रहने देखिन्छ। पहिलो संरचनाको रुपमा रहेका सरोकारवाला र दोस्रो व्यक्तिको रुपमा रहेका सरोकारवाला।

### *३.३.१ सरकारी संरचना वा निकायको रुपमा रहेका सरोकारवालाहरू*

(क) जिल्ला प्रहरी कार्यालय

प्रहरीको जिम्मेवारी मुद्दाको वैज्ञानिक अनुसन्धान गर्नु हो। कसूरको गहन अनुसन्धान नगरी औपचारिक रुपमा सरकारी वकील समक्ष अभियोग प्रस्तुत गर्दैमा यो जिम्मेवारी मात्र पुरा हुँदैन। अदालतमा मुद्दा दायर

---

[१६] *Lode Vereeck and Manuela Mühl*, (2000), An Economic Theory of Court Delay, European Journal of Law and Economics, 10, (3), 243-268 (243)।

गरिसकेपछि पनि प्रहरीको महत्वपूर्ण जिम्मेवारी रहेको हुन्छ। कुनै पनि व्यक्तिलाई अभियोजन गरी अनुसन्धानको क्रममा साक्षी प्रमाणहरू संकलन गरी कारवाहीको लागि पेश गरी सकेपछि प्रहरीले आफूले अनुसन्धान गर्दा बुझिएका साक्षी प्रमाणहरू, जाहेरवाला तथा पीडितहरू र प्रहरी आफै प्रतिवेदक रहेकोमा निज समेत अदालतमा उपस्थित गराउनु पर्ने जिम्मेवारी प्रहरी उपर नै रहेको हुन्छ। सरकारी वकीलको निर्देशनमा त्यस्ता साक्षी प्रमाणहरू अदालतबाट तोकिएको दिन र समयमा प्रहरीले उपस्थित गराउनु पर्दछ। लगातार सुनुवाइ हुने मुद्दाहरूमा प्रहरीले विशेष शतर्कताका साथ तोकिएको समय सारिणी अनुसार आफ्ना साक्षी प्रमाणहरू अदालत समक्ष प्रस्तुत गरी सहयोग गर्नु पर्दछ। सरकारवादी मुद्दामा अहिले देखिएको मुख्य समस्या भनेको नै अदालतले आदेश गरिसेकपछि तोकिएको मितिमा साक्षीहरू प्रस्तुत गर्न नसक्नु नै हो।

(ख) जिल्ला सरकारी वकील कार्यालय

सरकारी वकीलले फौजदारी मुद्दाको अनुसन्धान गरी तोकिएको समयभित्र अदालतमा मुद्दा दर्ता गर्दैमा निजको सम्पूर्ण दायित्व पूरा भएको मान्न सकिँदैन। अदालतमा मुद्दा दर्ता गर्दा दर्ता शाखाबाट रुजु गर्दा देखिएको त्रुटीहरू सच्याउने, थुनछेक बहसको लागि उपस्थित हुने, सरकारी साक्षीहरू उपस्थित गराउने, साक्षीको बकपत्रमा उपस्थित हुने, अदालतबाट भएका आदेशहरूको पालना र कार्यान्वयन गर्ने दायित्व सरकारी वकील माथि रहेको हुन्छ। लगातार सुनुवाइ हुने मुद्दाहरूमा सरकारी वकीलले अदालतबाट तोकिएका कार्यहरू तोकिएको समयमा सम्पादन गरी विशेष सतर्कताका साथ सहयोग गर्नुपर्दछ। अदालतको आदेश अनुसार तोकिएको मितिमा आफ्ना साक्षीहरू उपस्थित गराई बकपत्र गर्न सरकारी वकीलले सक्रिय भूमिका खेल्नु आवश्यक छ।

(ग) जिल्ला अदालत

लगातार सुनुवाइ हुने मुद्दाहरूलाई समय सारिणी अनुसार तोकिएको समयमा तोकिएको कार्य सम्पन्न गर्ने मुद्दाको व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी जिल्ला अदालत र खासगरी सो मुद्दा हेर्न तोकिएको न्यायाधीश उपर रहेको हुन्छ। न्यायाधीशले मुद्दाको सम्पूर्ण नियन्त्रण आफ्नो हातमा लिनु पर्दछ। कुनै पक्ष वा कानून व्यवसायीको नियन्त्रणमा मुद्दा रहनु हुँदैन। जघन्य र गम्भीर प्रकृतिका फौजदारी अपराधलाई लगातार सुनुवाइको पद्धतिबाट छिटो छरितो न्यायसम्पादन गरिनुपर्ने मान्यता लागू गर्न न्यायाधीश, स्रेस्तेदार, सम्बन्धित फाँट र साक्षी संरक्षण अधिकृतको महत्वपूर्ण भूमिका रहन्छ। सो भूमिका विशेष रुपमा निर्वाह गर्नुपर्दछ। अदालतले मुद्दामा साक्षी प्रमाणहरू बुझ्ने आदेश गर्दा एकै पटक आदेश गर्ने र साक्षी उपस्थित गराउने जिम्मेवारी रहेको पक्षलाई यथा समयमा सूचना, पत्राचार र तरताकेता गरी आदेशको कार्यान्वयन गराउनु पर्दछ।

(घ) जिल्ला बार ईकाइ

न्यायका सरोकारवालाहरूको उचित सहयोग विना लगातार सुनुवाइ सम्बन्धी कार्यपद्धति सफल हुन सक्दैन। जिल्ला स्थित बार कानून व्यवसायीहरूको साझा संगठन र अदालतको महत्वपूर्ण सरोकारवाला एवं सहयोगी निकाय हो। कानून व्यवसायीहरू अदालतका अधिकृत जस्तै जिम्मेवार व्यक्तिहरू हुन्। उनीहरूको सकारात्मक सहयोगबाट नै अदालतको कार्ययोजना सफल पार्न सकिन्छ। लगातार सुनुवाइ हुने मुद्दामा व्यक्तिगत रुपमा पक्षको तर्फबाट एउटा व्यक्ति कानून व्यवसायीले प्रतिनिधित्व गर्ने भएतापनि अन्ततः उ बारको सदस्य हो। त्यसैले व्यक्तिगत रुपमा र संस्थागत रुपमा कानून व्यवसायीको सकारात्मक सहयोग अदालतले अपेक्षा गरेको हुन्छ। लगातार सुनुवाइ हुने मुद्दा अपरिहार्य कारण परेमा बाहेक नहटाउने, आफ्नो पक्षका साक्षीहरू तोकिएको दिन र समयमा उपस्थित गराई बकपत्र गराउने, बहस छलफलमा समय व्यवस्थापन गर्दै सहभागी हुने, पीडित पक्ष र अदालतको मर्यादा ख्याल राख्ने लगायतका दायित्वहरू बार र कानून व्यवसायीले विशेष महत्वका साथ निर्वाह गर्नुपर्दछ।

### *३.३.२ व्यक्तिको रुपमा रहेका सरोकारवालाहरू*

(क) जाहेरवाला तथा पीडितहरू

कुनै पनि सरकारवादी फौजदारी मुद्दामा जाहेरी दिने व्यक्ति र पीडित व्यक्ति मुख्य सरोकारवालाको रुपमा रहेका हुन्छन्। उनीहरूले दिएको सूचना र गरेको बयान एवं कागजको आधारमा मुद्दाको अनुसन्धान गरिने भएकोले मुद्दाको जग भनेको जाहेरवाला र पीडितको कागजमा अडिएको हुन्छ। त्यसैले झूठ्ठा कुरा लेखाएमा अनुसन्धानमा असर पर्ने हुँदा आफूलाई परेको पीडा र अपराधको सम्बन्धमा वास्तविक रुपमा भएको यथार्थ व्यहोरा खुलाई लेखाई दिनु पर्दछ।

(ख) मुद्दाका पक्षहरू

सरकारवादी फौजदारी मुद्दामा अभियुक्त अर्थात प्रतिवादी मुख्य सरोकारवालाको रुपमा रहेका हुन्छन्। मुद्दाको अनुसन्धानको सिलसिलामा त्यस्तो व्यक्ति सुरुमा शंकित व्यक्तिको रुपमा र त्यसपछि अभियुक्त अनि प्रतिवादीको रुपमा तथा मुद्दामा लगाइएको अभियोग प्रमाणित भएमा अपराधकर्ताको रुपमा रहन्छ। अनुसन्धानको अवधिदेखि मुद्दाको फैसला गर्ने चरणसम्म मुद्दाको महत्वपूर्ण सरोकारवालाको रुपमा प्रतिवादीको भूमिका रहन्छ। बयानका क्रममा उसले व्यक्त गर्ने तथ्यहरूको विश्लेषणबाट निर्णय निश्कर्षमा पुग्न मद्दत गर्दछ। कतिपय सरकारवादी फौजदारी मुद्दामा सबै प्रतिवादीहरू अदालत समक्ष उपस्थित नभई फरार रहेको स्थिति पनि रहन्छ। यस स्थितिमा कानूनको आवश्यक प्रक्रिया पुऱ्याएर मात्र फैसला गर्न मिल्दछ। वर्तमान कानूनी व्यवस्था अनुसार केही प्रतिवादी उपस्थित भएको र केही प्रतिवादी फरार रहेकोमा सबै प्रतिवादी उपस्थित भए सरह तत्काल प्रमाण बुझ्न कानूनतः कठिनाईहरू रहेकोले निश्चित अवधिसम्म मुद्दाको प्रकृया पुरा गर्न प्रतिक्षा गर्नुपर्ने अवस्था रहेको छ।

(ग) साक्षी गवाहहरू

साक्षीहरू, पीडित पक्ष, जाहेरवाला र बुझिएका विभिन्न व्यक्तिहरू अदालतले तोकेको दिन र समयमा अदालत समक्ष उपस्थित हुनु पर्दछ। मुद्दाको अनुसन्धान अवधिमा आफूले गरेको बयान कागज र देखे जाने सुनेको

कुराहरू नढाँटी जस्ताको तस्तै व्यक्त गर्नु साक्षी गवाहहरूको दायित्व हो। झुठा बकपत्र गर्नेलाई कानून बमोजिम सजाय हुन सक्दछ।[१७] अदालतमा उपस्थित हुँदा साक्षीले तोकिए बमोजिम आतेजाते र बस्दा लाग्ने खर्च पाउने कानूनी व्यवस्था छ।[१८] यी कुराहरू उनीहरूलाई जानकारी हुनुपर्दछ। त्यस्तो जानकारी अदालत, प्रहरी, कानून व्यवसायी र सरकारी वकीलले साक्षीहरूलाई गराई रहनु पर्दछ। यस्तो कानूनी सुविधा प्राप्त हुने निश्चितता भयो भने साक्षी गवाहहरू अदालतले बवलाएको समयमा उपस्थित भै मुद्दाको कार्य सम्पादनमा सहयोग तत्पर हुन्छन्। यसका साथै विपक्षी प्रतिवादीको डर, धाक, धम्की, प्रलोभनजस्ता अनुचित प्रभावमा परेर पीडित तथा साक्षीहरू अदालतमा बकपत्र गर्ने उपस्थि नहुने अवस्थाहरू पाइन्छन्। त्यस्तो अवस्थामा अदालतबाट डोर खटाई श्रव्य-दृष्य संवाद (Video Conferencing) को माध्यमबाट समेत जोखिममा रहेका पीडित र साक्षीको बकपत्र गराउने कानूनी प्रावधान रहेको हुँदा त्यस्तो प्रयोग गर्न सकिन्छ।[१९]

(घ) राय दिने र परीक्षण गर्ने विशेषज्ञ

लगातार सुनुवाइ हुने मुद्दाहरूमा भौतिक प्रमाणको परीक्षण गर्नुपर्ने अवस्थाहरू आइपर्दछन्। अनुसन्धानको क्रममा कुनै परीक्षण गर्ने विशेषज्ञलाई अदालतले बकपत्रको लागि झिकाउन सक्दछ। अदालतबाट तोकिएको मिति र समयमा उपस्थित भै बकपत्र गर्नु विशेषज्ञको कर्तव्य हो। विशेषज्ञले अनुसन्धानको अवस्थामा आफ्नो राय व्यक्त गर्दा लिखतमा कुनै ढाँचा तोकिएकोमा प्रत्येक कोलममा बुझिने अक्षरमा भएको यथार्थ अवस्था लेखिदिनु पर्ने र प्राविधिक शब्दहरू उल्लेख भएकोमा त्यसको नेपाली रुपान्तरण पनि गरिदिनु उपयुक्त हुन्छ। बकपत्रको लागि उपस्थित भएपछि अदालतबाट सोधिएका कुराहरू स्पष्ट रुपमा व्यक्त गरिदिनु पर्दछ।

(ङ) एमिकस क्यूरी

कतिपय फौजदारी अपराधका सम्बन्धमा अदालतले स्वतन्त्र रुपमा कानूनी राय परामर्श लिने उद्देश्यले सम्बन्धित बारसँग विशेषज्ञ कानूनविद्लाई आमन्त्रण गर्न सक्दछ। गम्भीर कानूनी प्रश्न समावेश भएका फौजदारी तथा देवानी मुद्दामा यस प्रकारले विशेषज्ञको रुपमा स्वतन्त्र कानूनविद्को राय लिने र छलफलमा सहभागी गराउने अन्तर्राष्ट्रिय प्रचलन समेत रहेको छ। यस्तोमा आमन्त्रित कानून व्यवसायीले न्याय तथा अदालतको सरोकारवालाको रुपमा सहयोग गर्नु पर्दछ।

(च) विशेषज्ञ

अदालतले मुद्दाको प्रकृति अनुसार कहिलेकाहीँ विशेषज्ञको राय लिन आदेश गर्दछ। जस्तो कि Forensic Evidence सँग सम्बन्धित, साइबर कानूनसँग सम्बन्धित इत्यादि विशेषज्ञलाई बुझ्ने आदेश भएकोमा

---

[१७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा ४४।

[१८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा ११३।

[१९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १०९।

उनीहरूले अदालत समक्ष उपस्थित भई आदेश बमोजिमको राय उपलब्ध गराउनु पर्दछ। यसबाट मुद्दाको लगातार सुनुवाइ र छिटो छरितो न्याय सम्पादनमा सहयोग पुग्दछ।

# परिच्छेद चार
# अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था

## ४.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

फौजदारी न्याय व्यवस्थाको मुख्य लक्ष्य भनेको नै कसूरदारलाई सजाय र पीडितलाई न्याय दिनु हो। समाजमा हुने अपराधिक गतिविधिलाई नियन्त्रण गर्नु हो। कुनै पनि व्यक्ति उपर कसुर गरेको अभियोग लाग्दैमा निजलाई दोषी करार गर्न मिल्दैन। फौजदारी न्याय व्यवस्थाले अभियुक्त उपर लागेको अभियोगको सम्बन्धमा प्राप्त सबुद प्रमाणको आधारमा दुवै पक्षको भनाई सुनी निष्पक्ष ढंगले न्याय गर्नु पर्दछ भन्ने मान्यता राख्दछ। साथसाथै अभियुक्तको अधिकारको संरक्षण सम्बन्धमा पनि विशेष जोड दिन्छ। पीडितलाई उचित न्याय र अभियुक्तको अधिकारको रक्षा र संरक्षण गर्नु राज्यका कानून कार्यान्वयन गर्ने निकायहरूको दायित्व हो। कानूनको सामन्य नियम के हो भने आपराधिक कार्य गर्ने व्यक्तिलाई कानूनको उचित प्रकृया पूरा गरी दण्ड सजाय गरिनु पर्दछ। तसर्थ त्यस्तो दण्ड सजाय दिने कानूनी प्रकृया स्वच्छ र निष्पक्ष सुनुवाइ प्रणालीमा आधारित हुनु पर्दछ।

फौजदारी न्यायका मान्य सिद्धान्त एवं प्रचलित कानून अनुसार कानून बमोजिम बाहेक आरोपित व्यक्तिलाई पक्राउ गर्ने र थुनामा राख्ने कार्य गर्न पाईंदैन। सवै व्यक्ति कानूनको दृष्टिमा समान हुने हुँदा व्यक्तिको जीवन, स्वतन्त्रता, सम्पत्ति, आवास तथा गोपनियताको संरक्षण गर्नु राज्यको कर्तव्य हो। त्यसकारण व्यक्तिले राज्यबाट ती अधिकारहरूको प्रचलन, संरक्षण र प्रत्याभूतिको माग गर्नु निजको अधिकारको विषय हो। मानव अधिकार सम्बन्धमा विकसित अन्तर्राष्ट्रिय कानूनका सिद्धान्त एवं मान्यताहरूले प्रत्येक राज्यलाई गैरकानूनी र स्वेच्छाचारी ढंगबाट व्यक्तिको आधारभूत अधिकार तथा स्वतन्त्रताहरूको कटौती वा हरण गर्नबाट रोक लगाई नागरिकको विशेष गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न जोड दिएको हुन्छ। न्यायमा सम्बन्धित पक्षको सहज पहुँच र छिटो छरितो एवं बिना कुनै विलम्ब न्याय पाउने हक अभियुक्तको पनि हो, पीडितको पनि हो।

शीघ्र कारवाही अदालतको अवधारणा न्यायिक काम कारवाहीमा हुने ढीलासुस्तीको अन्त गरी छिटो छरितो न्याय प्रदान गर्ने उद्देश्यले विकसित भै आएको अवधारणा हो। ढीलो न्याय दिनु न्याय नदिनु सरह हो। भनिन्छ विलम्वले न्यायलाई पराजित गर्छ। न्यायमा हुने ढीलासुस्तीले न्यायको उद्देश्य मात्र पराजित हुने नभएर यसमा हुने लगानी र खर्च बढ्छ। गरीब र असहाय वर्ग न्यायको पहुँचबाट विमुख भएर बस्नुपर्ने हुन्छ। फलस्वरुप कानूनको अगाडि समानताको अधिकारको संवैधानिक सुनिश्चितता कागजमा मात्र सीमित रहन जान्छ। यसको विपरित धनी र शक्तिशाली वर्गले न्यायिक ढीलाईलाई आधार बनाएर यसको दुरूपयोग गर्ने संभावना हुन्छ। उनीहरुले अनुचित फाइदा उठाउने र गैरकानूनी क्रियाकलापलाई निरन्तर जारी राख्ने माध्यम बनाउन सक्ने संभावना रहन्छ। त्यसैले मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूले पनि मनासिव समय भित्र सुनुवाईई गरी पाउने अधिकारलाई व्यक्तिको मानव अधिकारको रूपमा मान्यता दिएका छन्। जबसम्म अदालतहरूबाट यथा समयमा इन्साफ पाउने सुनिश्चितता हुँदैन तबसम्म व्यक्तिलाई संविधान र कानूनले जतिसुकै अधिकारहरू प्रदान गरेको भए पनि त्यसको खासै महत्व

रहँदैन। संविधान र कानूनद्वारा अधिकारको प्रत्याभूति जरूरी त छ साथै तिनीहरूको कार्यान्वयन पक्ष पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

नेपालको संविधानको धारा २० ले न्याय सम्बन्धी हक प्रदान गरी स्वच्छ सुनुवाईको अधिकारको प्रत्याभूति गरेको छ। स्वच्छ सुनुवाईको सिद्धान्त अन्तर्गत निष्पक्ष न्यायकर्ता र निष्पक्ष अभियोजनकर्ता मात्र पर्दैन उपयुक्त न्यायिक वातावरण पनि पर्छ। साथै शीघ्र कारवाही गरी पाउने अधिकार पनि पर्छ। तर शीघ्र कारवाही गरी पाउने अधिकारको सुनिश्चिता कसरी गर्ने त्यो नै मूल तथा अहम प्रश्न हामी सामु रहेको छ। सामान्यतया यसका लागि २ किसिमका तरिकाको अवलम्बन गर्ने अभ्यास पाईन्छ। पहिलो खास प्रकारका मुद्दाहरूको लागि छुट्टै अदालत गठन गर्ने तथा दोस्रो अदालत छुट्टै नभए पनि लगातार सुनुवाइ जस्तो कार्यविधि छुट्टै बनाइ छिटो कारवाही गर्ने। विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूले यस अधिकारको संरक्षण गर्ने सम्बन्धमा विविध व्यवस्थाहरू गरेको पाइन्छ, जुन देहाय बमोजिम प्रस्तुत गरिएको छः-

### *४.१.१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८*

न्यायमा पहुँचको विषयलाई न्याय प्राप्त गर्ने क्षमतासम्म मात्र सीमित गर्न मिल्दैन। यसलाई मानव अधिकारको विषयसँग पनि सम्वन्धित तुल्याइएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लंघन गर्ने कार्यहरू विरूद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकारको प्रत्याभूति गरेको छ। यस्तो न्यायाधिकरण सक्षम, स्वतन्त्र, निष्पक्ष र पूर्ण समानतामा आधारित हुनुपर्ने व्यवस्था पनि यसले गरेको छ।[२०]

### *४.१.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६*

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले अधिकार तथा स्वतन्त्रताको उल्लंघन भएका बखत प्रभावकारी उपचारको सुनिश्चितता गर्नुका साथै अधिकारको उपभोगमा पुरूष तथा महिलाको समान अधिकार रहने, अदालत तथा न्यायाधिकरणको अगाडि सवै समान हुने अदालत वा न्यायाधिकरण सक्षम, स्वतन्त्र र निष्पक्ष हुनुपर्ने जस्ता कुराहरूमा जोड दिएको छ।[२१]

### *४.१.३ महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९*

महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ ले पुरूष सरह समान आधारमा महिलाका अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था गर्न तथा सक्षम राष्ट्रिय न्यायाधिकरण मार्फत भेदभावको कुनै पनि कार्य विरूद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित पार्न[२२] जोड दिनुका साथै महिलालाई कानूनको दृष्टिमा पुरूष सरहको समानता प्रदान गर्न तथा पुरूष सरहको कानूनी क्षमता प्रदान

---

[२०] मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ८।

[२१] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ९ (३) ले न्यायोचित समयावधीभित्र सुनुवाइ गरी पाउने अधिकार र धारा १४ (३) (ग) ले अनुचित विलम्ब विना सुनुवाइ गरी पाउने हक।

[२२] महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धि, १९७९ धारा २ (ग)।

गरी सो क्षमताको उपयोग गर्न समान अवसर प्रदान गर्न र अदालत तथा न्यायाधिकरणका कार्यविधिहरूका सबै तहमा महिलालाई समान रूपले व्यवहार गरिने प्रत्याभूति गरेको छ।

### *४.१.४ बाल अधिकारसम्बन्धी महासन्धि, १९८९*

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ बालबालिका सर्वाङ्गीण हित एवं विकास र बाल अधिकारको संरक्षणका लागि निर्माण गरिएको एक महत्वपूर्ण दस्तावेज हो। यस महासन्धिको धारा ३७ र ४० मा कानूनको द्वन्द्वमा परेका बालबालिकालाई बालन्याय सम्बन्धी अधिकारको उल्लेख गरिएको छ। यी धाराहरूले स्वतन्त्रताबाट बञ्चित प्रत्येक बालबालिकालाई कानूनी वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय समक्ष स्वतन्त्रता अपहरणको वैद्यता उपर चनौति दिने र त्यसमा शीघ्र निर्णय पाउने अधिकार[२३] एवं कानूनको द्वन्द्वमा परेका बालबालिकालाई निजको बाबुआमा वा कानूनी संरक्षकको उपस्तिथिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक निकायबाट कुनै बिलम्ब विना कानून बमोजिम स्वच्छ सुनुवाइ गरी सो कुराको निर्धारण गरी पाउने[२४] अधिकारको प्रत्याभूति गरिएको छ।

### *४.१.५ क्षेत्रीय महासन्धिहरू*

मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि, १९६९ को धारा ७ (५) र मानव अधिकार सम्बन्धी युरोपीयन महासन्धि, १९५० को धारा ६ (१) ले पनि मुद्दाको सुनुवाइ मनासिव समयभित्र हुनुपर्ने व्यवस्था गरेको छ भने मानव तथा जनअधिकार सम्बन्धी अफ्रिकी विधान १९८१ को धारा ६ ले स्वेच्छाचारी रुपले थुनामा राख्न नपाईने व्यवस्था गरेको पाइन्छ।

## ४.२ राष्ट्रिय कानूनी व्यवस्था

नेपालको सन्दर्भमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत जस्ता सामान्य अदालतका अतिरिक्त विषयगत अदालतहरूको गठन र कारवाहीको यात्रा आजसम्म आइपुग्दा धेरै फराकिलो बन्दै गएको छ। राजश्व न्यायाधिकरण, ऋण असुली न्यायाधिकरण, वैदेशिक रोजगार विवाद न्यायाधिकरण, श्रम अदालत, विशेष अदालत, प्रशासकीय अदालत तथा नमूना अदालतका रुपमा केही जिल्ला अदालतहरूमा आरम्भ गरिएका देवानी इजलास र फौजदारी इजलास एवम् बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३० अनुसार जिल्ला अदालतहरूमा गठन भएका बाल इजलासहरू तथा स्थानीय तहका न्यायिक समिति यस सम्बन्धी अभ्यास हुन्। यी विशिष्टिकृत व्यवस्थाले गर्दा सबै किसिमका मुद्दाहरू एकै अदालतमा केन्द्रित हुन नपर्ने भएको छ। त्यसको परिणाम स्वरुप जिल्ला अदालतमा कार्यबोझ कम हुने गर्दा महिला तथा बालबालिका पीडित भएका लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाको कारवाही र किनारा छिटो हुन गएको छ। हालै मात्र काठमाडौं जिल्ला अदालतमा पारिवारिक इजदासको स्थापना भएको छ। त्यसैगरी पारिवारिक अदालत तथा उपभोक्ता अदालतको आवश्यकताका बहसहरू पनि जारी रहेका छन्।

[२३] बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, धारा ३७।

[२४] बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, धारा ४०।

### *४.२.१ नेपालको संविधान*

नेपालको संविधानको धारा २० मा भएको न्याय सम्बन्धी अधिकारको संवैधानिक व्यवस्था अनुसार न्याय छिटो छरितो गरिनु पर्दछ भन्ने सिद्धान्तलाई आत्मसात गरिएको पाइन्छ। धारा २० को उपधारा (३) मा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन भन्ने व्यवस्था रहेको छ। यस प्रकारको व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ पनि रहेको थियो। त्यस्तै नेपालको संविधानको धारा २१ को उपधारा (१) मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ भनी अपराध पीडितको हकको व्यवस्था गरिएको छ। त्यस्तै उपधारा (२) मा अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हकको प्रत्यभूति गरेको छ।

### *४.२.२ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा लगातार सुनुवाइ गर्ने सम्बन्धमा प्रष्ट व्यवस्था नभएतापनि मुद्दाको कारवाही प्रक्रियामा शीघ्रता ल्याउन तथा छिटो र सहज तरिकाबाट मुद्दाको किनारा होस् भन्ने अभिप्रायले विभिन्न कानूनी व्यवस्थाहरू गरेको देखिन्छ। ती व्यवस्थाहरूलाई देहायका बुँदाहरूमा उल्लेख गरिएको छः-

(क) थुनछेक आदेशमा उल्लेख गर्नुपर्ने

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ देखि ८० सम्म नेपाल सरकार वादी भई सरकारी वकिल मार्फत कुनै पनि फौजदारी मुद्धा तोकिएको अदालतमा अभियोगपत्रको रुपमा दर्ता भएपछि गर्नुपर्ने कानुनी कारवाहीका सम्बन्धमा विस्तृत व्यवस्था गरिएको छ। अभियोगपत्र दर्ता गरिसकेपछि अभियुक्तको बयान लिनु पर्दछ। सबै अभियुक्त चुक्ता भएको अवस्थामा सो बयानपछि निजलाई थुनामा राख्ने धरौटी तारेखमा राख्ने वा साधारण तारेखमा राखी पुर्पक्षको अवसर दिने इत्यादि शुरु मुद्धा हेर्ने अदालतले प्रमाण र उपलब्ध कानुनको आधारमा निर्धारण गर्दछ। यदि त्यस्तो कसूर लगातार सुनुवाइ अन्तर्गत पर्ने रहेछ भने थुनछेक आदेशमा नै लगातार सुनुवाइको लागि जो जे प्रकृया अबलम्बन गर्न पर्ने हो सो गर्नका लागि खुलाएर लेख्नु पर्दछ। जस्तै यो मुद्दा मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५ को नियम ९६ बमोजिम लगातार सुनुवाइ गर्नुपर्ने भएकोले यो मितिकव पेशीमा चढाई यी यस्ता प्रकृया र कुराहरुको कार्य सम्पन्न गरी पेश गर्नु भनेर आदेशमै लेख्नु पर्दछ।

(ख) तोकिएको तारिखका दिन उपस्थित हुनुपर्ने

धरौट राख्ने व्यक्ति अदालत समक्ष तोकिएको तारेखमा उपस्थित नभएमा निजले राखेको धरौटी जफत हुने भन्ने व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ मा रहेको छ। धरौट बाहेक पनि अदालतबाट कुनै कामका लागि उपस्थित हुन तारिख तोकिएकोमा तोकिएको तारिखका दिन अभियुक्त वा प्रतिवादी अदालतमा उपस्थित हुनु पर्ने व्यवस्था दफा ८५ समेत उल्लेख गरिएको छ। त्यस्तै तारिखको

दिन मुद्दाका पक्ष अनुपस्थित भएमा र थमाउने म्यादसमेत सकिएमा अदालतले मिसिल सामेल रहेका प्रमाणबाट प्रतिवादीले वादीको दावी पूरै वा आंशिक रुपमा स्वीकार गरेको देखिन आएमा वा ठहरेमा त्यस्तो हदसम्म इन्साफ गर्ने गरी र वादीको दावीलाई स्वीकार नगरेको वा स्वीकार गरेको नठहरेकोमा त्यस्तो हदसम्म खारेज गर्ने गरी मुद्दाको किनारा गर्नु पर्ने[२५] व्यवस्थासमेत रहेको छ। तसर्थ उल्लिखित कानूनी व्यवस्थाको यथोचित परिपालना गरेमा मात्र लगातार सुनुवाइ पद्धति सफल हुन सक्तछ।

(ग) पक्षले साक्षी उपस्थित गराउनु पर्ने

मुद्दा दायर गर्दा कै बखत प्रतिवादीहरू उपस्थित भएमा वादी, प्रतिवादी वा दुवै पक्षले मुद्दा दायर गर्दाको अवस्थामा नै आ—आफ्नो साक्षी प्रमाणहरू अदालतमा पेश गर्न सक्ने[२६] व्यवस्था छ। यसले गर्दा मुद्दाको कारवही प्रक्रियामा शीघ्रता हुने अपेक्षा गरिएको छ। साथै, अदालतमा दायर भएका मुद्दाका साक्षी अदालतले तोकेको दिन सम्बन्धित पक्षले उपस्थित गराउनु पर्ने र साक्षी बुझ्न तोकेको तारिखका दिन उपस्थित नहुने साक्षीलाई वातेल गरिदिनु पर्ने[२७] व्यवस्था छ। यसर्थ मुद्दाको कारवाही प्रक्रियाप्रति सबै पक्ष संवेदनशील हुनु पर्ने देखिन्छ। यी कानूनी प्रक्रियामा तदारुकता नदेखाउने हो भने लगातार सुनुवाइको पद्धति प्रभावकारी हुन सक्दैन।

(घ) साक्षी बुझ्न सकिने

मुद्दा दायर रहेको अदालतको अधिकार क्षेत्र भएको इलाकाभन्दा बाहिर रहे बसेको वा कुनै कारणले अदालतमा उपस्थित हुन नसक्ने तर नबुझी नहुने साक्षीलाई मुद्दाको गम्भीरता हेरी बन्दसवालद्वारा पनि बुझ्न सकिने व्यवस्था दफा १०७ मा गरिएको छ। यसका साथै, बुझ्नु पर्ने साक्षी शारीरिक रुपमा अशक्त वा बालबालिका भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा अदालतको आदेशबाट श्रव्य—दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सकिने[२८] भन्ने व्यवस्था छ। संहिताको यस नयाँ व्यवस्थाले मुद्दाको कारवाही प्रक्रियालाई सूचना प्रविधिसँग जोडी उक्त प्रक्रियालाई सहज र छिटो बनाउने अपेक्षा गरेको देखिन्छ। यद्यपि अदालतहरूले कानूनी व्यवस्थालाई प्रयोगमा ल्याएको अपवाद मात्र होला। प्रमाण परीक्षणको लागि अदालतले तोकेको दिन उपस्थित नभएको तर मुद्दाको गम्भीरता हेरी नबुझी नहुने नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग सम्बन्धित साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा दसी प्रमाण दाखिला गराउन समाह्वान जारी गरी अदालतले बुझ्न सक्ने व्यवस्था गरेको पाइन्छ। उक्त तोकिएको म्यादभित्र उपस्थित नहुने साक्षीलाई अदालतले दुई हजार रुपैयाँसम्म जरिबाना गरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी बकपत्र गराउन सक्ने[२९] व्यवस्थासमेत

---

[२५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा ८६।

[२६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १०१।

[२७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १०१(४)।

[२८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १०९।

[२९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा ११२।

भएकोले मुद्दाको कारवाही प्रक्रियामा साक्षीहरूले निभाउनुपर्ने भूमिका महत्वपूर्ण रहेको देखिन्छ। यस बारेमा सम्बद्ध सबै पक्ष गम्भीर हुनुपर्ने कुरातर्फ इंगित गरेको छ।

(ङ) प्रमाण बुझ्ने तथा फैसला सम्बन्धी व्यवस्था

अभियुक्त कसूरमा इन्कार रहेको वा इन्कारी प्रतिउत्तर दिएको अवस्थामा अदालतले वादी तथा प्रतिवादीबिच छलफल गराई[३०] मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्नको लागि तारिख तोक्न सक्ने[३१] व्यवस्था संहितामा रहेको छ। यसरी प्रमाण बुझ्ने तारिख तोक्दा अदालतले साक्षीहरू उपस्थित हुन र प्रमाणका लिखत तथा प्रमाण सम्बद्ध वस्तुहरू पेश गर्न सक्ने समयको अनुमान गरी सम्भव भएसम्म चाँडो प्रमाण सङ्कलन हुन सक्ने गरी तोक्नु पर्ने हुन्छ। आदेश गर्दा मुद्दामा बुझ्नु पर्ने सबै प्रमाणहरू सम्भव भएसम्म एकै पटक बुझ्ने आदेश गर्नु पर्ने[३२] व्यवस्था रहेको पाइन्छ। यसबाट पटक पटक प्रमाण बुझ्ने आदेश गरेकोले हुन जाने ढिलाईलाई कम गर्ने प्रयास गरेको देखिन्छ। लगातार सुनुवाइको प्रक्रियालाई प्रभावकारी बनाउन कानूनका यस्ता प्रक्रिया महत्वपूर्ण रहेका छन्।

(च) कसूरमा सावित भई बयान गरेकोमा

अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरी अदालतमा साविती बयान गरेमा अदालतले त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी तत्काल उक्त मुद्दाको फैसला गर्न सक्ने[३३] व्यवस्था संहितामा रहेको छ। त्यसैगरी प्रमाण बुझ्ने कार्य समाप्त भएको मितिले १ महिनाभित्र फैसला गर्नुपर्ने[३४] तथा निर्णय सुनाएकोमा एक्काइस कार्य दिनभित्र फैसला तयार गर्नुपर्ने[३५] व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको अवस्थामा यी व्यवस्थाहरू मुद्दाको शीघ्र किनारा लाग्ने प्रक्रियामा सहायोगी सिद्ध हुने देखिन्छन्। लगातार सुनुवाइ पद्धतिलाई प्रभावकारी बनाउन उल्लिखित कानूनी प्रबन्ध महत्वपूर्ण छन्।

(छ) समन्वयन समिति सम्बन्धी व्यवस्था

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम अनुसूची १ र २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाहरूका सन्दर्भमा अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायबीचमा आवश्यकतानुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन एक पाँच सदस्यीय समन्वयन समिति रहने व्यवस्था छ। सोही समितिको बैठकले लगातार सुनुवाइ सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन तर्फ प्रयास गरेको पाइन्छ।[३६] त्यसैगरी अनुसन्धानकर्ता तथा अभियोजनकर्ताहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ बाट पारित घोषणापत्रको बुँदा नं २३ ले लगातार

---

[३०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १२४।

[३१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १२५।

[३२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १२५(४)।

[३३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १२३।

[३४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १३१।

[३५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १३१(६)।

[३६] समन्वयन समिति मिति २०७५।०६।१५ को बैठकको निर्णय।

कारवाही र सुनुवाइ सम्बन्धी व्यवस्था जिल्ला स्तरमा समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने कुरामा ऐकवद्धता जनाएको पाइन्छ।[३७]

### ४.२.३ मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

विगतमा लगातार सुनुवाइ पद्धतिलाई नियमन गर्न जिल्ला अदालत नियमावली, २०५२ को आठौं संशोधनले नियम २३(ग) थप गरी जघन्य र गम्भीर किसिमका केही फौजदारी मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिने व्यवस्थालाई अङ्गीकार गरेको थियो। उक्त संशोधनले अनुसूची ४(ख) समेत थप गरी लगातार कारवाही र सुनुवाइ गरिने मुद्दाहरूको सूची तोकिएको थियो। सूचीमा अपहरण तथा शरीर बन्धक, आगलागी, घरेलु हिंसासम्बन्धी, सबै प्रकारको चोरी, जबर्जस्ती करणी, जीउ मास्ने बेच्ने, ठगी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध मुद्दाहरू तोकिएको र सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरूमा लगातार कारवाही र सुनुवाइ गरिन सक्ने गरी सो व्यवस्थाको दायरालाई अझै फराकिलो बनाएको थियो। वि. सं. २०७५ भाद्र १ गतेदेखि मुलुकी फौजदारी तथा देवानी तत् तत् विषयका संहिता तथा नियमावलीहरू लागू भए पश्चात लगातार सुनुवाइ सम्बन्धी व्यवस्थामा केही परिमार्जन गरिएको छ। नयाँ जारी भएको जिल्ला अदालत नियमावली, २०७५ मा लगातार सुनवाइ सम्बन्धी व्यवस्था नराखी फौजदारी कसूरका सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ मा र देवानी विवादका सम्बन्धमा मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ मा व्यवस्था राखिएको छ। मुलुकी फौजदारी कार्यविधि नियमावलीको नियम ९६ मा तोकिएकका मुद्दाहरूमा लगातार सुनुवाइ सम्बन्धी कारवाही र सुनुवाइ गरिने भन्ने व्यवस्था छ। सो नियम ९६ को व्यवस्था बमोजिम नेपाल सरकार वादी भई चलेको फौजदारी मुद्दाको हकमा सबै प्रतिवादी उपस्थित गराइएकोमा वा प्रतिवादी उपस्थित हुने अवधि समाप्त भएपछि लगातार कारबाही र सुनुवाइ गरी किनारा गरिने, लगातार कारबाही र सुनुवाइ हुने मुद्दाको पेशी तोक्दा इजलासको आदेश अनुसार गर्नु पर्ने, मुद्दाहरूमा अदालतले तोकेको दिनमा पक्षले आफ्ना साक्षी प्रमाण पेश गर्नु पर्ने, उल्लिखित कार्य सम्पन्न भएपछि थप प्रमाण परीक्षण गर्न आवश्यक भएमा प्रमाण परीक्षण गर्ने र नभएमा अदालतले तत्कालै निर्णय गर्न सक्ने जस्ता कानूनी व्यवस्थाहरू उल्लेख गरिएको पाइन्छ।[३८]

सो नियमावलीको अनुसूची ३० मा लगातार कारवाही र सुनुवाइ गरिने मुद्दाहरूको सूचीमा जम्मा ४ प्रकारका कसूरहरू तोकिएको छ। जसमा जबर्जस्ती करणी सम्बन्धी कसूर, भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी कसूर, गर्भ संरक्षण विरुद्धको कसूर, व्यक्ति वेपत्ता पार्ने सम्बन्धी कसूर, अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर पर्दछन्। यस बाहेक सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका कसूरसमेत लगातार सुनुवाइको प्रक्रियामा राख्न सकिने बाटो खुला राखिएको देखिन्छ। उक्त

[३७] नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३, बुँदा नं २३।

[३८] मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५, नियम ९६।

नियमावलीको पहिलो संशोधनबाट व्यक्ति वेपत्ता पार्ने सम्बन्धी कसूर र अपहरण वा शरीर बन्धक सम्बन्धी कसूरलाई झिकी[३९] सूचीलाई अझै संकुचन गरिएको छ। त्यस्तै मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसूर यो नियमावली लागू हुनपूर्व लगातार सुनुवाइको सूचीमा राखिएकोमा त्यसलाई हटाइएको पाइन्छ। लगातार सुनुवाइबाट ती कसूरहरूको सुनुवाइ गर्ने पहिलेको अभ्यास हाल आएर किन हटाइयो भन्ने औचित्य पुष्टि हुने आधार देखिंदैन।

### *४.२.४ संक्षिप्त कार्यविधि ऐन, २०२८*

संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १० ले प्रतिउत्तर दाखिल भएको वा प्रतिवादीको बयान भएकोमा सो मितिबाट र सो नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिबाट ९० दिनभित्र र दफा ११ख. ले मिसिल दाखिल भएको मितिबाट ९० दिनभित्र पुनरावेदनसम्बन्धी कारवाईमा फैसला गर्नुपर्ने अवधि तोकेको पाइन्छ।

उजुरी निवेदनपत्रबाट मुद्दाको कारवाही गर्न सकिने, उजुरी नै लाग्न नसक्ने अवस्थामा उजुरी खारेज गर्न सकिने, प्रतिवादीका नाममा तीनदिन भित्र म्याद जारी गर्नुपर्ने, म्याद तामेल गर्ने कर्मचारीले बाटाको म्याद बाहेक २ दिनभित्र म्याद तामेल गरी सक्नुपर्ने, गुज्रेको म्याद वा तारिख सामान्यतया थमाउन नपाइने, अनुपस्थित प्रतिवादीको तर्फबाट अरुले प्रमाण पेश गर्न सक्ने, प्रमाण बुझिसकेपछि पक्ष तारेखमा नबसे पनि हुने जस्ता विशेष व्यवस्थाहरू यस ऐनमा रहेका छन्। यी कानूनी व्यवस्थाहरूको यथोचित परिपालना गर्न सकेमा संक्षिप्त कार्यविधिभित्र पर्ने लगातार सुनुवाइ पद्धति अन्तर्गतका व्यक्तिवादी फौजदारी मुद्दाको कारवाही र किनारा छिटो हुन जान्छ।

### *४.२.५ बालबालिकासम्बन्धी ऐन, २०७५*

यस ऐनमा सनुवाइ सम्बन्धी विशेष व्यवस्था गरेको छ।[४०] बाल अदालतले बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बालमैत्री वातावरणमा मद्दुाको सुनुवाइ गर्नपर्नेछ। बाल अदालतले मद्दुाको सुनुवाइ गर्दा बालबालिकालाई सहभागी बनाउनु पर्नेछ र निजलाई आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्नेअ वसर प्रदान गर्नुपर्नेछ। त्यस्तै यस ऐनमा मुद्दाको सुनुवाइको अवधि समेत तोकिएको छ।[४१] जस अनुसार मुद्दा किनारा गर्नपर्ने अवधि प्रचलित कानूनमा जुनुसुकै कुरा

लेम्खएको भए पनि बाल अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया एक सय बीस दिनभित्र मद्दुाको किनारा गर्नपर्नेछ र यसता मुद्दाको कारवाही र किनारा गर्दा लगातार सुनुवाइको आधारमा गर्नपर्नेछ भन्ने कानुनी व्यवस्था रहेको छ।

---

[३९] मुलुकी फौजदारी कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७६, नियम २।

[४०] बालबालिका सम्बन्धी ऐन, २०७५, दफा ३४।

[४१] बालबालिका सम्बन्धी ऐन, २०७५, दफा ३७।

### *४.२.६ विशेष अदालत ऐन, २०५९*

खास किसिमका मुद्दाहरूको कारवाही र किनारा छिटो छरितो तथा प्रभावकारी ढंगले गराउने उद्देश्यले जारी भएको विशेष अदालत ऐनको दफा १६ ले मुद्दा दायर भएको मितिबाट ६ महिनभित्र र सो सम्बन्धी पुनरावेदन मिसिल प्राप्त भएको मितिबाट ३ महिना भित्र फैसला गर्नुपर्ने व्यवस्था गरेको छ। प्रतिवादी विदेशमा रहेको अवस्थामा म्याद तामेल गर्न सार्वजनिक सूचना प्रकाशित गर्न सकिने व्यवस्था पनि यस ऐनमा रहेको छ। तर विशेष अदालत ऐन लागू हुने मुद्दामा फौजदारी कार्यविधि नियमावली, २०७५ को नियमहरू अन्तर्गत अनुसूती ३० मा नतोकिएको हुँदा हाललाई यो व्यवस्था आकर्षित भएन।

### *४.२.७ न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना*

न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले पनि छिटो छरितो न्याय गर्ने सिद्धान्तलाई जोड दिएको पाइन्छ। अदालत व्यवस्थापनसम्बन्धी सुझाव प्रतिवेदन, २०५५ पछि न्यायपालिकाको सुधारका लागि अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, सर्वोच्च अदालतमा परेका मुद्दाहरूमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपायसम्वन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०६० र नमूना अदालतको अभ्यास समेतको पृष्ठभूमिमा २०६१ सालमा पहिलो पटक न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना २०६१-२०६६ तर्जुमा गरी कार्यान्वयनमा आएको हो। न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको क्रममा योजना कार्यान्वयन समितिको मिति २०६५।०७।२६ को सिफारिस र उच्चस्तरीय निर्देशन समितिको मिति २०६५।०९।०३ को निर्णय बमोजिम न्यायपालिकाको व्यवस्थापकीय क्षमतालाई सुदृढ, सक्षम र प्रभावकारी बनाउन तथा मुद्दाको बक्यौता र ढिलाइलाई कम गर्न प्रभावकारी मुद्दा व्यवस्थापन पद्धति विकास गर्ने उद्देश्यले सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझीको संयोजकत्वमा मुद्दा व्यवस्थापन पद्धति विकास समिति गठन भएको थियो।

उक्त समितिको सिफारिस समेतको आधारमा न्यायापालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले न्याय निरुपण कार्यलाई प्रभावकारी बनाउनका लागि मुद्दा व्यवस्थापन पद्धति सुधार गर्न फरक किसिमका मुद्दाका लागि फरक व्यवस्थापन पद्धति लागू गर्ने लक्ष्य निर्धारण गरेको पाइन्छ।[४२] त्यस्तै न्यायपालिकाको तेश्रो पञ्चवर्षीय रणनीतिक योजनाले "छिटो छरितो न्याय सबैका लागि न्याय"[४३] भन्ने नारा नै तय गरेको थियो। हाल कार्यान्यनमा रहेको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले "सबैका लागि न्याय सुनिश्चित गर्ने" परिदृष्यसहित पहिलो लक्ष्य न्याय सम्पादनको कार्यलाई छिटो छरितो तुल्याउने रहेको छ। यस लक्ष्य हासिल गर्नका लागि मुद्दाको शीघ्र फछ्र्यौट गर्नु तथा मुद्दा व्यवस्थापन पद्धतिको सुधार गर्नु जस्ता

[४२] न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६।०६७-२०७०।७१)।

[४३] न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१।०७२-२०७५।७६)।

रणनीतिहरू तय गरिएका छन्।[४४] योजनाका यी रणनीतिहरूलाई दृष्टिगोचर गरी न्याय प्रशासनलाई प्रभावकारी बनाउन सकेमा लगातार सुनुवाइ पद्धति सफल पार्न सकिन्छ।

### *४.२.८ मुद्दा प्रवाह व्यवस्थापन पद्धति सम्बन्धी नीति*

नेपालमा मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा प्रारम्भिक अवस्थामा रहेको भए तापनि कानुनद्वारा मुद्दा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने प्रयास हुँदै आएको पाइन्छ। मुद्दा प्रवाह व्यवस्थापनको सन्दर्भमा सामान्य, विशेष र संक्षिप्त कार्यविधि अभ्यासमा रहेका छन्। त्यस्तै एकै कार्यविधि अन्तर्गतका मुद्दाहरूलाई पनि सरकारवादी र दुनियावादी तथा देवानी र फौजदारी गरी सामान्य रुपमा मुद्दाका प्रकृतिलाई विभाजन गरी त्यस्ता मुद्दाहरूको प्रवाहलाई व्यवस्थित गर्न पृथक पृथक कानुनी व्यवस्था गरिएको छ। मुद्दा प्रवाहसम्बन्धी कतिपय कार्यहरू सम्पन्न गर्नको लागि कानुनले नै समयसीमा निर्धारण गरिदिएको छ भने मुद्दा फैसला गर्ने समयसीमा प्रचलित कानूनले तोकिदिएको छ। तथापि मुद्दा प्रवाहलाई अनुमान योग्य बनाउन सकिएको छैन। न्याय निरुपण प्रक्रिया पूर्वानुमान योग्य हुन नसकेको र कारवाहीको समयसीमा समेत अनिश्चित हुने गरेको कारण न्याय पद्धतिप्रति नै असन्तुष्टी बढेको यथार्थ हाम्रो सामु छ। यसलाई सम्बोधन गर्न फरक मुद्दा व्यवस्थापन पद्धति लागू गरिएको छ[४५]। जिल्ला अदालत तथा उच्च अदालतमा फरक मुद्दा व्यवस्थापन सम्बन्धी दिग्दर्शनसमेत निर्माण गरिएको[४६] र जिल्ला अदालतहरूमा वि. सं. २०७७ साउन १ गतेदेखि तथा उच्च अदालतहरूमा वि. सं. २०७७ भाद्र १ गतेदेखि लागू भएको छ।

जिल्ला अदालतको लागि लागू गरिएको मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शनमा मुद्दा फछ्र्यौटका लागि सरल, सामान्य र विशेष गरी तीन प्रकारमा मार्ग समूह तय गरिएको छ। लगातार सुनुवाइ हुने शुरु मुद्दालाई सामान्य मार्ग समूह राखिएको छ[४७]। सरल मार्ग समूहमा आधारित भई मुद्दाको कारवाही प्रक्रिया अघि बढाउँदा मुद्दा दायर भएपछि सम्पन्न गर्नुपर्ने कार्यहरूको लागि विद्यमान कानून अनुरुप लाग्ने समयको विचार गरी ६ महिनामा मुद्दाको फछ्र्यौट हुने[४८] गरी मुद्दाको प्रकृति तथा क्रियाकलापका आधारमा समयतालिकाको उल्लेख गरिएको छ। साविकको जिल्ला अदालत नियमावली २०५२ मा चौथो संशोधन गरी २०६०।८।१ बाट कार्यतालिका निर्माण गरी मिसिल साथ राख्नुपर्ने व्यवस्था राखिएको थियो। DCM पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक क्षमताको इन्टरनेट लगायतका पूर्वाधार विकास र पद्धति सञ्चालन एवम् व्यवस्थापनका लागि निरन्तर सीप हस्तान्तरण, नेतृत्व, कार्यरत जनशक्ति र सम्बद्ध सरोकारवालाको सार्थक एवं सक्रिय सहभागिताको सुनिश्चितत गर्नुपर्ने लगायतका चुनौतिहरू विद्यमान रहेका छन्। त्यस्तै मुद्दाको लगातार सुनुवाइ गर्नुपर्ने कानूनी व्यवस्था पनि केही अपवाद बाहेक सबै अदालतमा पद्धतिगत रुपमासमेत उक्त व्यवस्थाको प्रभावकारी तथा व्यवहारिक कार्यान्वयन हुन सकेको अवस्था छैन।

---

[४४] न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६।०७७-२०८०।८१)।

[४५] जिल्ला अदालत नियमावली, २०७५, परिच्छेद ५क तथा मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०७५।

[४६] फरक मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शन, २०७६ (जिल्ला अदालतको लागि) र फरक मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शन, २०७६ (उच्च अदालतको लागि)।

[४७] फरक मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शन, २०७६ (जिल्ला अदालतको लागि), पृष्ठ १५।

[४८] ऐजन, पृष्ठ १३।

# परिच्छेद पाँच
# लगातार सुनुवाइ सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

## ५.१ शीघ्र कारवाही अदालत

पछिल्ला दिनहरूमा महिला हिंसासँग सम्बन्धित केही निश्चित विवादहरू शीघ्र कार्वाही अदालत (Fast track court) बाट सुनुवाइ गरी छिटो छरितो र प्रभावकारी न्याय दिईनु पर्दछ भन्ने बहसले तिब्रता प्राप्त गरेको छ। यसै क्रममा विभिन्न मुलुकहरूले छिटो छरितो र प्रभावकारी न्याय सम्पादनको लागि आ आफ्नै पद्धतिको विकास र प्रयोग गर्दै आएका छन्।

### *५.१.१ भारतीय अभ्यास* [४९]

(क) पुराना मुद्धाको फछ्र्यौट गर्ने उद्देश्यले गठित शीघ्र कारवाई अदालत (Fast Track Court for Delay Reduction):

भारतमा मुद्दाको छिटो छरितो कारवाही गरी बक्यौता कम गर्ने एउटा रणनीतिको रूपमा छुट्टै शीघ्र कारवाही अदालतको स्थापना गर्ने नौलो अभ्यासको प्रयोग भइरहेको छ। त्यहाँको एघारौं आर्थिक आयोगले सिफारिस गरेको योजना बमोजिम शुरूमा १७३४ वटा शीघ्र कारवाही अदालतहरू (Fast Track Courts) स्थापना गर्ने लक्ष्य राखिएको थियो। शुरुमा पाँच वर्षको लागि भनेर सन् २००० मा शुरू गरिएको यो योजना अनुसार पहिलो ५ वर्षमा जम्मा १८.४६ लाख मुद्दाहरू यी अदालतलाई जिम्मा लगाएकोमा २००५ को मार्च ३१ सम्ममा जम्मा १०.६६ लाख मुद्दाहरू फर्छ्यौट भएको पाइयो। यो प्रगतिलाई सन्तोषजनक मानेर पुनः सो योजना २०१० मार्च ३१ सम्मकालागि थप संचालन गर्ने निर्णय गरियो। २०१० को मार्च ३१ सम्ममा जम्मा २९.०८ लाख मुद्दाहरू यी अदालतबाट फर्छ्यौट भएका थिए। यो Fast Track अदालतको निरन्तरता राज्य सरकारको क्षमता र चाहना अनुसार जारी नै रहने अभ्यास रहेको छ।

भारतमा स्थापना गरिएका यी अदालतहरू नियमित रूपमा स्थापित अदालत भन्दा अतिरिक्त अदालतहरू हुन्। खास गरेर जिल्ला र अधिनस्थ अदालतहरूमा रहेका मुद्दाहरूको बक्यौता कम गर्ने अस्थायी उद्देश्यले यी अदालतहरू स्थापना गरिएका हुन्। यी अदालतमा न्यायाधीशहरू अस्थायी रूपमा नियुक्त हुन्छन्। प्रायः अवकास प्राप्त न्यायाधीशहरूलाई नियुक्तिमा प्राथमिकता दिइएको छ। तर बहालवाला न्यायाधीशलाई खटाउन र निजी कानून व्यवसायीहरू मध्येबाट पनि नियुक्त गर्न सक्ने व्यवस्था पनि रहेको छ।

---

[४९] *Fast Track Courts in India: Past, Present and Future*, https://www.ijlmh.com/paper/fast-track-courts-in-india-past-present-and-future/#। र हेर्नुहोस् *The Myth of Speedy and Substantive Justice*, https://clpr.org.in/wp-content/uploads/2015/06/Fast-Track-Court_final.pdf ।

ख. गम्भीर प्रकृतिका महिला हिंसाजन्य मुद्दहरूमा शीघ्र कारवाही अदालत (Fast Track Court for Gender Based Violation Cases)[५०]

भारतको सन्दर्भमा हेर्दा सबै प्रकारका मुद्दामा लामो समयदेखि फछ्र्यौट हुनसकेका मुद्दाहरूको संख्या घटाउन शीघ्र कारवाही अदालतको स्थापना गरी छिटो छरितो रुपमा मुद्दाहरूको किनारा लगाउने प्रचलन निकै अगाडि (सन् २००१) देखि नै शुरु भएको भएतापनि सन् २०१२ को डिसेम्बर १६ को दिल्ली घटना (निर्भया मुद्दा) पश्चात महिला हिंसा विरुद्धका अपराधहरूमा मात्र छिटो न्याय सम्पादन गर्न शीघ्र कारवाही अदालत नै गठन गरिएको पाइन्छ। उक्त डिसेम्बर १६ मा दिल्लीमा घटित सामुहिक बलात्कारका दोषीलाई कारवाही गर्न गठन भएको शीघ्र कारवाही अदालत लैगिंक तथा यौन हिंसाका पीडितलाई शीघ्र र प्रभावकारी न्याय दिनका लागि भएको उदाहरणीय शुरुवात हो। यस प्रणालीको प्रयोग गरी शीघ्र कारवाही अदालतबाट प्रदान गरिने छिटो न्यायबाट आरोपित व्यक्तिको स्वच्छ सुनुवाइको अधिकारको प्रत्याभूति हुनुका साथै पिडितले तत्काल न्याय पाएको अनुभूति गर्ने कुरामा समेत कुनै विवाद छैन। निर्भया मुद्दाको सिलसिलामा दिल्लीमा मात्र ६ वटा शीघ्र कारवाही अदालत स्थापना गरिएको थियो। अहिले भारतमा महिला हिंसा विरूद्धका जकर्जस्ती करणी समेतका मुद्दा हेर्ने विभिन्न राज्यमा त्यस्ता Fast Track Court हरू गठन गरिएको छ। ती अदालतहरूको Fast Track पद्धतिबाट अनुसन्धान, अभियोजन र सुनुवाइ गरी न्याय छिटो छरितो सम्पादन गर्दै आएको पाइन्छ।

ग. घुम्ती अदालत (Mobile Court)

भारतमा न्यायिक सुधार कार्यक्रमलाई निरन्तरता दिने क्रममा १३ औं आर्थिक आयोगले ग्रामीण क्षेत्रहरूमा ग्राम न्यायालय स्थापना गर्ने योजना अगाडि ल्याएको छ। यसमा कुनैपनि मुद्दा ३ वर्ष भन्दा पुरानो हुने गरी रहन नदिने लक्ष्य राखिएको पाईन्छ। अगष्ट १२, २०१० को तथ्यांक अनुसार प्रतिमुद्दा फर्छ्यौट (अन्तिम) हुन सालाखाला १५ वर्ष लाग्ने गरेको देखिन्छ।[५१] यस परिप्रेक्ष्यमा भारत सरकारले नयाँ योजना मार्फत घुम्ति अदालतको रुपमा ग्राम न्यायालयको स्थापना, मजिष्ट्रेट अदालतहरूमा विहान, बेलुका अथवा सन्ध्याकालीन अदालतहरू स्थापना, अलग्गै पारिवारिक अदालत तथा विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोगलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरेको पाईन्छ।

### *५.१.२ फिलिपिन्सको अभ्यास*

क. शीघ्र सुनुवाइ योजना (The Speedy Trial Project)

फिलिपिन्समा मुद्दाहरूलाई Fast Track, Complex Track, Standard Track र Holding Track गरी ४ वटा समूहमा वर्गीकरण गरी कारवाही गर्ने पद्धति अपनाइएको छ। फिलिपिन्समा Fast Track का मुद्दामा संक्षिप्त कार्यविधि अपनाइन्छ भने त्यस्ता मुद्दाहरू ६ महिनाभित्र फर्छ्यौट गर्ने लक्ष्य राखिएको पाईन्छ। यति हुँदाहुँदै पनि मुद्दाको फर्छ्यौट गतिमा तिब्रता आउन नसकेको तथ्यलाई मध्यनजर राखी शुरु तहका अदालतमा त्यहाँ सन् १९८९ देखि Speedy Trial Project लागू गरिएको छ।

---

[५०] *1023 Fast Track Special Courts will be set up for Speedy disposal of Rape and POCSO Act Cases*, https://pib.gov.in/PressReleaseIframePage.aspx?PRID=1598939.

[५१] http://www.thaindian.com/newsportal/india-news/10041128.html.

फिलिपिन्समा फछ्र्यौट गर्न बाँकी मुद्दाको संख्या बढी हुनुको खास कारणहरू छन्। जसमा *अदालतभित्रको न्याय प्रशासनको प्रकियागत ढिलाई, कर्मचारी बीच समन्वयको अभाव र मुद्दाको सही व्यवस्थापन हुन नसक्नुलाई* नै जिम्मेवार ठानिएको छ। यसलाई सम्वोधन गर्न प्रथम चरणमा सन् १९८९ मा कूल १९०० Trial Court मध्ये ८१ वटा Trial Court बाट निरन्तर सुनुवाइ (Continuous trial) प्रक्रिया शुरु गरियो। जसको मुख्य उद्देश्य मुद्धामा लाग्ने समय कम गर्नु र छिटो छरितो न्याय सम्पादन गर्नु हो।

नयाँ अभ्यासको परिणाम मूल्याङ्कन गर्ने सिलसिलामा लगातार सुनुवाइ लागु भएका अदालतको कार्यसम्पादनको तुलना योजना लागु नभएका अदालतहरूसंग गरियो, जसअनुसार हेर्दा, लगातार सुनुवाइ लागु भएका अदालतमा समान प्रकृतिको मुद्दामा १८.१ दिनमा मुद्दा टुंगियो भने योजना लागु नभएका अदालतहरूमा त्यस्तै मुद्दामा मुद्दा फछ्र्यौट हुन ३४१.८ दिन लागेको देखियो।

त्यस्तै लगातार सुनुवाइ प्रक्रिया सफल बनाउनको लागि *सक्षम नेतृत्व, अदालतका कर्मचारीको सहयोग एवम पक्ष र विपक्षका कानून व्यवसायीको सहयोग* नै महत्वपूर्ण रहेको पाईयो। तसर्थ केवल कानूनी संरचना मात्र पर्याप्त भएर मुद्दाको फछ्र्यौट छिटो छरितो हुँदैन, आफ्नो कार्यप्रति अपनत्व, सरोकारवालाहरू बीच समन्वय, सहयोग र मुद्दाको उचित व्यवस्थापनबाट मात्र सफलता पाउन सकिन्छ भन्ने पाठ यस अभ्यासको अनुसन्धानले देखाएको छ।

ख. पारिवारिक अदालत र महिला हिंसाका मुद्दा

फिलिपिन्समा पारिवारिक अदालत पनि गठन गरिएको छ। यस अदालतलाई १८ वर्ष मुनिका बालबालिकाको मुद्दाका अतिरिक्त लोग्ने स्वास्नी बीचको वैवाहिक विषयका मुद्दा र महिला विरूद्धका घरेलु हिंसाका मुद्दाहरू हेर्ने क्षेत्राधिकार प्राप्त छ। पारिवारिक मुद्दाको सुनुवाइ परिवारको मूल्य र मान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी बन्द इजलासमा गरिने र मुद्दाको विवरण अनावश्यक रूपमा बाहिर प्रकाशमा नल्याइने व्यवस्था रहेको छ।

### *५.१.३ जर्जियाको अभ्यास*

जर्जियामा सन् २००७ मा Continuous main hearing Project लागू गरियो। सो क्रममा १०० वटा मुद्दाहरूलाई लगातार सुनुवाइको माध्यमबाट अगाडि बढाइयो। २००७ को अन्त्यतिर आएरTbilisi City Court, Mtskheta District Court का अध्यक्ष र मुख्य अभियोक्ताले यो योजनालाई निरन्तरता दिने निर्णय गरे। सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, जर्जियन बार र कानूनी सहायता सेवा संस्थाको सहयोगमा कार्यक्रम अगाडि बढाइयो। उक्त योजना फौजदारी अपराधसँग मात्रै सम्बन्धित थियो।

निरन्तर मुख्य सुनुवाइको खाका भित्र सुनुवाइलाई २ प्रकारले व्यवस्थित गरियो। पहिलो प्रारम्भिक तथा तयारी सुनुवाइ (preparatory hearing) र दोस्रो मुख्य सुनुवाइ (main hearing)।प्रारम्भिक तथा तयारी सुनुवाइमा सबै प्रमाणहरू प्रस्तुत गर्ने, सबै प्रस्तावहरूको बारेमा विचार गर्ने र मुख्य सुनुवाइको लागि तयारी

गर्ने काम हुन्छ। यसबाट इजलास र सम्बन्धित पक्षहरू व्यवस्थित रुपमा मुख्य तथा निरन्तर सुनुवाइ प्रकृयामा सहभागी हुने वातावरण बन्दछ। परिणामस्वरुप मुद्दाको छिटो छरितो कारवाही र किनारा हुने अवस्था सृजना हुन्छ।

तयारी तथा प्रारम्भिक छलफलले गर्दा पक्षहरूलाई मुख्य सुनुवाइमा आफ्नो अवस्था सहित ठिक ढंगले प्रस्तुत हुन सघाउ पुऱ्याउने हुन्छ। साथै उनीहरूलाई आफ्नो समय व्यवस्थापनमा सहयोग हुन जान्छ। यस पद्धतिमा प्रमाणहरूको प्रस्तुती, प्रमाण परीक्षण र प्रमाण मूल्याङ्कन गर्न उपयुक्त र प्रभावकारी वातावरण बन्दछ।

जर्जियाको कानूनी सहायता सेवा सम्बन्धी संस्थाले लगातार सुनुवाइ सम्बन्धी पद्धतिबाट समयको वचत हुने र मुद्दाका सबै पक्षले मुद्दाको तथ्यका बारेमा भ्रममा नपरी ताजा स्मरण गर्ने हुँदा न्यायमा फरक नपर्ने भनी सहयोग गरेको छ। मुख्य सुनुवाइको अवस्थामा एक वा एकभन्दा बढी पटक पनि सुनुवाइ हुन सक्दछ। सो कुरा पक्षहरूले प्रस्तुत गर्ने प्रमाण र बहस छलफलबाट तय हुन्छ। इजलासले सुनुवाइ गरिरहँदा आवश्यकता अनुसार छोटोछोटो विश्रामको समय पनि व्यवस्थापन गर्न सक्दछ।

प्रारम्भिक सुनुवाइ र मुख्य सुनुवाइलाई व्यवसायिक तरीकाले व्यवस्थापन गर्नु अदालतको कर्तव्य हो। न्यायाधीशले पक्षहरूलाई मुद्दाको तयारी र प्रस्तुतीका लागि पर्याप्त समय प्रदान गर्नु पर्छ। त्यस्तै लगातार सुनुवाइमा सरकारी वकील, प्रतिरक्षी वकील, पीडित र साक्षीहरूको पनि उत्तिकै भूमिका रहन्छ। राम्रो तयारीकासाथ कानून व्यवसायीहरूको प्रस्तुती आवश्यक पर्दछ भने पीडित र साक्षीहरूको उपस्थिति पनि आवश्यक हुन्छ। जर्जियामा निरन्तर सुनुवाइ सम्बन्धी अभ्यासको सकारात्म परिणाम स्वरुप तत्सम्बन्धी कानून निर्माण गरिएको छ। हाल त्यहाँका सबै अदालतहरूमा यो लागू गरिएको छ।

### *५.१.४ संयुक्त अधिराज्यको अभ्यास*

क. शीघ्र कारवाई कार्यविधि (Fast Track Litigation)

बेलायतमा यो प्रणालीलाई Fast Track Court नभनेर Fast Track Litigation भन्ने गरिएको छ। त्यहाँ यसलाई तीन किसिमले सम्बोधन गरिएको पाईन्छ। जस्तैः Small Claims Track, Fast Track र Multi Track। ५००० पौण्ड भन्दा कम विगो भएका मुद्दाहरू Small Claims Track मा जान्छन् भने ५००० देखि १५००० पौण्ड सम्मको विगो भएका मुद्दाहरू Fast Track मा र १५००० पौण्ड भन्दा बढी विगो भएका तथा अन्य जटिल मुद्दाहरू Multi Track मा राखेर हेरिन्छ।

ख. घरेलु हिंसा अदालत

बेलायतमा घरेलु हिंसा अदालतको कारवाही प्रणालीलाई हेर्दा कार्डिफ अदालतले घरेलु हिंसाका सबै मुद्दाहरूलाई छुट्टै रूपमा समूहिकृत (Clustering) नगरी घरेलु हिंसाका जति मुद्दाहरू आउँछन्, तिनलाई शीघ्र कारवाही प्रणाली (Fast Track System) अपनाइएको छ। लिड्समा भने घरेलु हिंसाका मुद्दाहरू मात्र हेर्ने छुट्टै घरेलु हिंसा अदालत स्थापना गरिएको छ। घरेलु हिंसाका मुद्दामा शीघ्र कारवाही प्रणाली लागू गरिएपछि मुद्दाहरूको कारवाहीमा ५० प्रतिशत छिटो भएको पाइएको छ।

### *५.१.५ अमेरिकी अभ्यास*

(क) विशिष्टिकृत अदालत

अमेरिकामा विशिष्टिकृत अदालतहरूको स्थापनाको इतिहासलाई हेर्ने हो भने करिब १०० वर्ष भन्दा बढी लामो छ। संयुक्त राज्य अमेरिकामा मुद्दाहरूलाई फरक व्यवस्थापन पद्धति अन्तर्गत तीन किसिमले वर्गीकरण गरिएको पाईन्छ। सामान्यतया Expedited Track, Standard Track र Complex Track गरी ३ प्रकारको समूहमा वर्गीकरण गर्ने व्यवस्था भएको र Expedited Track का मुद्दाहरूमा संक्षिप्त कार्यविधि अपनाएर ६ महिना भित्र मुद्दा फर्छयौट गर्ने लक्ष्य राखिएको पाईन्छ।

(ख) घरेलु हिंसा अदालत

घरेलु हिंसाका समस्याहरूलाई सम्वोधन गर्ने क्रममा अमेरिकामा १९९० पछि छुट्टै विशिष्टिकृत घरेलु हिंसा अदालत स्थापनाको प्रक्रिया शुरू भएको छ। न्यूयोर्कमा पहिलो पल्ट सन् १९९६ मा ब्रुकलिन घरेलु हिंसा अदालत स्थापना गरिएको थियो। हाल अमेरिकाभर ३०० वटा अदालतहरू घरेलु हिंसाको मुद्दालाई हेर्न विशेष कार्यविधि र संयन्त्र सहित कार्यरत रहेका छन्।[५२]

यस प्रकार माथि उल्लिखित विभिन्न मुलुकहरूको अभ्यास हेर्दा मुद्दाको शीघ्र कारवाही पद्धतिलाई जोड दिएको पाइन्छ। सो पद्धतिमा मुद्दाको व्यवस्थापन प्रक्रिया छुट्याएर छुट्टै शीघ्र कारवाही अदालत गठन गरेर वा भइरहेकै अदालतमा संवेदानील मुद्दाहरूको लगातार सुनुवाइ पद्धति अबलम्बन गरेर कार्य सम्पादन छिटो छरितो रुपमा गर्ने प्रयासहरू भएको पाइन्छ।

---

[५२] Specialization of Domestic Violence Case Management in the Courts: A National Survey, National Institute of Justice, http://www.noors.gov/pdffiles/nij/19 9724.pdf.

# परिच्छेद छ
# न्यायिक अभ्यास

## ६.१ जिल्ला अदालतको अभ्यास

नेपालमा मुद्दाको लगातार सुनुवाइको सम्बन्धी अभ्यास जिल्ला अदालत नियमावली, २०५२ को आठौं संशोधनले नियम २३ग थप गरेको कानूनी व्यवस्थाबाट शुरु भएको हो र उक्त नियम २३ग ले अनुसूची ४ख मा उल्लिखित मुद्दाको लगातार सुनुवाइ गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेतापनि अभ्यासमा सो हुन सकेको थिएन। २०६८ सालमा नेपाल मै पहिलो पटक योजनाबद्ध रुपमा मकवानपुर जिल्ला अदालतले यस कानूनी व्यवस्था लागू गरी लगातार सुनुवाइको थालनी गरेको हो। त्यस्तो प्रभावकारी सुनुवाइ पद्धति सबै जिल्ला अदालतमा अनिवार्य रुपमा अबलम्बन गरिनु पर्ने माग गर्दै *उमा तामाङ विरूद्ध नेपाल सरकारसमेत* भएको रिट सर्वोच्च अदालतमा दायर भएपछि यो विषयले बढी चर्चा पाएको थियो। सो आदेश पश्चात सर्वोच्च अदलतको अनुगमन महाशाखाले देशै भरका जिल्ला अदालतहरुको प्रतिदिनको निरन्तर सुनुवाइ प्रतिवेदन लिने मुल्याङ्कन गर्ने र निर्देशन दिने पद्धति पनि अवलम्बन गर्दै आएको थियो। यस सम्बन्धमा असल अभ्यास अनुभव आदान प्रदान र NJA मार्फत आजसम्म पनि न्यायाधीश तथा अधिकृत कर्मचारी समेतलाई यस विषयमा प्रशिक्षण प्रदान गर्दै आएको छ।

## ६.२ उच्च अदालतको अभ्यास

मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ लागू हुनुपूर्व जिल्ला अदालत नियमावली, २०५२ मा मात्रै लगातार सुनुवाइको व्यवस्था रहेको थियो। यस व्यवस्था जिल्ला अदालतमा मात्र आकर्षित हुने हुँदा लगातार सुनुवाइसम्बन्धी कार्यविधि जिल्ला अदालत बाहेक अन्य अदलालतमा खासै प्रयोगमा आएको थिएन। तर हाल मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ मा यस सम्बन्धी व्यवस्था भएको अवस्थामा सबै तहका अदालतले यस सम्बन्धी प्रक्रियाको अबलम्बन गर्नुपर्ने कानूनी प्रवाधान बाध्यकारी रुपमा रहेको छ। अतः जिल्ला अदालत बाहेक उच्च तथा सर्वोच्च अदालतसमेतले मुद्दाको शीघ्र कारवाहीको लागि यस कार्यविधिको अभ्यास गरिनुपर्ने आवश्यकता रहेको छ।

## ६.३ सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण

अदालतमा दर्ता भएका सबै मुद्दाको कारवाही र किनारा गर्ने समय अवधि कानूनले निर्धारण गरेको छ। तर व्यवहारमा मुद्दाको प्रक्रिया र कार्यविधि पूरा गर्नुपर्ने हुँदा तोकिएको समयमा मुद्दाको कारवाही र किनारा गर्न नसक्ने अवस्था आई पर्दछ। यसले गर्दा अदालतमा वर्षेनी बक्यौता मुद्दाको चाङ लाग्ने संभावना जिवितै रहन्छ। यही परिस्थितिबाट केही तोकिएका मुद्दाहरूलाई भिन्न रुपमा लगातार सुनुवाइ पद्धति प्रयोग गरी छिटो छरितो कारवाही र किनारा गर्ने पद्धति अवलम्बन गर्न थालिएको हो। यस सम्बन्धमा विगतमा जिल्ला अदालत नियमावलीमा र अहिले देवानी तथा फौजदारी कार्यविधि नियमावलीमा लगातार सुनुवाइ सम्बन्धी मुद्दाको प्रक्रिया निर्धारण गरिएको हो। यो पद्धति अपनाउनका लागि सर्वोच्च अदालतले २०६६ सालमा मुद्दाको शीघ्र कारवाही सम्बन्धी अदालत स्थापना गर्नुपर्ने भनी र २०७२ सालमा अनिवार्य रुपमा लगातार कारवाही पद्धति अपनायनु भनी सरकार र सरोकारवाला निकायहरूलाई परमादेश जारी गरेको थियो। उक्त परमादेशको मुख्य बुँदाहरू निम्न बमोजिम छन्।

### *६.३.१ अधिवक्ता ज्योति पौडेल समेत विरुध्द नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*[५३]

करिब १५ वर्ष अगाडि नेपालको सर्वोच्च अदालतले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडितहरूका मुद्दा हेर्ने एउटा छुट्टै शिघ्र कारवाही अदालत Fast Track Court गठन गर्न नेपाल सरकारको नाममा निर्देशात्मक आदेश जारी गरेको थियो। महिला माथि हुने अमानवीय एवं क्रूर अपराधलाई राज्यले कडा दण्ड सजायको व्यवस्था गरी सजाय गर्नुको साथै त्यस्ता पीडित महिलाहरूलाई राज्यको तर्फबाट सुरक्षित बास र उचित क्षतिपूर्तिको व्यवस्था समेत गर्नुपर्ने भनी सो फैसलामा उल्लेख छ। सो फैसलामा राज्यले महिला पीडित भएका सबै खाले फौजदारी मुद्दा र खासगरी घरेलु हिंसा सम्बन्धी मुद्दा हेर्ने बेग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो छरितो र अपमानित नभई शुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै शीघ्र कारवाही अदालत (Fast Track Court) गठन गर्नेतर्फ महिला बालवालिका तथा समाज कल्याण मन्त्रालयको ध्यानाकर्षण गराइएको छ।

### *६.३.२ अधिवक्ता उमा तमाङ्ग समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*[५४]

जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ग. को व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेमा न्याय छिटो छरितो हुने र पीडितले शीघ्र न्याय पाएको अनुभूति गर्न पाउने अवस्थाको सिर्जना हुने, अभियोग लागेका व्यक्ति निर्दोष ठहरे समयमै सफाइ पाई अनावश्यक हैरानीबाट बचावट हुने, अभियुक्तले प्रमाण नष्ट गर्ने सम्भावनामा कमी आउने, पीडित साक्षी प्रतिकूल हुनबाट रोक्ने र न्याय सम्पादनमा सहयोग पुग्ने भई कानूनको उद्देश्य र कानूनी शासनले मूर्तरूप पाई न्यायपालिकाको जनआस्थामा वृद्धि हुने हुँदा नियमित सुनुवाइको व्यवस्था अविलम्ब लागू गर्नु गराउनु भनी देहायका निकायहरूका नाममा परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी निवेदन दर्ता भएको थियो। सो निवेदनमा निम्न बमोजिमको परमादेश जारी भएको थियो:-

- जिल्ला अदालत नियमावलीले तोकेका नियमित सुनुवाइ गरिनुपर्ने मुद्दामा अनुसन्धान तहकीकातकै क्रममा सम्भव भएसम्म प्रतिवादीहरू चुक्ता गर्न गराउन र प्रतिवादी चुक्ता भएका मुद्दामा पीडित एवं जाहेरवाला गवाहहरूलाई मुद्दा पेश गर्दा कै बखत पेश गर्नेतर्फ आवश्यक कारवाही गर्न गराउन मातहतका जिल्ला प्रहरी कार्यालयलाई निर्देशन गर्नु भनी गृह मन्त्रालय एवं प्रहरी प्रधान कार्यालयको नाममा परमादेश जारी हुने,
- नियमित सुनुवाइ गरिने भनी नियमावलीले तोकेका मुद्दाहरूमा प्रतिवादीहरू चुक्ता भइसकेको भए अनुसन्धान अधिकृतसँग समयमै सम्पर्क र समन्वय कायम गरी अभियोगपत्र पेशगर्दाकै बखत त्यस्ता

---

[५३] ने.का.प.२०६६ अंक १२ नि.नं. ८२८२।

[५४] ने.का.प.२०७० अंक ११ नि.नं. ९०७८।

साक्षी गवाहहरूलाईसमेत बकपत्र गर्न पेश गर्नु भनी मातहतका सरकारी वकीललाई निर्देशन जारी गर्नु भनी महान्यायाधिवक्ताको कार्यालयका नाममा परमादेश जारी हुने,

- सर्वोच्च अदालतबाट मातहतका अदालतहरूलाईसमेत नियमित सुनुवाइ सम्बन्धी व्यवस्थाको कार्यान्वयन हुने गरी मुद्दा सुनुवाइ तालिका (Case Hearing Calendar) तयार गरी लागू गर्न गराउनु भनी परमादेश जारी हुने,
- सर्वोच्च अदालतबाट जारी गरिएको नियमावलीले गरेको नियमित सुनुवाइसम्बन्धी व्यवस्थाहरूको आफ्ना मातहतका जिल्ला अदालतबाट कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन एवं निरीक्षण गरी सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी पुनरावेदन अदालतका मुख्य न्यायाधीशका नाममा परमादेश जारी हुने,
- जिल्ला अदालत नियमावलीमा भएको नियमित सुनुवाइसम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागि निवेदकलगायतका संस्थासँग सहकार्य गरी निर्देशिका बनाई लागू गर्नू गराउनु भनी सर्वोच्च अदालतका नाममा परमादेश जारी हुने।

यस रिट निवदनमा पीडितलाई न्यायस्वरूप कानूनबमोजिमको क्षतिपूर्तिलगायतको राहत उचित र मनासिब समयभित्रै उपलब्ध गराउनको लागि हाल प्रचलनमा रहेको परम्परागत फौजदारी न्याय प्रशासनको कार्यशैलीमा परिवर्तन गरी फौजदारी मुद्दाहरूको सुनुवाइ प्रक्रिया लगातारूपमा गरेर शीघ्र न्यायिक विन्दुमा पुग्नु पर्ने कुरा भनिएको छ। यसका लागि नियमावलीको लगातार सुनुवाइ सम्बन्धी व्यवस्थाको प्रयोगलाई बाध्यात्मक बनाउनुका साथै मुद्दा प्रवाहको व्यवस्थापनमा देखिएका समस्याहरूलाई निराकरण गरी मुद्दाका पक्षलाई छिटो छरितो न्याय प्रदान गर्ने उद्देश्यले उक्त कानूनी व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यक संयन्त्रहरूको निर्माण गर्नसमेत जरूरी हुने भनी विवेचना गरिएको पाइन्छ। लगातार कारवाही र सुनुवाइको लागि नियमावलीको व्यवस्था स्वतः कार्यान्वयनमा आउन सक्दैन भनी यसको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला पक्षका साथै हरेक निकाय एवम् पदाधिकारीहरूको निरन्तर सहयोग र समन्वय हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ।

यसका साथै जिल्ला अदालत नियमावली २०५२ को नियम २३ग मा उल्लिखित लगातार सुनुवाइको कानुनी व्यवस्था निश्चित रुपले कार्यान्वयन गर्न गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, सर्वोच्च अदालतका रजिष्ट्रार र प्रहरी प्रधान कार्यालय समेतका नाउँमा निम्नानुसारको परमादेश जारी भएको पाइन्छः

- अपहरण तथा शरीर बन्धक, आगलागी, घरेलु हिँसा, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध जस्ता मुद्दामा पिडित एवं समाजका अन्य व्यक्तिले जुन रुपमा छिटोछरितो र प्रभावकारी न्याय सम्पादनको आशा गरेका हुन्छन् त्यो पुरा हुन नसकेको अनुभव भएको छ।
- कसूरदारलाई छिटो न्यायिक प्रक्रियामा उभ्याइ उचित दण्ड दिने र निर्दोषले सफाइ लिने तथा पीडितले पाउने उपचार एवम् राहत पनि अबिलम्ब पाउने व्यवस्थाको लागि यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनु जरुरी छ। यसबाट न्यायमा पहुँच बढ्ने, न्यायिक प्रक्रियाको प्रभावकारिता हासिल हुने र मुलुकको न्याय व्यवस्था माथि नै आस्था बढ्न मद्दत पुग्ने हुन्छ।

- यस कानुनी व्यवस्थालाई ऐच्छिक नभई बाध्यात्मक बनाउन जो चाहिने निर्देशिका बनाउन, आवश्यक साधन र स्रोतको लागि सरकारसँग वजेट बिनियोजन गराउने, अदालतभित्रै एक संयन्त्र गठन गरी जो चाहिने व्यवस्था मिलाउन सर्वोच्च अदालतका रजिष्टारका नाँउमा र अनुगमन तथा निरिक्षण महाशाखाले अनुगमन गर्ने समेतका लागि परमादेश जारी भएको छ।
- साथै फौजदारी मुद्दाको निरन्तर सुनुवाइका लागि अपराध अनुसन्धान एवं अभियोजन सम्बन्धी निकायको सहयोग र सहभागिताको शुरुदेखि नै जरुरी हुने हुनाले त्यस प्रयोजनका लागि आवश्यक तयारी गर्न र अदालतबाट आदेश भएका बखत आफ्नो साक्षी प्रमाण आदि उपस्थित गराउने निश्चितताको लागि जो चाहिने संसाधन सहितका व्यवस्था गर्नु गराउनु भनी आदेश भएको पाइन्छ।

# परिच्छेद सात
# तथ्याङ्क विश्लेषण

## ७.१ मुद्दा फछ्र्यौट र फछ्र्यौटको अवधि

यस अनुसन्धानमा विद्यमान कानूनी व्यवस्था तथा सर्वोच्च अदालतको निर्देशनात्मक आदेशले बाध्यात्मक बनाएको लगातार सुनुवाइ सम्बन्धी व्यवस्थाको प्रयोग उपत्यकाका तीन वटा जिल्ला अदालतमा कसरी भइरहेको छ भनी अध्ययनको लागि जबर्जस्ती करणी मुद्दालाई नमुनाको रुपमा लिइएको थियो। आ. व. २०७५/२०७६ देखि आ.व. २०७८/२०७९ सम्मको चार वर्षको अवधिको काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत तथा भक्तपुर जिल्ला अदालतमा उक्त मुद्दाको दर्ता तथा फछ्र्यौट सम्बन्धी विस्तृत विवरण देहायको तालिका नं १, तालिका नं. २ र तालिका नं. ३ मा दिइएको छ। त्यसैगरी काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत तथा भक्तपुर जिल्ला अदालतमा मुद्दाको फछ्र्यौटको अवधि सम्बन्धी विस्तृत विवरण तालिका नं ४, तालिका नं. ५ र तालिका नं. ६ मा दिइएको छ। :-

(क) मुद्दाको फछ्र्यौट

- काठमाडौं जिल्ला अदालत

मुद्दाको फछ्र्यौट सम्बन्धी विवरण हेर्दा तोकिएको अवधिगत रुपमा सबै अदालतमा मुद्दा फछ्र्यौट प्रतिशत क्रमशः घट्दै गईरहेको देखिन्छ। काठमाडौं जिल्ला अदालतको तथ्याङ्क हेर्दा आ.व. २०७५/२०७६ मा ९७%, आ.व. २०७६/२०७७ मा ९३% र आ.व. २०७७/२०७८ मा ८३% ले मुद्दा फछ्र्यौट भएकोमा २०७८/२०७९ मा ४९% मात्र मुद्दा फछ्र्यौट भएको देखिन्छ।

<u>तालिका १</u>

| काठमाडौ जिल्ला अदालतको मुद्दा दर्ता र फछ्र्यौट | | | | |
|---|---|---|---|---|
| क्र.सं | आ.व. | जम्मा मुद्दा दर्ता | जम्मा मुद्दा फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
| १ | २०७५/२०७६ | २०४ | १९८ | ९७% |
| २ | २०७६/२०७७ | २०५ | १९० | ९३% |
| ३ | २०७७/२०७८ | १६७ | १४४ | ८६% |
| ४ | २०७८/२०७९ | २४४ | ११९ | ४९% |
| **जम्मा** | | **८२०** | **६५१** | **७९%** |

- ललितपुर जिल्ला अदालत

ललितपुर जिल्ला अदालतको तथ्याङ्क विवरणको अध्ययन गर्ने हो भने मुद्दा फछ्र्यौट आ.व. २०७५/२०७६ मा १००%, आ.व. २०७६/२०७७ मा ९८४%, आ.व. २०७७/२०७८ मा ९४%, आ.व. २०७७/२०७८ मा ९४% र आ.व. २०७८/२०७९ मा ७७% भएको पाइन्छ। यस तथ्याङ्क अनुसार आ.व. २०७७/२०७८ बाट आ.व. २०७८/२०७९ मा मुद्दाको फछ्र्यौट १८% ले घटेको देखिन्छ।

**तालिका २**

| **ललितपुर जिल्ला अदालतको मुद्दा दर्ता र फछ्र्यौट** | | | | |
|---|---|---|---|---|
| क्र.सं | आ.व. | जम्मा मुद्दा दर्ता | जम्मा मुद्दा फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
| १ | २०७५/२०७६ | २९ | २९ | १००% |
| २ | २०७६/२०७७ | ५४ | ५३ | ९८% |
| ३ | २०७७/२०७८ | ४७ | ४४ | ९४% |
| ४ | २०७८/२०७९ | ३५ | २७ | ७७% |
| **जम्मा** | | **१६५** | **१५३** | **९३%** |

- भक्तपुर जिल्ला अदालत

भक्तपुर जिल्ला अदालतको तथ्याङ्क विवरणको अध्ययन गर्ने हो भने मुद्दा फछ्र्यौट प्रति आ.व. राम्रो नै देखिन्छ। यस अदालतमा आ.व. २०७५/२०७६ मा १००%, आ.व. २०७६/२०७७ मा १००%, आ.व. २०७६/२०७७ मा ९५% र आ.व. २०७७/२०७८ मा ९४% फछ्र्यौट भएको देखिन्छ। समग्रमा जिल्ला अदालतहरूको तथ्याङ्क हेर्दा औषतमा काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला क्रमशः ७९% , ९३% र ९७% रहेको तथ्याङ्कले देखाएको छ। यसबाट काठमाडौं जिल्ला अदालतको मुद्दा फछ्र्यौटको अवस्था अझै सुधारिनु पर्ने देखिन आउँछ।

**तालिका ३**

| **भक्तपुर जिल्ला अदालतको मुद्दा दर्ता र फछ्र्यौट** | | | | |
|---|---|---|---|---|
| क्र.सं | आ.व. | जम्मा मुद्दा दर्ता | जम्मा मुद्दा फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
| १ | २०७५/२०७६ | ३३ | ३३ | १००% |
| २ | २०७६/२०७७ | ३३ | ३३ | १००% |
| ३ | २०७७/२०७८ | ४२ | ४० | ९५% |
| ४ | २०७८/२०७९ | ३५ | ३३ | ९४% |
| **जम्मा** | | **१४३** | **१३९** | **९७%** |

(ख) मुद्दाको फछ्र्यौट अवधि

- काठमाडौं जिल्ला अदालत

लगातार सुनुवाइको जबर्जस्ती करणीको मुद्दा फछ्र्यौट हुन लागेको अवधि बारे अध्ययन गर्नका लागि संकलन गरिएको तथ्याङ्कको आधारमा हेर्दा काठमाडौं जिल्ला अदालतको आ.व. २०७५/२०७६ को ६ महिना भित्र जम्मा ४०.९% मुद्दा मात्र फछ्र्यौट भएकोमा त्यस पछिका आ.व.मा यो प्रतिशत अझ घटेको देखिन्छ। आ.व. २०७६/२०७७, आ.व. २०७७/२०७८ र आ.व. २०७८/२०७९ को पहिलो ६

महिना भित्र क्रमशः २३.७%, १९.४% र २२.७% मुद्दा मात्र फछ्र्यौट भएको देखिन्छ। औषतमा हेर्दा पनि जम्मा २७.८% मात्र मुद्दा फछ्र्यौट भएको देखिन्छ। यस बाहेक प्राय सबै आ.व. मा मुद्दा फछ्र्यौट अवधि १ देखि २ वर्ष लागेको पाक्षन्छ। पहिलो र दोस्रो आ.व.मा मुद्दा फछ्र्यौट हुनको लागि ३ वर्ष भन्दा बढी अवधिसमेत लागेको तथ्याङ्कले बताएको छ। फरक मुद्दा व्यवस्थापन दिग्दर्शनको व्यवस्थानुसार पनि समान्यता यस अनुसूचीको मुद्दा १८० दिन भित्र फछ्र्यौट हुनु पर्ने प्रावधानको कसीमा यस तथ्याङ्कलाई हेर्दा सो प्रावधानको कार्यन्वयन भएको पाइँदैन। यसको विस्तृत विवरण तालिका नं. ४ मा दिइएको छ।

**तालिका ४**

**फछ्र्यौट हुन लागेको अवधि (काठमाडौं जिल्ला अदालत)**

| क्र.सं | आ.व | फछ्र्यौट हुन लागेको अवधि | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ महिना भित्र | १-३ महिना भित्र | ३-६ महिना भित्र | ३-एक वर्ष भित्र | ९-एक वर्ष भित्र | १-२ वर्ष | २-३ वर्ष | ३ वर्ष माथि | जम्मा फछ्र्यौट |
| १ | २०७५/२०७६ | ४ | २७ | ५० | ३३ | २२ | ३२ | १७ | १३ | **१९८** |
| | प्रतिशत | २.०% | १३.६% | २५.३% | १६.७% | ११.१% | १६.२% | ८.६% | ६.६% | |
| २ | २०७६/२०७७ | ४ | १४ | २७ | २० | २४ | ५४ | ३९ | ८ | **१९०** |
| | प्रतिशत | २.१% | ७.४% | १४.२% | १०.५% | १२.६% | २८.४% | २०.५% | ४.२% | |
| ३ | २०७७/२०७८ | १ | ६ | २१ | २१ | २१ | ५६ | १८ | ० | **१४४** |
| | प्रतिशत | ०.७% | ४.२% | १४.६% | १४.६% | १४.६% | ३८.९% | १२.५% | ० | |
| ४ | २०७८/२०७९ | ३ | ९ | १५ | २५ | २२ | ४५ | ० | ० | **११९** |
| | प्रतिशत | २.५% | ७.६% | १२.६% | २१.०% | १८.५% | ३७.८% | ० | ० | |
| **औषत** | | **१.८%** | **८.६%** | **१७.४%** | **१५.२%** | **१३.७%** | **२८.७%** | **११.४%** | **३.२%** | **७९%** |

- ललितपुर जिल्ला अदालत

ललितपुर जिल्ला अदालतको तथ्याङ्क हेर्दा आ.व. २०७५/२०७६ को ६ महिना भित्र जम्मा ५८.६% मुद्दा फछ्र्यौट भएकोमा त्यस पछिका आ.व.हरू मा यस अदालतमा पनि यो प्रतिशत घटेको देखिन्छ। आ.व. २०७६/२०७७, आ.व. २०७७/२०७८ र आ.व. २०७८/२०७९ को पहिलो ६ महिना भित्र क्रमशः २०.८%, २०.५% र २५.९% मुद्दा मात्र फछ्र्यौट भएको पाइन्छ। औषतमा पनि जम्मा २८.८% मात्र मुद्दा फछ्र्यौट भएको देखिन्छ। यस बाहेक प्राय पहिलो आ.व. बाहेक अन्य सबै आ.व. मा मुद्दाहरू फटर्यौट हुन १ देखि २ वर्ष लागेको तथ्याङ्कले बताएको छ। यस अदालतमा पनि १८० दिन भित्र फछ्र्यौट हुनु पर्ने प्रावधानको कसीमा यस तथ्याङ्कलाई हेर्दा सो प्रावधानको प्रभावकारी कार्यन्वयन भएको पाइँदैन। यससम्बन्धी विस्तृत विवरण तालिका नं. ५ मा दिइएको छ।

**तालिका ५**

| फछ्र्यौट हुन लागेको अवधि (ललितपुर जिल्ला अदालत) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | आ.व | १ महिना भित्र | १-३ महिना भित्र | ३-६ महिना भित्र | ६-९ महिना भित्र | ९-एक वर्ष भित्र | १-२ वर्ष | २-३ वर्ष | जम्मा फछ्र्यौट |
| १ | २०७५/२०७६ | २ | ५ | १० | ६ | ५ | १ | ० | २९ |
| | प्रतिशत | ६.९% | १७.२% | ३४.५% | २०.७% | १७.२% | ३.४% | ० | |
| २ | २०७६/२०७७ | ० | २ | ९ | ३ | ८ | २४ | ७ | ५३ |
| | प्रतिशत | ० | ३.८% | १७.०% | ५.७% | १५.१% | ४५.३% | १३.२% | |
| ३ | २०७७/२०७८ | १ | ५ | ३ | ९ | ३ | १६ | ७ | ४४ |
| | प्रतिशत | २.३% | ११.४% | ६.८% | २०.५% | ६.८% | ३६.४% | १५.९% | |
| ४ | २०७८/२०७९ | १ | २ | ४ | ७ | ५ | ८ | ० | २७ |
| | प्रतिशत | ३.७% | ७.४% | १४.८% | २५.९% | १८.५% | २९.६% | ० | |
| औषत | | २.६% | ९.२% | १७.०% | १६.३% | १३.७% | ३२.०% | ९.२% | ९३% |

- भक्तपुर जिल्ला अदालत

भक्तपुर जिल्ला अदालतको तथ्याङ्क हेर्दा आ.व. २०७५/२०७६ को ६ महिना भित्र जम्मा १८.२% मुद्दा फछ्र्यौट देखिन्छ। यसै समायावधिमा आ.व. २०७६/२०७७ को तथ्याङ्कलाई हेर्दा ९.१% मुद्दा फछ्र्यौट भएको पाइन्छ। आ.व. २०७७/२०७८ र आ.व. २०७८/२०७९ मा फछ्र्यौटको अवधि बढेर क्रमशः ३२.५% र ५२% भएको देखिन्छ। तर विगतका वर्षहरूका कारण ६ महिनाभित्र भने औषतमा मुद्दा फछ्र्यौट २८.१% रहेको देखिन्छ। यस अदालतमा पनि १८० दिन भित्र फछ्र्यौट हुनु पर्ने प्रावधानको कसीमा यस तथ्याङ्कलाई हेर्दा सो प्रावधानको प्रभावकारी कार्यन्वयन भएको नपाइए पनि सुधारात्मक संकेत भने देख्न सकिन्छ। यस सम्बन्धी विस्तृत विवरण तालिका नं ६ मा रहेको छ।


**तालिका ६**

| फछ्र्यौट हुन लागेको अवधि (भक्तपुर जिल्ला अदालत) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | आ.व | फछ्र्यौट हुन लागेको अवधि | | | | | | | |
| | | १ महिना भित्र | १-३ महिना भित्र | ३-६ महिना भित्र | ६-९ महिना भित्र | ९-एक वर्ष भित्र | १-२ वर्ष | २-३ वर्ष | जम्मा फछ्र्यौट |
| १ | २०७५/२०७६ | ० | १ | ५ | ६ | ३ | १२ | ६ | ३३ |
| | प्रतिशत | ० | ३.०% | १५.२% | १८.२% | ९.१% | ३६.४% | १८.२% | |
| २ | २०७६/२०७७ | ० | १ | २ | ४ | ४ | १९ | ३ | ३३ |
| | प्रतिशत | ० | ३.०% | ६.१% | १२.१% | १२.१% | ५७.६% | ९.१% | |
| ३ | २०७७/२०७८ | ० | ३ | १० | १० | ५ | ११ | १ | ४० |
| | प्रतिशत | ० | ७.५% | २५.०% | २५.०% | १२.५% | २७.५% | २.५% | |
| ४ | २०७८/२०७९ | १ | ७ | ९ | ५ | ७ | ४ | ० | ३३ |
| | प्रतिशत | ३% | २१.२% | २७.३% | १५.२% | २१.२% | १२.१% | ० | |
| औषत | | ०.७% | ८.६% | १८.७% | १८.०% | १३.७% | ३३.१% | ७.२% | ९७% |

## ७.२ लगातार सुनुवाइको कार्यान्वयन सम्बन्धी अभ्यास

अनलाइन प्रश्नावलीद्वारा लगातार सुनुवाइको कार्यान्वयन सम्बन्धी कस्तो अभ्यास रहेको छ भनी सोधिएको प्रश्नमा ५६.१% ले कार्यान्वयन सन्तोषजनक रहेको भनी प्रतिक्रिया दिएका छन्। बाध्यात्मक व्यवस्था भएकोमा उत्तरदाताको अनुभवमा भने कार्यान्वयन ६०% भन्दा कम रहेबाट उक्त व्यवस्थाको कार्यन्वयन प्रभावकारी रुपमा नभएको देखिन्छ। यस सम्बन्धी तथ्याङ्क चित्र नं. १ मा प्रस्तुत गरिएको छ।


**चित्र नं. १**




## ७.३ लगातार सुनुवाइ सम्बन्धी छुट्टै फाँट, छुटै दर्ता तथा छुटै सुनुवाइको प्रयोग

लगातार सुनुवाइ सम्बन्धी छुट्टै फाँट, छुटै दर्ता तथा छुटै सुनुवाइको प्रयोग भएको छ कि छै भन्ने प्रश्नमा ६८.३% ले भएको छैन भनी उत्तर दिएका छन्। त्यसैगरी यस व्यवस्था कुनै मुद्दामा गरिएको तथा कुनै नगरिएको भनी १२.२% ले तथा प्रयास जारी रहेको भनी १२.२% ले भनेका छन्। यसबाट यस व्यवस्थाको प्रयोगको शुरुवात हुन लागेको देखिए पनि हालको अवस्थामा कार्यन्वयन भई रहेको भन्ने स्थिति देखिएको छैन। यस सम्बन्धी तथ्याङ्क चित्र नं. २ मा प्रस्तुत गरिएको छ।


**चित्र नं. २**




### ७.४ लगातार सुनुवाइमा बन्द इजलासको प्रयोग

सुनुवाइमा बन्द इजलासको प्रयोग भए नभएको भन्ने विषयमा प्रश्न गर्दा ६८.३% ले बन्द इजलासको प्रयोग भएको व्यहोरा उल्लेख गरेका छन्। जबर्जस्ती करणी सम्बन्धी कसूर बाहेक भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर र गर्भ संरक्षण सम्बन्धी कसूरसमेत लगातार सुनुवाइ गर्नु पर्ने प्रकृतिका कसूर भएको तर ती कसूरहरू (जबर्जस्ती करणी बाहेक) मा गोपनियता कायम गर्नेका लागि बन्द इजलासमा सुनुवाइको अनुरोध भएकोमा अदालतको आदेशबाट मात्र बन्द इजलासको प्रयोग हुने भएकोले लगातार सुनुवाइ हुने मुद्दाहरूमा १००% नै बन्द इजलासमा नहुन सक्छ। तर यस प्रकारको सुनुवाइ सम्वेदनशील मुद्दाको कारवाहीमा हुने भएकोले बन्द इजलासको प्रयोगको प्रतिशत अझ बढी भएको अवस्थालाई मात्र लगातार सुनुवाइको कार्यान्वयनको स्थिति प्रभावकारी भएको मान्न सकिन्छ। यस सम्बन्धी विस्तृत विवरण देहायको चित्र नं. ३ मार्फत प्रस्तुत गरिएको छ।


**चित्र नं. ३**




### ७.५ लगातार सुनुवाइमा गोपनियता कायम सम्बन्धी

लगातार सुनुवाइमा गोपनियता कायम भए नभएको भन्ने विषयमा प्रश्न गर्दा ७३.१% ले गोपनियता कायम भएको भनी प्रतिक्रिया दिएका छन्। माथिको बुँदामा उल्लेख गरिए जस्तै कानून बमोजिम गोपनियता कायम राख्नु पर्ने मुद्दामा बाहेक पनि गोपनियता कायम गर्ने आवश्यक रहेको भनी अनुरोध भएकोमा अदालतको आदेशबाट मात्र गोपनियता कायम हुने[५५] भएकोले लगातार सुनुवाइ हुने मुद्दाहरूमा १००% नै गोपनियता नहुन सक्छ। तर यस प्रकारको सुनुवाइ सम्वेदनशील मुद्दाको कारवाहीमा हुने भएकोले यस खण्डको प्राप्त उत्तरको प्रतिशतले लगातार सुनुवाइको कार्यान्वयन रहेको तर सो प्रभावकारी भएको मान्न सकिन्छ। यस सम्बन्धी विस्तृत विवरण देहायको चित्र नं. ४ मार्फत प्रस्तुत गरिएको छ।

**चित्र नं. ४**





---

[५५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १८३।

### ७.६ जघन्य र गम्भीर किसिमका मुद्दाको सुनुवाइमा शीघ्रता भए नभएको

अर्को प्रश्नमा जघन्य र गम्भीर किसिमका मुद्दाको सुनुवाइ के कति छिटो छरितो रुपमा भईरहेको छ भनी सोधिएकोमा समयमै सुनुवाइ हुने गरेको छ भन्ने वैकल्पिक उत्तरमा २५% भन्दा कम प्रतिक्रिया प्राप्त भएको छ। यस तथ्याङ्कले विभिन्न किसिमका ढिलाई हुने प्रतिशत ७५ भन्दा बढी रहेकोले लगातार सुनुवाइ सम्बन्धी व्यवस्थाको प्रभावकारी रुपमा लागू हुनु पर्ने आवश्यकता प्रचुर मात्रामा देखिएको छ। यस तथ्याङ्कलाई चित्र नं. ५ मा प्रस्तुत गरिएको छ।


**चित्र नं. ५**




### ७.७ फैसला गर्ने अधिकारीले लगातार सुनुवाइको कार्यान्वयनप्रति दिइएको ध्यान

फैसला गर्ने अधिकारीले लगातार सुनुवाइको कार्यान्वयनप्रति ध्यान दिए नदिएको सम्बन्धमा भोगेको अनुभव बारे प्रश्न गर्दा जम्मा ४.९% ले मात्र अनुभव राम्रो रहेको बताएका छन् भने बेवास्ता गरेको भनी २.४% ले र अलि अलि मात्र ध्यान दिएको भनी २६.८% प्रतिक्रिया दिएबाट लगभग ३०% ले यस व्यवस्थाको कार्यन्वयन प्रति चासो नदिनु भनेको लगातार सुनुवाइको कार्यान्वयनका सन्दर्भमा संवेदनशील नभएको तथ्य पुष्टि हुन्छ। यस सम्बन्धी तथ्याङ्क चित्र नं. ६ मा देखाइएको छ।


चित्र नं. ६




### ७.८ लगातार सुनुवाइ गर्नुपर्ने मुद्दामा न्यायाधीशले थुनछेक आदेशमा गर्ने व्यहोरा उल्लेखन

लगातार सुनुवाइ गर्नुपर्ने मुद्दामा न्यायाधीशले थुनछेक आदेशमा सो सम्बन्धी व्यहोरा उल्लेख हुने गरे नगरेको सम्बन्धमा प्रश्न गर्दा करिब ५०% ले आदेशमा लगातार सुनुवाइमा राख्नु भन्ने व्यहोराको आदेश भएको पाइएको उल्लेख गरेका छन् भने केहीमा मात्र पाइन्छ भन्नेमा ४३.९% रहेको देखिन्छ। यस सन्दर्भमा हेर्दा लगातार सुनुवाइको प्रभावकारी कार्यन्वयनमा थुनछेक आदेशमा लगातार सुनुवाइ प्रक्रियालाई शीघ्रता प्रदान गर्ने किसिमको व्यवहोरा उल्लेख हुनुपर्ने तथा लगातार सुनुवाइमा राख्नु भन्ने व्यहोरा समेत राख्दा उपयुक्त हुने देखिन्छ।

चित्र न. ७



## ७.९ आदेशमा लगातार सुनुवाइ हुने व्यवहोरा उल्लेखन हुँदाको अवस्था

थुनछेक आदेशमा उल्लेख हुने व्यहोरा सम्बन्धमा खुला प्रश्न गर्दा देहायका विवरण तथा आदेशको नमूनासमेत प्राप्त भएको छ, जुन देहाय बमोजिम रहेका छन्।

(क) आदेशमा उल्लेख भएका व्यहोरा

- निरन्तर सुनुवाइमा राख्नु भनेर
- व्यहोरासम्म उल्लेख
- लगातार सुनुवाइको मुद्दा भएको हुनाले प्रस्तुत मुद्दालाई अग्राधिकारमा राखी नियमानुसार पेस गर्नू
- मिति तोकेर बकपत्रको आदेश हुने गरेको
- सामान्यतय एक हप्ताको बकपत्र पेशी तोक्ने गरिएको, १० दिन भित्र, यथासक्य चाँडौ पेशीमा राख्नु
- पीडितलाई दिन किटान गरी उपस्थित गराउन, पीडितको सुरक्षाको लागि प्रहरीलाइ आदेश दिने
- विशेषज्ञ बुझ्नु पर्ने भए उपस्थित गराइ बकपत्र गर्न, परीक्षण प्रतिवेदन झिकाउने
- व्यहोरा उल्लेख भएको।


(ख) उदाहरणको लागि नमुना आदेशमा देहाय बमोजिम गरिने गरेकोसमेत पाइएको छः-

- प्रतिवादी चुक्ता भइसकेको र निरन्तर सुनुवाइ हुने मुद्दा भएकोले वादी नेपाल सरकारको साक्षी जिल्ला सरकारी वकील कार्यालयमार्फत र प्रतिवादीको साक्षी निजैमार्फत उपस्थित गराउन लगाई बकपत्रको कार्य शीघ्र सम्पन्न गराई पेश गर्नू। वा बकपत्रको लागि पेश गर्नू।
- प्रतिवादी चुक्ता भईसकेको र प्रस्तुत मुद्दा निरन्तर सुनुवाइ गरी छिटो किनारा लगाउनु पर्ने प्रकृतिको हुँदा पीडित जाहेरवाला, मौकामा कागज गर्ने पूर्णबहादुर आले समेतका सरकारी साक्षीहरूलाई जिल्ला सरकारी वकील कार्यालय मार्फत् र प्रतिवादीका साक्षीहरूलाई निज मार्फत् उपस्थित गराउन लगाई १५ दिन भित्रै बकपत्र कार्य सम्पन्न गराई नियमानुसार पेश गर्नू।
- प्रस्तुत मुद्दा लगातार सुनुवाइको प्रक्रियाबाट हेर्नुपर्ने भएकोले आदेशबमोजिमको कार्य यथाशिघ्र सम्पन्न गरी मिति.......को पेशी तोक्नू।

## ७.१० अभियोजनपत्र दर्ता गर्दा कै अवस्थामा बकपत्रको लागि साक्षीको उपस्थिति सम्बन्धी अभ्यास

अभियोजनपत्र दर्ता गर्दा कै अवस्थामा साक्षी उपस्थित गराई बकपत्र गरिएको छ छैन भन्ने प्रश्नको प्रतिक्रियमा ५३.७% ले केही मुद्दामा मात्र छ उपस्थित गराई बकपत्र गराइएको र ३१.७% ले त्यस्तो कार्य गर्ने नगरेको व्यहोरा उल्लेख गरेका छन्। यसबाट मुद्दाको शीघ्र कारवाही तथा लगातार सुनुवाइको महत्वलाई ध्यान नदिएको पुष्टि हुन आउँछ। यस सम्बन्धी तथ्याङ्क चित्र नं. ८ मा प्रस्तुत गरिएको छ।


**चित्र नं. ८**




**७.११ सरकारवादी फौजदारी मुद्दालाई लगातार सुनुवाइमा राख्नको लागि अभिजोनपक्षको अनुरोध**

सरकारवादी फौजदारी मुद्दालाई लगातार सुनुवाइमा राख्नको लागि अभिजोनपक्षले अनुरोध गर्ने गरे नगरेको सम्बन्धमा प्रश्न गर्दा यस प्रकारको अभ्यासमा एकरुपता नरहेको तथ्याङ्कले देखाएको छ। ५३.६% ले केही मुद्दामा यस प्रकार अनुरोध गर्ने गरेको व्यहोरा उल्लेख गरेका छन् भने यस प्रकारको अभ्यास सबै मुद्दामा रहेको र समान्यताया यस प्रकारको अभ्यास नरहेको भन्ने प्रतिक्रिया बराबर रुपमा प्राप्त भएबाट सर्वोच्च अदालतबाट महान्यायाधिवक्ता कार्यलयलाई जारी भएको निर्देशनात्मक आदेशको प्रभावकारी कार्यन्वयन नभएको देखिन्छ। चित्र नं. ९ मा यस सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।


**चित्र नं. ९**



### ७.१२ सरकारवादी फौजदारी मुद्दामा लगातार सुनुवाइमा राख्नको लागि प्रतिवादीका कानून व्यवसायीको अनुरोध

सरकारवादी फौजदारी मुद्दामा लगातार सुनुवाइमा राख्नको लागि प्रतिवादीका कानून व्यवसायीले अनुरोध गर्ने गरे नगरेको सम्बन्धमा प्रश्न गर्दा ४८.८% ले केही मुद्दामा यस प्रकार यस प्रकारको अभ्यास रहेको व्यहोरा उल्लेख गरेका छन्। त्यसैगरी ४१.५% ले समान्यताया यस प्रकारको अनुरोध गर्ने कार्य नगरेको भन्ने प्रतिक्रिया दिएका छन्। यस तथ्यबाट प्रतिवादी कानून व्यवासायी मुद्दाका पक्ष, विशेषगरी पीडितप्रति संवेदनशील नभएको तथा आफ्नो भूमिका उचित रुपले निर्वाह नगरेको देखिन्छ। चित्र नं. १० मा यस सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।


<u>**चित्र नं. १०**</u>




### ७.१३ लगातार सुनुवाइमा बार, सरकारी वकील र प्रहरीको सहयोग र समन्वय

लगातार सुनुवाइमा बार, सरकारी वकील र प्रहरीको सहयोग र समन्वय बारे प्रश्न गर्दा ७८% ले ठीकै रहेको भनी उल्लेख गरेका पाइएको छ भने कसैले पनि ती निकायहरूबिच सहयोग र समन्वय राम्रो छ भनी उल्लेख नगरिएबाट लगातार सुनुवाइको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला पक्षका साथै सबै निकाय एवम् पदाधिकारीहरूको निरन्तर सहयोग र समन्वयको वातावरण बनाउनु पर्ने आवश्यकता देखिएको छ।


**चित्र नं. ११**




### ७.१४ लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुनुमा जिम्मेवार पक्ष

लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुनुमा सबै पक्षहरू नै जिम्मेवारी रहेको तथ्याङ्कले देखाएको छ। यस विकल्पलाई समर्थन गर्दै ९३% ले सो व्यहोरा उल्लेख गरेका छन्। यसले सबै पक्षहरू आफ्नो भूमिकाबाट पञ्छिन नहुने र इमान्दारिताका साथ कार्य गर्नुपर्ने देखिन आउँछ।


**चित्र नं. १२**




### ७.१५ न्याय प्रशासनभित्र लगातार सुनुवाइलाई दिइएको महत्व

न्याय प्रशासनभित्र लगातार सुनुवाइलाई महत्व दिए नदिएको सन्दर्भमा प्रश्न गर्दा केही हद सम्म महत्व दिइएको भनी ६५.९% ले र २९.३% ले यस विषयलाई कम महत्व दिइएको भनी उल्लेख गरेबाट यो विषय न्याय प्रशासनको दृष्टिबाट ओझेल रहेको देखिन्छ। यसले गर्दा छिटो छरितो न्याय तथा अनुमान योग्य न्यायिक प्रक्रिया भन्ने जस्ता उद्देश्य हासिल गर्न सहज रहेको देखिंदैन।


चित्र नं. १३




### ७.१६ लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुँदा न्याय प्रशासनमा पर्ने प्रभाव

लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुँदा न्याय प्रशासनमा पर्ने प्रभाव बारे प्रश्न गर्दा यस अवस्थाले मुद्दा प्रक्रिया लामो हुने, पीडित अझै पीडित हुने, अदालतप्रतिको जनआस्था घट्ने र पक्षले हैरानी पाउँने भनी क्रमशः ३९%, ३६.६%, १७.१% र ७.३% ले आफ्नो राय व्यक्त गरेका छन्। यसबाट यो प्रक्रिया अत्यन्तै महत्वपूर्ण रहेको देखिन्छ।

चित्र नं. १४





### ७.१७ पीडितलाई अन्तरिम क्षतिपूर्ति राहत उपलब्धता

पीडितलाई अन्तरिम क्षतिपूर्ति राहत उपलब्ध गराउन सकिने प्रकृतिका लगातार सुनुवाइसम्बन्धी मुद्दामा अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने गरे नगरेको अभ्यासमा बुझ्दा यसमा एक रुपता नरहेको देखिएको छ।

यसको पुष्टि चित्र नं. १५ को तथ्याङ्कबाट भएको छ। करिब ५६% ले यस प्रकारको व्यहोरा उल्लेख गेको पाइन्छ। त्यस्तै ३१.७% ले यस प्रकारको अन्तरिम क्षतिपूर्ति उपलब्ध नगराइएको भनी राय व्यक्त गरेका छन्। यसबाट लगातार सुनुवाइ हुने मुद्दामा अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने अभ्यास रहेको देखिंदैन।


<u>चित्र नं. १५</u>




**७.१८ लगातार सुनुवाइ प्रकृया अन्तर्गत मुद्दाको किनारा गर्दाको उपयुक्त समयावधि**

लगातार सुनुवाइ प्रकृया अन्तर्गत मुद्दाको किनारा गर्न लाग्ने उपयुक्त समयावधि बारे प्रश्न गर्दा ५३.७% ले तीन महिनाभित्र मुद्दाको किनारा गर्दा उपयुक्त हुने राय व्यक्त गरेका छन्। यस सम्बन्धमा खुला प्रश्न (प्रश्न नं. २२) पनि सोधिएको थियो। मुद्दाको प्रकृति हेरेर १ महिना देखि ६ महिनासम्म मुद्दाको किनारा गर्न सकिने राय व्यक्त गरेका छन्। लगातार सुनुवाइको प्रभावकारी कार्यान्वयन हुनका लागि मुद्दाको प्रकृति हेरेर सामान्यतया ३ महिनाभित्र र विशेष परिस्थितिमा ६ महिनाभित्र मुद्दाको किनारा गरेमा उत्तम मानिन्छ।


<u>चित्र नं. १६</u>



### ७.१९ लगातार सुनुवाइ सम्बन्धी निर्देशिकाको आवश्यकता

लगातार सुनुवाइ सम्बन्धी निर्देशिकाको आवश्यकता भए नभएको भन्ने प्रश्नको उत्तरमा ९७.६% ले निर्देशिकाको आवश्यकता रहेको भनेको पाइएको छ। यसबाट अस्पष्ट व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस सम्बन्धी निर्देशिका निर्माण गरी लागू गर्न अपरिहार्य रहेको देखिन्छ।

**चित्र नं. १७**




### ७.२० आफू आवद्ध रहेको जिल्ला अदालतमा लगातार सुनुवाइको पद्धतिको प्रयोग

यस विषयमा मिश्रित प्रतिक्रिया प्राप्त भएको छ। उक्त प्रक्रियाहरूलाई निमानुसार उल्लेख गरिएको छः-

(क) लगातार सुनुवाइको पद्धतिको प्रयोग विभिन्न चरण तथा अवस्थामा रहेको भनी देहायको प्रतिक्रिया प्राप्त भएको छः

- अभियोग पत्रसाथ उपस्थित गराएका साक्षीको तत्काल बकपत्र गराउने
- आदेश गर्दा लगातार सुनुवाइको लागि राख्ने भनी आदेश गर्ने
  - थुनछेक आदेशमा गम्भिर प्रकृतिको र लगातार सुनुवाइ गर्नुपर्ने भएको हुँदा १५ दिन भित्रै वा एक हप्ता भित्रै मुद्दा पेशीमा राख्नु भन्ने लेख्ने गरिएको
- बन्द इजलासको प्रयोग
- साक्षी उपस्थित गराउन दिन किटान गर्ने
- पेशीमा प्राथमिकता, छोटो अवधिको पेशी, सामान्यतया पेशी स्थगित नगर्ने
- मुद्दाको गम्भिरता र जटिलतालाई ध्यानमा राखेर लगातार सुनुवाइको मुद्दालाई प्राथमिकता दिएर
- मुद्दाका दुवै पक्षलाई जानकारी गराएर
- गोपनियता सम्बन्धी निर्देशिका २०६४ अनुसार कार्य भइरहेको

(ख) लगातार सुनुवाइको पद्धतिको प्रयोग नभएको भनी देहायको प्रतिक्रिया प्राप्त भएको छः-

- मुद्दाको अधिक कार्यबोझका कारण लगातार सुनुवाइको औचित्य र सार बमोजिम काम गर्न सकिएको छैन।
- मुद्दासँग सम्बद्ध सबै पक्षको इमान्दार प्रयास र कर्तव्यबोध हुने हो भने यो खासै जटिल विषय होइन। शुरुमा आदेशमै बोलिन्छ तर शीघ्र र प्रभावकारी कार्यान्वयन हुन नसकेर समयमै न्याय सम्पादन हुन सकेको छैन।
- समयमा अंग पुग्न नसक्दा ढिलो हुन गई यसले सार्थकता पाउन सकेको छैन।
- लगातार सुनुवाइ केही फौजदारी मुद्दामा मात्र अवलम्बन गर्ने गरेको र विशेषगरी आदेशमै सिमित भएको समेत अवस्था रहेको
- प्रयोग गरिएको छैन।

## ७.२१ लगातार सुनुवाइमा राखिन उपयुक्त हुने मुद्दाहरू

यस विषयमा प्रश्न गर्दा केहीले मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ तथा अनुसुची ३० बमोजिम तथा प्रचलित कानूनमा भएका व्यवस्था ठीक रहेको भनेका छन्। केहीले नियमावलीको सूचीलाई बृहत बनाई देहायका विषय तथा कसूरहरू पनि समावेश गर्नुपर्ने प्रतिक्रिया दिएका छन्ः

- संवेदनशील भएका मुद्धा,
- यस्तो प्रकृतिको मुद्दाहरू जसमा पिडितले तुरुन्तै न्याय नपाएको खण्डमा पीडित अनेकौं सामाजिक, आर्थिक, राजनीतिक लगायतका अन्य परिस्थिले झन् बढी पीडित हुँदै जाने र कालखण्डमा प्रमाण नष्ट वा लोप हुन सक्ने, पिडित पीडक पक्षको त्रास र प्रलोभनमा पर्न सक्ने प्रकृतिका मुद्दा
- जघन्य र गम्भिर प्रकृतिका मुद्दा (यौन हिंसा सम्बन्धी कसूर, मानव बेचविखन सम्बन्धी कसूर, अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूर)
- पीडित तथा पीडक बालबालिका, महिला, ज्येष्ठ नागरिक, थुनुवा, पीडक घरको मूल भएको तथा विद्यार्थीहरू भएको मुद्दाहरू
- पीडितलाई लामो समय पश्चात उपस्थित गराउन नसकिने अर्थात पीडित बाहिरको भएमा, विदेशी प्रतिवादी रहेका मुद्दा
- ठगी सम्बन्धी मुद्दा

## ७.२२ मुद्दा दर्ता भएबाट फैसला भएको समयावधि

यस विषयमा मिश्रित उत्तर प्राप्त भएको छ। विशेषगरी तोकिएको अवधिमा मुद्दाको फैसला नभएको पाइएको छ। मुद्दाको प्रकृति अनुसार फरक पर्ने गरेको भएपनि मुद्दा फैसलमा एकरुपता नरहेको, फैसला सामान्यतय एक बर्षपछि नै हुने गरेको, ६ महिना देखि १ वर्ष हद सोचिएकोमा केही प्रमाणहरू बुझ्न बाँकी रहने, भनेको समयमा बकपत्रको लागि बुझिएका मानिस र जाहेरवालाहरू हाजिर नहुनाले गर्दा १.५ वर्षदेखि २ वर्षसम्मको समय लाग्ने गरेको तथा कुनै मुद्दाहरू तोकिएको समय भन्दा पहिले नै फैसला हुने

गरेको अभ्याससमेत रहेको देखिन्छ। तसर्थ फैसला हुन ३ महिनादेखि २-३ बर्षसम्ममा पनि लागेको पाइन्छ।

## ७.२३ मुद्दाको सुनुवाइको प्राथमिकता निर्धारण

विभिन्न उत्तरदाताको समूहबाट मुद्दाको प्राथमिकाता निर्धारणमा देहायका उत्तरहरू प्राप्त भएको छः-

- सर्वोच्च अदालतबाट बनाइएको सफ्टवेयरले नै मुद्दाको प्राथमिकता तोक्ने हुँदा व्यक्तिको भूमिका प्राथमिकता निर्धारण गर्नमा नरहने तथा मुद्दाको सुनुवाइको प्राथमिकता DCM प्रणाली मार्फत हुने गरेको भनी प्रतिक्रिया प्राप्त भएको छ।
- यसका साथै मुद्दाको प्रकृति अनुसार (थुनुवा, थुनछेक, बकपत्र, पीडित महिला बालबालिका, ज्येष्ठ नागरिक भएको मुद्दा) सुनुवाइको प्राथमिकाताक्रम निर्धारण गर्ने गरिएको
- सुनुवाइको प्राथमिकताक्रममा (क) अन्तरिम आदेशहरू सम्बन्धी (ख) पुरानो मुद्दा (साल) (ग) अग्राधिकार पाएकाहरूको (घ) थुनुवाको (ङ) सामान्य मार्गका मुद्दा (च) सरल मार्गका मुद्दा रहेने
- जिल्ला अदालत नियमावली र सर्वोच्च अदालतको निर्देशन बमोजिम मुद्दाको सुनुवाइको प्राथमिकता निर्धारण गरिएको
- लगातार सुनुवाइको मुद्दालाई पहिलो प्राथमिकतामा राखिएको

## ७.२४ लगातार सुनुवाइको मुद्दा हटाउने (स्थगन) को अभ्यास

- कहिलेकाँही हट्ने गरेको
- न्यून अभ्यास, सामान्यतया नहटाउने गरिएको
- चलन रहेको, अन्य मुद्दा जस्तै
- अति आवश्यक काम परेमा बाहेक सामान्यतया नहटाइने गरेको
- आवश्यकता बमोजिम सामान्यतय नयाँ मुद्दा हट्ने अभ्यास रहेको
- खासगरी पक्ष र वकीलले मुद्दा हटाउने गरेको। उनीहरूलाई आवश्यक परेमा निरन्तर सुनुवाइको मुद्दा पनि हटाइएको। वरिष्ठ अधिवक्ताहरूले जति नै पनि हटाउने माग गरेमा हट्ने गरेको। अन्य पक्षले पनि हटाउने गरेको
- अत्यन्तै आवश्यक कारणहरू देखाई निवेदन परेमा दुवै पक्षलाई इजलासमा बोलाएर दुवै पक्षको सहमति लिएर हटाउने गरिएको। इजलासबाट नै अर्को पेशीको छोटो तारेख तोकी आदेश हुने गरेको
- न्यायाधीशले नै आफ्नो स्वविवेक प्रयोग गरी हटाउने वा नहटाउने निर्णय गर्ने गरेको

## ७.२५ लगातार सुनुवाइको कार्यन्वयनमा देखिएका समस्याहरू

यस प्रश्नको उत्तरमा लगातार सुनुवाइ सम्बन्धी व्यवस्थाको कार्यान्वयनमा समस्यहरू धेरै रहेको बताएका छन्। ती समस्याहरू देहाय बमोजिम रहेका छन्:-

- अभियोगमा उल्लेख नहुनुः
  - कहिलेकाहिँ जाहेरवाला, पीडित समेतलाई अभियोग पत्रसाथ उपस्थित गराउन नसकिनु।
- प्रतिवादी चुक्ताको विषयः
  - शुरुमा प्रतिवादी चुक्ता नहुनु, प्रतिवादी समयमा हाजिर नहुनु।
- साक्षी बकपत्रः
  - साक्षी वकपत्र गराउने पेसी स्थगित हुनु, प्राथमिकतामा राखी बकपत्र नगरिनु, पीडित पक्ष सम्पर्क विहिन हुने, भौगोलिक विकटता र वर्षातको समयमा बकपत्रको लागि साक्षीहरू तोकिएको मितिमा उपस्थित हुन नसक्नु।
- म्याद बेपत्ते तामेल हुनु
  - अनुसन्धानकर्ताले प्रतिवादीले सही वतन पहिल्याउन नसक्दा म्याद बेपत्ते हुने र रितपूर्वक तामेल गर्न लामो प्रक्रिया पार गर्नुपर्ने।
- विषेशज्ञको बकपत्रः
  - विशेषज्ञलाई पनि उपस्थित गराउन समस्या हुने गरेको, विशेषज्ञहरूको सरुवा भैरहँदा एकैपटकमा बकपत्र नहुने पुनः आदेश गर्नुपर्दा केही ढिलाई हुने गरेको।
- परीक्षण प्रतिवेदनः
  - जिल्ला बाहिरबाट हुने परीक्षणका प्रतिवेदनहरू समयमै उपलब्ध हुन नसक्नु।
- आदेशहरू तथा फैसलाः
  - उपयुक्त आदेशहरू सबै एकैचोटी नहुनु, गोलाप्रथाबाट मुद्दा पेशीमा हुने हुँदा न्यायाधीशहरूले फैसला गर्नबाट पछि हट्नु। आफुले जिम्मेवारी लिन नचाहनु।
- पेशी स्थगितः
  - विभिन्न कारण देखाई पेशी स्थगित गर्नु, सरकारी वकील कार्यालयबाट मुद्दा हटाउने, पक्षहरू पेशी स्थगितको निवेदन लिई आउने
- स्रोत र साधनः
  - मुद्दको चाप, जनशक्तिको अपर्याप्तता, भौतिक र आर्थिक स्रोत साधनको अभाव, functional structure बलियो नहुनु
- समन्वयमा अभावः
  - सरोकारवाला बीच समन्वयको एकदमै समस्या रहेको।
  - सबै पक्षहरू नै छरिएर रहेको कारणले विशेषगरी पीडितको अभियोगपत्रको साथमा बकपत्र नहुनु।
  - सम्बन्धित निकाय, मुद्दाको पक्ष तथा कानून व्यवसायी र अदालतको कर्मचारीबीच सम्न्वय, सहयोग र सहभावको कमी, पत्राचार समयमा नहुनु, कर्मचारी अभाव, मनोलबको कमी लगायत
  - पटक पटक पत्राचार गर्दा समेत बकपत्रको लागि सरकारी साक्षीहरू उपस्थित नगराईनु, परीक्षण प्रतिवेदन समयमा उपलब्ध नगराईनु।
- सम्वेदनशीलताको सवालः

   - कार्यान्वयन गर्ने अधिकारी पूर्ण सम्वेदनशील नहुनु
   - इमान्दारिता र कर्तव्यबोधमा कमी
   - प्रतिवादीका कानून व्यवसायी तथा प्रतिवादीले नचाहानु

## ७.२६ समस्या समाधानका लागि सुझावहरू

लगातार सुनुवाइको प्रयोगमा देखिएका समस्यालाई देहाय बमोजिम समाधान गर्ने सकिने प्रतिक्रिया प्राप्त भएको छः-

- हालको नियमावलीको व्यवस्थालाई ऐनमा बाध्यात्मक बनाउनु पर्ने
- निरन्तर सुनुवाइको लागि मात्र विशेष व्यवस्था गरिनु पर्ने
   - लगातार सुनुवाइ हुने मुद्दाको तालिका बनाउने, कार्यविधि बनाउनु पर्ने
- अनुसन्धानमा समेत अदालतको कुनै कर्मचारी समेत सहभागी भै वास्तविक प्रमाणमा आधारित गराउने र छिटो छरितो गर्नुपर्ने व्यवस्था मिलाउने
- अभियोगमा यस व्यवस्थालाई पूर्ण रुपमा खुलाउनु पर्ने
- पीडितको अभियोगपत्रको साथमा बकपत्र नहुनाले अभियोगपत्रसाथ पीडकको बयान तथा थुनछेक हुँदैमा  पीडितको बकपत्र तत्काल हुनुपर्ने
- परीक्षण प्रतिवेदन समयमा नै उपलब्ध हुन सक्ने व्यवस्था मिलाउनु पर्ने।
- सरकारी पक्षले पनि आफ्नो तर्फबाट पेश गरेनुपर्ने प्रमाण समयमा उपलब्ध गराउने प्रयास गरिनुपर्ने
- पेसी व्यवस्थापन
   - पेसी स्थगितमा कडाइ गर्ने, थुनछेक र बयान गर्दा अर्को दिनको लागि भनी स्थगित नगर्ने, समयमा नै साक्षी बकपत्र गराउने, एक पटक भन्दा बढी स्थगित गर्न नपाउने व्यवस्था हुनुपर्ने, दुई हप्ता भन्दा लामो तारेख नतोक्ने व्यवस्था हुनुपर्ने,
- छुट्टै अभिलेख राख्नु पर्ने, लगातार सुनुवाइ हुने मुद्दाको छुट्टै दायरी किताव खडा गर्ने
- बन्द इजलास व्यवस्थापन गर्ने
- संस्थाले कर्मचारीको मनबोल कायम राख्ने उपायको अवलम्बन गर्ने, नियमन र मूल्याङ्कन गर्ने, लक्ष र प्रगतिमा समावेश हुनुपर्ने
- सरकारी वकील कार्यालयबाट सञ्चालित हेलो साक्षी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि हुनुपर्ने
- सबै निकायबिच समन्वयन र सहकार्य हुनपर्ने
   - सक्षम जनशक्तिको व्यवस्था सम्बद्ध सवैको सहयोग आवश्यक रहेको, सम्बन्धित सबै निकायले समस्याको स्वामित्व लिई समाधानको लागि सहकार्य गर्ने, न्यायाधीश आफै सक्रिय भई बयान गराउने
- न्यायाधीशहरूले काम पन्छाउने प्रवृति हटाउनुपर्ने
- कार्यान्वयन गर्ने अधिकारीलाई तालिमवाट अझबढी जिम्मेवार बनाउने

- न्यायाधीश, अदालको कर्मचारी, सरकारी वकील, प्रतिरक्षा गर्ने कानून व्यवसायी तथा मुद्दाको पक्षले आफ्नो दायित्व इमान्दारीताकासाथ समयमा पुरा गर्नुपर्ने
- लगातार सुनुवाइको महत्व बारे सम्बन्धित पक्षहरूबिच सचेतना आवश्यक देखिएको
- पीडित मैत्री सुनुवाइ प्रभावकारी बनाउने
- प्रयोगशालाको विस्तार, जनशक्तिको पर्याप्तता, भौतिक र आर्थिक स्रोत साधनको व्यवस्था गर्नुपर्ने

# परिच्छेद आठ
# लगातार सुनुवाइमा अपनाउनुपर्ने कार्यविधि

## ८.१ निकायगत रुपमा अपनाउनु पर्ने कार्यविधि

फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ मा तोकिएका मुद्दाको लगातार सुनुवाइका लागि अपराध अनुसन्धान एवं अभियोजन सम्बन्धी निकायको सहयोग र सहभागिताको जति महत्व छ त्यति नै बारको सहयोग पनि आवश्यक छ। जिल्ला अदालतमा लगातार सुनुवाइ कार्य पद्धति सफल बनाउन उल्लिखित सरोकारवाला निकायको मात्र होइन मुद्दामा संलग्न पीडित, साक्षी र पीडित तथा पीडितकातर्फबाट काम गर्ने व्यक्ति एवं संघ संस्थाको सहयोग लिनु पर्दछ। यसका लागि सर्वोच्च अदालतले छुट्टै कार्यविधि निर्माण गर्न आवश्यक छ। सो कार्यविधिमा देहायका प्रक्रियाहरू समावेश गर्नुपर्ने देखिन्छ। हालको स्थितिमा प्रभावकारी कार्यन्वयनका प्रत्येक संस्था र व्यक्तिले परिपालन गर्नुपर्ने कार्य प्रक्रिया तल उल्लेख गरिएको छ।

यसका अतिरिक्त मुद्दाको कारवाहीमा प्रत्यक्ष रुपमा संलग्न नभएपनि विभिन्न व्यक्तिहरूको सहयोग र संलग्नता आवश्यक पर्ने हुनाले तत्तत् निकाय र व्यक्तिहरूका लागि पनि आफ्नो दायित्व निर्वाहको क्रममा यो निर्देशिका लागू हुन्छ नै। जस्तो कि उमेर जाँचको प्रश्न उठेमा अस्पताल, स्थानीय निकाय, विद्यालयहरूको सरोकार पर्न जान्छ। साक्षीको हैसियतमा विभिन्न व्यक्तिहरूको सरोकार पर्न जान्छ। यस रुपमा हेर्दा निम्न लिखित निकाय र व्यक्तिहरू यस व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा प्रत्यक्ष रुपमा जिम्मेवार रहेका हुन्छन्।

- प्रहरी कार्यालय तथा अपराधको उजुरी लिने र अनुसन्धान गर्ने निकायहरू।
- अभियोजनको जिम्मेवारी रहेको सरकारी वकील कार्यालय।
- मुद्दाको कारवाही र किनारा गर्ने अदालत।
- बार, कानून व्यवसायी तथा अदालतका अन्य प्रयोगकर्ताहरू।
- विशेषज्ञ तथा प्रयोगशालाहरू।
- साक्षी तथा पीडित व्यक्तिहरू।
- अभिभावक संरक्षक तथा सरोकार देखिएका संघ संस्था र व्यक्तिहरू।

तसर्थ प्रहरी, सरकारी वकील, कानून व्यवसायी तथा अदालतले विभिन्न चरणमा मुद्दाको लगातार सुनुवाइ पद्धतिलाई सफल बनाउन क्रियाशील रहनुपर्ने हुन्छ। यी निकायहरूबाट गर्नुपर्ने कार्यहरू निम्न बमोजिम छन्ः

### *८.१.१ लगातार सुनुवाइका मुद्दामा जिल्ला प्रहरी कार्यालयले गर्नुपर्ने कार्यहरू*

- जिल्ला प्रहरी कार्यालयका प्रमुखले लगातार सुनुवाइ गरिने मुद्दाको सम्बन्धमा आफू अन्तर्गत तोकिएका अनुसन्धान अधिकारीलाई प्रशिक्षित र जानकारी गराउनु पर्ने।
- अनुसन्धान अधिकारीले अनुसूचीमा उल्लिखित लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरू विशेष निगरानीमा लिई काम गर्नुपर्ने।

- सम्बन्धित जिल्ला अदालतले उल्लिखित मुद्दाहरूको विशेष कार्वाही प्रकृयाबारे लिखित पूर्व जानकारी गराउने हुँदा सम्बन्धित जिल्ला प्रहरी कार्यालयले त्यसको छुट्टै अभिलेख राख्ने।
- जिल्ला प्रहरी कार्यालयले मुद्दाको अनुसन्धान गर्न तोकिएका प्रहरी प्रभागहरूमा निरन्तर सुनुवाइ हुने मुद्दाहरूको सम्बन्धमा उक्त कुराको लिखित जानकारी गराउने।
- मुद्दाको अनुसन्धानमा संलग्न रहने प्रत्येक प्रहरी कर्मचारीले उपर्युक्त प्रकृतिका मुद्दाहरूमा लगातार सुनुवाइ गर्ने पद्धतिबारे अनिवार्य रुपमा आवश्यक जानकारी राख्नुपर्ने।
- अदालतबाट म्याद थपको क्रममा र थुनछेक पश्चात् प्रमाण बुझ्ने क्रममा भएका आदेशहरू तोकिएको समयमा पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने।
- लगातार सुनुवाइ हुने मुद्दाहरूको अनुसन्धानको सिलसिलामा बुझिएका व्यक्तिहरू जस्तैः जाहेरवाला, प्रतिवेदक, पीडित, घटना विवरणका मानिसहरू, अनुसन्धानको सिलसिलामा मौकामा कागज गर्ने व्यक्तिहरू, सनाखत गर्ने व्यक्तिहरू, बरामदी मुचुल्काका मानिसहरू, खानतलासी मुचुल्काका मानिसहरू, वैज्ञानिक परीक्षण गर्ने विशेषज्ञ र साक्षी प्रमाणका सम्पूर्ण व्यक्तिहरूको कागज गराउँदा र सो कागजमा सहीछाप गरेपछि अनिवार्य रुपमा सम्पर्क टेलिफोन नम्बर उल्लेख गर्नुपर्ने।
- माथि उल्लिखित जाहेरवाला, पीडित, विशेषज्ञ तथा अनुसन्धानमा बुझिएका सम्पूर्ण मानिसहरूको कागज गराइसकेपछि उनीहरूलाई लगातार सुनुवाइ हुने मुद्दाको गम्भिरता र साक्षीको बकपत्रको महत्व बारे तत्काल बुझिएकै अवस्थामा सम्झाई बुझाई आवश्यक परामर्श गरी सो मुद्दा अदालतमा बुझाउने अन्तिम दिन कहिले पर्छ सोको अन्जाम गरी सो दिन अदालतमा मुद्दा दर्ता हुने र दर्ता पश्चात् अभियुक्तको बयान गराईसकेपछि अदालतले साक्षी प्रमाण बुझ्ने आदेश गर्ने हुँदा सो आदेश बमोजिम अदालतमा उपस्थित भै बकपत्र गर्नुपर्ने कर्तव्य पुरा गर्न उनीहरूलाई प्रेरित गर्ने र बकपत्र हुनसक्ने मोटामोटी मिति र समय समेतका बारेमा सम्बन्धित व्यक्तिलाई जानकारी गराउने।
- जिल्ला अदालत नियमावली अनुसार अदालतमा मुद्दा बुझाई प्रतिवादीको बयान सकेपछि थुनछेक आदेश पश्चात् उसैदिन साक्षीको बकपत्र गर्न सकिने भएकोले वादी नेपाल सरकारको तर्फबाट सम्भव भएजति साक्षीलाई बकपत्रको लागि मुद्दा सँगसँगै अदालतमा उपस्थित गराउने व्यवस्था मिलाउने।
- सम्बन्धित साक्षीहरू अर्थात अनुसन्धानको समयमा कागज गर्ने व्यक्तिहरूलाई उपर्युक्त बमोजिमको जानकारी अनुसन्धानकर्ताले परामर्श वा काउन्सिलिङ्गको रुपमा अनिवार्य रुपमा गराउनु पर्ने।
- अभियुक्तको स्वच्छ सुनुवाइको अधिकारलाई संरक्षित गर्न आफूलाई लागेको अभियोगको जानकारी, कानून व्यवसायी राख्न पाउने अधिकार, स्वास्थ्य जाँचको व्यवस्था, घरपरिवारसँग भेटघाट गर्न पाउने व्यवस्था लगायतका मानव अधिकारहरूको उपभोग गर्न कुनै बाधा नगर्ने।
- पीडितको मानवअधिकारको संरक्षण तथा न्यायमा सहज पहुँचको अधिकारलाई सुनिश्चित गर्न पीडितलाई मुद्दाको सम्बन्धमा आवश्यक जानकारी उपलब्ध गराउन हरदम प्रयत्नशील रहने।
- अनसुन्धानको अवस्था देखि नै पीडित तथा साक्षीको संरक्षणको लागि आवश्यक प्रवन्ध गर्ने।
- महिला तथा बालबालिका समावेस भएको मुद्दामा विशेष संरक्षणको व्यवस्था मिलाउने।
- गोपनीयता कायम गर्नुपर्ने प्रकृतिका लगातार सुनुवाइ हुने मुद्दामा जाहेरी दर्खास्त दर्ता गर्दा देखि नै गोपनीयता कायम गर्ने।

- जिल्ला प्रहरी प्रमुखले गोपनीयता कायम गर्ने कार्यविधि र पद्धतिको सम्बन्धमा सम्बन्धित प्रहरी कर्मचारीलाई तालिम, प्रशिक्षण र निर्देशन दिने व्यवस्था मिलाउने।
- गोपनीयता कायम गर्नुपर्ने मुद्दामा अभियुक्तलाई सार्वजनिक गर्ने जस्ता अभ्यास गर्दा अन्ततः आरोपित व्यक्तिको स्वच्छ सुनुवाइको हक र पीडितको गोपनीयताको अधिकार हनन् हुन जाने मात्र होइन मुद्दाको अनुसन्धानमा समेत नकारात्मक असर पर्ने भएकोले त्यस्तो अभ्यास नगर्ने।
- प्रहरी कार्यालयमा विशेषगरी महिला, बालबालिका र बन्द इजलासबाट सुनुवाइ गरिने मुद्दाका पीडित तथा साक्षीहरूको संरक्षणका लागि साक्षी संरक्षण कक्षको व्यवस्था गर्ने।
- काम गर्ने क्रममा आइपरेका समस्या समाधानका लागि निरन्तर सुनुवाइ विशेष समितिको बैठकमा छलफल गरी निकासको खोजी गर्ने।
- अदालतबाट तोकिएको दिन साक्षी प्रमाणहरू उपस्थित गराउन अदालतको तर्फबाट थुनछेक आदेश भै प्रमाण बुझ्ने आदेश समेत गरेपछि टेलिफोन मार्फत साक्षी उपस्थित गराउने दिन बारे सम्बन्धित निकायमा जानकारी गराइने भएकोले त्यस्तो जानकारी पाउनसाथ प्रहरीले पनि सम्बन्धित साक्षीहरूलाई अदालतमा उपस्थित हुने दिन र समयबारे तत्काल टेलिफोन मार्फत नै सूचित गर्ने।
- त्यसरी साक्षी उपस्थित गराउने सूचना कार्यान्वयन गर्दा प्रहरीले सरकारी वकीलसँग समेत समन्वय र सञ्चार गरी अदालतमा समेत जानकारी गराउने।
- जोखिममा रहेका पीडित तथा साक्षीहरूलाई अदालतमा उपस्थित गराउँदा महिला तथा बालबालिका भएमा महिला प्रहरी कर्मचारी, बालबालिकाको हकमा सादा पोसाकको प्रहरी कर्मचारी साथ लगाई सरकारी वकील मार्फत अदालतमा उपस्थित गराउने।
- बालबालिकाको हकमा बालअधिकार महासन्धि र बालबालिका ऐन, २०७५ समेतका कानूनी व्यवस्था लागू गर्न सम्बन्धित प्रहरी कर्मचारी क्रियाशील रहने।
- पीडित तथा पीडक बालबालिकाहरूसँग परामर्शको लागि अदालतको रोष्टरमा रहेका दोभाषे, बालमनोविज्ञानवेत्ता र समाजसेवीलाई शुरुदेखि नै जानकारी गराउने।
- अदालतसँग रोष्टरमा रहेका दोभाषे, बालमनोविज्ञानवेत्ता र समाजसेवीको सूची झिकाई मुद्दा शाखामा फ्लेक्स बनाई राख्ने।
- पीडितको मौकाको बयान कागज गराउँदा तालिम प्राप्त मनोवेत्तासमेतको सहायता लिइ पीडित मैत्री वातावरणमा गराउने।
- बकपत्रको लागि अदालतमा साक्षी उपस्थित गराउँदा सकभर बिहान १०:०० बजे नै उपस्थित गराउने।
- जोखिममा रहेका पीडित र साक्षीहरूलाई अदालतको सहायता कक्षमा तोकिएका कर्मचारी समक्ष प्रस्तुत गरी निजको सहयोगमा साक्षी संरक्षण अधिकृतसंग समन्वय गरी साक्षी संरक्षण कक्षमा सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने।
- अनुसन्धानको अवधिमा मुद्दासँग सम्बन्धित सबै प्रकारको प्रमाणको संकलन गर्ने।

- अनुसन्धान गर्दा आइपर्ने द्विविधा र समस्याहरूको सम्बन्धमा सरकारी वकीलसँग परामर्श लिने।
- सकभर आफ्ना साक्षीलाई अदालतमा मुद्दा पेश गर्दा कै दिन बकपत्रका लागि अभियोगपत्रसाथ उपस्थित गराउने व्यवस्था मिलाउने।
- अनुसन्धान अधिकारीले प्रतिवादीलाई पनि आफ्ना साक्षी अदालतमा मुद्दा दर्ता हुँदा कै दिन उपस्थित गराउन सक्ने कुराको जानकारी गराउने।
- अभियोगपत्रसाथ पेश गर्नुपर्ने लिखत प्रमाणहरू सोही लिखत साथै राखी अनिवार्य रुपमा पेश गर्ने।
- प्रहरीले सरकारी वकील समक्ष राय सहितको अभियोग पेश गर्दा नियमित सुनुवाइ गर्न तोकिएको मुद्दाहरूको सुनुवाइ प्रकृया लगातार सुनुवाइ पद्धतिबाट गरिपाउँ भनी नियमावलीको दफा ९६ उल्लेख गरी लिखित रुपमा अनुरोध गर्ने।
- मुद्दाको अनुसन्धान गर्दा संवेदनशील भई काम गर्ने र सकेसम्म मुद्दाका सवै प्रतिवादीहरूलाई अदालतमा उपस्थित गराउने।
- सम्बद्ध लिखत कागजहरूमा प्रतिवादीहरूको नाम, थर, ठेगाना, टेलिफोन नम्बर, हुलिया प्रष्ट रुपमा उल्लेख गर्ने।
- अनुसन्धानकर्ताले घटनादृष्य (Crime Scene) को तस्वीर लिने र मिसिलमा राख्ने।
- मुद्दामा पक्राउ परेका शंकित व्यक्तिको तस्वीर खिची अनिवार्य रुपमा मिसिल सामेल राख्ने।
- अनुसन्धानमा लिइएका शंकित व्यक्तिको परिचय खुल्ने नागरिकता, सवारी चालक अनुमति पत्र, राहदानी, मतदाता परिचय पत्र, कर्मचारी परिचय पत्र इत्यादि जे जे उपलब्ध छ सो पेश गर्न लगाई त्यसको छायाप्रति मिसिल सामेल राख्ने।
- त्यस्ता शंकित व्यक्तिको ल्याप्चे सहीछाप पञ्जाछाप सहित मिसिलमा राख्ने।
- मिसिलमा जुनसुकै तरहबाट बुझिएका मासिहरूको भनाई लेखवद्ध गर्दा केरमेट भएकोमा सम्बन्धित व्यक्तिको सहीछाप लगाउने।
- महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका मुद्दाहरूमा बढी सम्वेदनशीलता अपनाउने।
- सरकारी वकीलसँग अनुसन्धानको सिलसिलामा निरन्तर सम्पर्कमा रही आवश्यक राय परामर्श लिने।
- सम्पत्ति जफत हुने मुद्दामा र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने मुद्दामा अनुसन्धानको अवस्थामा नै अभियुक्तको सम्पत्ति खोजी यकीन गरी तत्काल रोक्का राख्नका लागि अदालतमा अनुरोध गर्ने।
- अदालतमा मुद्दा दायर गर्दा आवश्यक पर्ने हुँदा पीडितलाई कानून बमोजिम अन्तरिम राहत माग गरी सरकारी वकीलमा पेश गर्ने।
- अभियुक्तलाई अदालत समक्ष उपस्थित गराउँदा आवश्यक सुरक्षा प्रवन्ध गर्ने र विशेष सुरक्षा आवश्यक पर्ने कतिपय गम्भीर प्रकृतिका मुद्दामा विशेष व्यवस्था मिलाई पेश गर्ने।
- अनुसन्धान अधिकारीले पीडित र प्रतिवादीलाई आमने सामने हुने गरी कहिल्यै सँगसँगै नराखी पीडितको संरक्षणसम्बन्धी नियमहरू परिपालन गर्ने।

### *८.१.२ लगातार सुनुवाइका मुद्दामा जिल्ला सरकारी वकील कार्यालयले गर्नुपर्ने कार्यहरू*

- सरकारी वकीलले नियमित सुनुवाइ गर्न तोकिएको मुद्दाहरूको सुनुवाइ प्रकृया लगातार सुनुवाइ पद्धतिबाट गरिपाउँ भनी अभियोगपत्र पेश गर्दा नै लिखित रुपमा अदालत समक्ष अनुरोध गर्ने।

- अभियोगपत्र साथ पेश हुन सक्ने साक्षीहरूको यकिन गरी तत्काल बकपत्र गराउन इजलास समक्ष अनुरोध गर्ने।
- अदालत र प्रहरीसँग साक्षी परीक्षणको लागि समन्वय गर्ने।
- फरार प्रतिवादीहरूको हकमा यकिन वतन खुलेका बखत मात्र मुद्दा चलाउने।
- अदालतमा अभियोगपत्र पेश गर्दा अदालतबाट मुद्दा दर्ता गर्न तोकिएको प्रत्येक दिनको सुनिश्चित समयभित्रै गर्ने।
- महिला तथा बालबालिकाहरू नै पीडित वा प्रतिवादी भएका मुद्दाहरूमा अझै बढी संवेदनशीलता अपनाउने।
- कुनै व्यक्तिलाई कागज गराई हाजिर जमानीमा छाडी पछि प्रतिवादी कायम गरेमा अदालतबटै बुझी पाउँ भनी अभियोगपत्र तयार पार्नेजस्ता अभ्यासहरू नगर्ने।
- इजलासमा मुद्दाको पालो कति बेला आउने हो भन्ने सम्बन्धमा सुसूचित हुने।
- बहस व्यवस्थापन र इजलासको समयपालनामा विशेष सहयोगी भूमिका खेल्ने।
- आफ्नो पालो आउन लागेको समय विचार गरी इजलासबाट बोलावट हुनु अगावै उपस्थित हुने।
- मुद्दामा ठहर गर्नुपर्ने प्रश्नमा केन्द्रित भै इजलासले तोकेको समयभित्र बहस पुरा गर्ने।
- बकपत्र गर्दा सरकारी वकील आफै उपस्थित भई साक्षी परीक्षण प्रक्रियामा सहभागी हुनु पर्ने।
- बकपत्रको लागि प्रश्नहरू बनाएर पठाउने प्रचलन निषेध गर्ने।
- अनावश्यक रुपमा मुद्दा हटाउनका लागि अनुरोध गर्ने प्रचलन हटाउने।
- तोकिएको पोशाक सहित मर्यादित ढंगले इजलासमा पेश हुने।
- पक्षको गोपनियता काया गर्नुपर्नेमा कडाइका साथ नियम पालना गर्ने।

### *८.१.३ लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरूमा कानून व्यवसायीको भूमिका*

- आफ्नो पक्षको अभियोगपत्र पेश हुँदा साक्षी प्रमाण दाखिल गर्ने कुराको पूर्व जानकारी इजलासलाई दिने।
- लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरू अपरिहार्य कारण परेमा बाहेक भरसक नहटाउने।
- अपरिहार्य कारण परेमा मात्र मुद्दा हटाउन निवेदन गर्न सकिने भएकोले इमान्दारीपूर्वक यो नियम पालना गर्ने।
- मुद्दाको सुनुवाइ सुचारु गर्न अदालत र सरकारी वकीलसंग समन्वय गर्ने।
- इजलासमा मुद्दाको पालो कति बेला आउने हो भन्ने सम्बन्धमा सुसूचित हुने।
- बहस र इजलासको समयपालनामा विशेष सहयोगी भूमिका खेल्ने।
- आफ्नो पालो आउन लागेको समय विचार गरी इजलासबाट बोलावट हुनु अगावै उपस्थित हुने।
- मुद्दामा ठहर गर्नुपर्ने प्रश्नमा केन्द्रित भै इजलासले तोकेको समयभित्र बहस पुरा गर्ने।
- तोकिएको पोशाक सहित मर्यादितढंगले इजलासमा पेश हुने।

### *८.१.४ लगातार सुनुवाइका मुद्दामा जिल्ला अदालतले गर्नुपर्ने कार्यहरू*

- मुद्दामा लगातार सुनुवाइको व्यवस्था लागू गर्ने संयन्त्र तयार गर्ने।
- त्यस्तो संयन्त्रको रुपमा निरन्तर सुनुवाइ समिति गठन गर्ने।
- समितिमा जिल्ला न्यायाधीश, जिल्ला सरकारी वकील, जिल्ला प्रहरी प्रमुख, जिल्ला बार अध्यक्ष र स्रेस्तेदार रहने व्यवस्था मिलाउने।
- त्यस्तो संयन्त्रको बीच समय समयमा बैठक र छलफल गरी यस पद्धतिलाई प्रभावकारी रुपमा लागू गर्ने।
- लगातार सुनुवाइ हुने मुद्दा र अन्य मुद्दाको छुट्टै कार्यविधि र तालिका बनाउनु पर्ने।
- लगातार सुनुवाइ हुने मुद्दाको छुट्टै दायरी किताव खडा गर्ने।
- मुद्दा दर्ता भएपछि थुनछेक प्रयोजनका लागि दुई वा दुईभन्दा बढी न्यायाधीश भएकोमा गोला हाल्ने।
- गोलाद्वारा मुद्दा तोकिएपछि अभियुक्तको तत्काल बयान गर्न सम्बन्धित इजलासमा पेश गर्ने।
- पक्षको गोपनीयता कायम गर्नुपर्ने मुद्दामा बन्द इजलास व्यवस्थापन गर्ने।
- बालबालिका समावेश भएको मुद्दामा बाल इजलास व्यवस्थापन गर्ने।
- अभियुक्तको बयान गराउँदा अन्य मुद्दाको सुनुवाइ नगरी सम्बन्धित न्यायाधीश आफैले प्रश्न राखी अभियुक्तको बयान कम्प्युटरबाट गराउने।
- अभियुक्तको बयानमा मुख्यतया न्यायाधीश नै संलग्न रही कर्मचारीको सहायता मात्र लिने।
- अभिययुक्तको बयान लिईसकेपछि थुनछेकको प्रकृया शुरु गर्ने।
- थुनछेक गर्दा दुबै पक्षका कानून व्यवसायीहरूलाई उपस्थित हुन सूचित गर्ने।
- प्रतिवादीले कानून व्यवसायी राख्न नसकेमा वैतनिक वकीललाई नियुक्ति गर्ने।
- पक्षको वकील, सरकारी वकील र वैतनिक वकीलले अभियुक्तको बयान लगायत मिसिल अध्ययन गर्न चाहेमा छोटो समयका लागि अध्ययनको अवसर दिने।
- दुबै पक्षको बहस शुरु गर्ने, बहसमा समय व्यवस्थापन गर्ने।
- अभियुक्तले कुनै कुरा भन्न चाहेमा इजलासबाट जानकारी गराउने।
- पीडित पक्षलाई समेत आफ्नो कुरा भन्ने अवसर दिने।
- तत्काल प्राप्त प्रमाण र बहसको आधारमा थुनछेक आदेश गर्ने।
- थुनछेक आदेश पश्चात् अदालतबाट प्रहरी एवम् सरकारी वकीललाई तत्काल साक्षी प्रमाण पेश गर्न सक्ने भए सोका लागि निर्देशन दिने।
- अभियोगपत्र साथ साक्षी समेत प्रश्तुत गरेकोमा तत्काल साक्षीको बकपत्र गराउने।
- सरकारी वकील र अभियुक्तले आफ्नो साक्षी तत्काल पेश गर्न चाहेमा साक्षी बकपत्र गराउने।
- सबै साक्षीहरू उपस्थित नभएमा बाँकी साक्षीको लागि बकपत्रको दिन तोक्ने।
- तोकिएका मुद्दाहरूमा प्रतिवादी चुक्ता भएको अवस्थामा अभियोग पत्र दायर हुनासाथ साक्षी प्रमाण बुझ्ने।
- सरकारी वकील र प्रतिरक्षी कानून व्यवसायीसंग ऋष्यलकगतिबतष्यल गरी बकपत्रको मिति तोक्ने।
- प्रहरी कार्यालयमा सो बकपत्र सम्बन्धी तत्काल टेलिफोनबाट जानकारी गराउने।

- तोकिएको मिति र समयमा बकपत्र गराउने र दुवै पक्षसंग सहमतिमा छोटो मितिमा पेशी चढाउने।
- तोकिएको मितिमा उपस्थित नहुने तर नबुझि नहुने साक्षी भएमा पुनः साक्षी बुझ्ने आदेश माथि उल्लेख भए बमोजिम तत्काल गर्न्ने।
- दुबै पक्षका कानून व्यवसायीसँग सहमती गरी बाटोको म्याद अन्जाम गरी भोलिपल्टै वा १ हप्ताभित्र वा सहमत भएको मितिमा साक्षी बकपत्रको लागि तोक्ने।
- बकपत्र कर्मचारीको सहयोगमा न्यायाधीश आफैले गराउने।
- थुनछेक आदेशमै सो मिति तोकी इजलासमा छुट्टै रजिष्टरमा समेत अभिलेख राख्ने।
- अदालतमा मुद्दा दायर भएपछि तत्काल साक्षी प्रमाण परीक्षण हुन नसक्ने भएमा न्यायाधीश, सरकारी वकील र प्रतिवादीका कानुन व्यवसायी बसी पूर्व सुनुवाइ छलफल गर्ने।
- पूर्व सुनुवाइ छलफलबाट पेश भएका मुद्दाहरूमा प्रमाण पेश गरे/नगरेको, साक्षी उपस्थित भए नभएको, थप साक्षी प्रमाण बुझ्नु पर्ने नपर्ने आदि विषयमा छलफल गरी पेश भएका साक्षी प्रमाण र बाँकी साक्षी प्रमाणहरूको परीक्षण हुन मिति तोकि सुनुवाइ गर्ने।
- मुद्दाको सहज प्रकृया सुचारु गर्न सरोकारवाला निकाय, प्रहरी, सरकारी वकील, कानून व्यवसायी, अदालतका कर्मचारी स्थानीय बार आदिसंग समन्वय गर्ने।
- असहाय पक्षलाई कानूनी सहायता उपलब्ध गराउने।
- सरकारी साक्षीहरूलाई अदालतसम्म आउँदा जाँदा नियमानुसार पाउने साक्षीको खर्च उपलब्ध गराउनु भनी प्रहरीलाई आदेश गर्ने।
- संरक्षित साक्षीहरूको सहयोगको लागि अदालतमा साक्षी संरक्षण अधिकृतको व्यवस्था गर्ने।
- लगातार सुनुवाइ गरिने मुद्दाको आदेशको एकप्रति साक्षी संरक्षण अधिकृतलाई पठाउने।
- साक्षी संरक्षण अधिकृतको सुपरिवेक्षणमा साक्षी परीक्षणको लागि उपस्थित गराइएका साक्षीहरूलाई सहायता कक्षमा कार्यरत कर्मचारीले साक्षी संरक्षण कक्षमा लगी सुरक्षित साथ बस्ने व्यवस्था मिलाउने।
- यसरी उपस्थित भएको साक्षीको बकपत्र गराउनको लागि सहायता कक्षको कर्मचारीले सम्बन्धित मुद्दा फाँटका अधिकृतलाई जानकारी गराउने।
- सम्बन्धित फाँटका अधिकृतले सम्बन्धित न्यायाधीशलाई तत्काल जानकारी गराउने।
- सम्बन्धित फाँटबाट न्यायाधीशको निर्देशानुसार तोकिएका मुद्दाहरूमा अनिवार्य रुपमा लगातार सुनुवाइ पद्धति लागु गर्ने।
- सम्बन्धित न्यायाधीशले आफ्नो इजलास अन्तर्गत सुनुवाइ हुने लगातार सुनुवाइ सम्बन्धी मुद्दाको स्थितिको निरन्तर अनुगमन आफैले गर्ने।
- मुद्दाको प्रभावकारिताको लागि लगातार सुनुवाइ पद्धतिका मुद्दाको फाइलको रंग अन्य मुद्दाको फाइल रंग भन्दा फरक किसिमको छपाउने।
- लगातार सुनुवाइ हुने मुद्दा दर्ता गरेपछि समयतालिका समेत लागू गर्ने।

- मुद्दा दर्ता गर्दा नै निश्चित दिनमा तोकिएको काम गर्ने गरी तारेखमा रहेका पक्षलाई समयतालिका सहितको तारेख पर्चा दिने।
- पक्षले तारेख गुजार्ने थमाउने लगायतका अन्य कार्य हुन गएमा संशोधित समयतालिका दिने।
- निरन्तर सुनुवाइमा परेका मुद्दाहरूलाई हरियो रंगको फाईलमा राख्ने।
- त्यस्ता मुद्दाहरूको मूल दायरीका अतिरिक्त छुट्टै दायरी रजिष्टर समेत राख्ने।
- साक्षी प्रमाण बुझिसकेकोमा दुवै पक्षका कानून व्यवसायीसंग ऋयलकगतिबतष्यल गरी मुद्दाको गहनताको आधारमा सकभर भोलिपल्ट नै पेशी सुचीमा राखी मुद्दाको किनारा गर्ने वा केही दिनको अन्तरालमा फैसलाको पेशी तोक्ने।
- पेशीका दिन पीडित तथा जाहेरवालालाई उपस्थित गराउनु भनी सरकारी वकीललाई जानकारी दिने।
- पीडित पक्षलाई रोहवरमा राखी छलफलमा सहभागी गराई मुद्दाको सुनुवाइ गर्ने।
- पीडितलाई आफै उपस्थित हुनु भनी टेलिफोनबाट जानकारी गराउने।
- लगातार सुनुवाइ हुने मुद्दा अपरिहार्य कारण परेमा बाहेक हटाउन नहुने।
- कानून व्यवसायीले कारण सहित हटाउन निवेदन गरेमा सामन्यतया २ पटकसम्म मात्र मुद्दा हटाउने।
- फरारीको हकमा बेजिल्लाको म्याद भएमा छिटो र प्रभावकारी संचार प्रयोग गरी कार्य सम्पादन गर्ने।
- तत्काल सहयोग नपाइएमा आफ्नै अड्डाको तामेलदार खटाउन सकिने।
- बुझ्नु पर्ने सबै प्रमाण बुझिसकेपछि दुबै पक्षको सहमतीमा सकेसम्म छिटो मुद्दा पेशीमा चढाउने।
- लगातार सुनुवाइको मुद्दालाई पेशी सूचिमा पहिलो प्राथमिकतामा राख्ने।
- मुद्दा पेशी सँगै मुद्दाको टिपोट गरिसक्नुपर्ने।
- सबै प्रमाण बुझी पेशीमा बहस, छलफल भएपछि फैसला गर्ने।
- सबै प्रमाण बुझिसकेपछि छिटोमा सात दिनभित्र र ढिलोमा तीन महिना ननघाई मुद्दाको फैसला गर्ने।
- फैसला भै सकेपछि मुद्दाको पूर्णपाठ सात दिनभित्र तयार गर्ने।
- फैसलाको प्रतिलिपी सहितको जानकारी पीडित पक्षलाई उपलव्ध गराउने।
- फैसला कार्यान्वयनमा तदारुखता लिने।

### *८.१.५ लगातार सुनुवाइका मुद्दामा सरोकारवाला निकायले संयुक्त रुपमा ध्यान दिनु पर्ने कुराहरू*

- लगातार सुनुवाइ हुने मुद्दाको प्रभावकारी सुनुवाइ सम्बन्धी व्यवस्था कार्यान्वयनको लागि अदालत, सरकारी वकील, प्रहरी र बारले सक्रिय पहल गर्नु पर्दछ।
- यस पद्धतिलाई प्रभावकारी बनाउन लगातार सुनुवाइ विशेष समिति गठन गर्नु पर्दछ।
- विशेष समितिमा जिल्ला न्यायाधीश, जिल्ला न्यायाधिवक्ता, जिल्ला प्रहरी प्रमुख, सम्बन्धित बारको अध्यक्ष र स्रेस्तेदार रहनु उपयुक्त हुन्छ।
- सो समितिमा सचिवको रुपमा स्रेस्तेदारलाई तोकिदिनु उपयुक्त हुन्छ।
- समितिको नियमित वैठक कम्तीमा महिनाको एक पटक र आवश्यकता अनुसार जहिलेसुकै बस्ने व्यवस्था मिलाउनु पर्दछ।
- लगातार सुनुवाइ गरिने मुद्दाको अभिलेख सम्बन्धित सबै निकायमा एउटै ढाँचामा राख्नु पर्दछ।
- समितिले त्यस्तो ढाँचा तोक्न सक्दछ।

- समितिको सिफारिसमा लगातार सुनुवाइ गरिने मुद्दाको प्रभावकारिताका लागि सम्बद्ध सबै निकायले फाइलको रंग विशेष प्रकारको तोक्न सक्दछ।
- यस्ता मुद्दाको कारवाही र किनारा प्रभावकारी रुपमा सम्पन्न गर्न सञ्चार सम्पर्क पनि छिटो छरितो र प्रभावकारी बनाउनु पर्दछ।
- लगातार सुनुवाइ गरिने मुद्दाको गम्भीरताको सम्बन्धमा सम्बन्धित निकायका सम्बद्ध कर्मचारीहरूलाई संयुक्त रुपमा राखी प्रशिक्षणको व्यवस्था मिलाउनु पर्दछ।

### *८.१.६ लगातार सुनुवाइका मुद्दामा साक्षी संरक्षण गर्ने कार्यविधि*

- निरन्तर सुनुवाइ गरिनुपर्ने मुद्दाहरूमा बन्द इजलासबाट हेरिनुपर्ने प्रकृतिका गम्भीर अपराधहरू पनि पर्ने भएकोले साक्षी संरक्षणको उचित प्रवन्ध गरिनु पर्दछ।
- साक्षी संरक्षणको लागि अदालतमा साक्षी संरक्षण कक्षको व्यवस्था गर्ने।
- उपस्थित साक्षीहरूको बकपत्र सुरक्षित रुपमा गर्ने व्यवस्था मिलाउने।
- यसका लागि एकजना साक्षी संरक्षण अधिकृत तोक्ने।
- साक्षी संरक्षण अधिकृतले प्रत्येक दिन त्यस्तो संरक्षण पाउने साक्षीको बकपत्र तोकिएको अभिलेख अद्यावधिक गरी राख्ने।
- त्यस्तो अभिलेख सम्बन्धित मुद्दा फाँटसँग समन्वय गरी राख्ने।
- अदालतमा साक्षी उपस्थित गराउँदा सरकारी वकील मार्फत प्रस्तुत हुने भएकोले बकपत्रको अघिल्लो दिनमा नै सरकारी वकीलसँग समन्वय गर्ने।
- अदालतमा साक्षी उपस्थित गराउँदा शुरुमा हेल्पडेस्कमा पनि सम्पर्क गर्न सकिने।
- सिधै साक्षी संरक्षण अधिकृतसँग सम्पर्क राखेमा सम्बन्धित फाँटसँग समन्वय गरी साक्षीलाई साक्षी संरक्षण कक्षमा बस्ने प्रवन्ध मिलाउने।
- प्रहरीको सुरक्षा आवश्यक पर्ने साक्षी भए सरकारी वकीलले प्रहरी सुरक्षासाथ साक्षी उपस्थित गराउने।
- प्रतिवादी पक्षलाई पनि निजका साक्षी बकपत्रको लागि अदालतमा साक्षी उपस्थित गराउन जानकारी गराउने।
- मुद्दाको पेशीमा सुनुवाइ तथा साक्षी बकपत्रका लागि सरकारी वकील र प्रतिवादीका कानून व्यवसायीलाई टेलिफोन गरी जानकारी गराउन सकिने।
- प्रतिवादी तथा नेपाल सरकारको तर्फबाट साक्षी उपस्थित गराउँदा यथासक्य छिटो अड्डा खुल्दा वित्तिकै गर्ने।
- बन्द इजलास कायम गर्नुपर्ने मुद्दामा साक्षीको बकपत्र अनिवार्य रुपमा बन्द इजलास कायम गरी गराउने।
- बन्द इजलास लेखिएको बोर्ड इजलासको ढोकामा देख्ने गरी झुण्ड्याउने र इजलासमा कार्यरत कार्यलय सहयोगीलाई त्यहाँ आउने आगन्तुकलाई यो बन्द इजलास हो भन्ने जानकारी गराउन निर्देशन दिने।

- Video-Conference को पद्धति भएकोमा सोही अनुसार र त्यस्तो पद्धति नभएकोमा अभियुक्तलाई Doctor's Screen भित्र राखेर पीडित तथा साक्षी र अभियुक्त बीच प्रत्यक्ष देखादेख नहुने गरी साक्षी बकाउने।
- साक्षीका बकपत्र गर्न अदालतमा उपस्थित हुँदा नियम बमोजिम आतेजाते खर्च पाउने भनी साक्षी बुझ्ने आदेशमा नै उल्लेख गर्ने।
- साक्षी बकपत्र शुरुगर्दा पनि उक्त आतेजाते खर्च जिल्ला प्रहरी कार्यालयबाट साक्षीले बुझी लिन पाउने जानकारी गराउने।
- साक्षीलाई घरसम्म जानको लागि सुरक्षा आवश्यक पर्ने नपर्ने बारे सोधी पर्ने भए सो को प्रवन्ध गर्ने।
- कहिलेकाहीँ गम्भीर फौजदारी अपराधमा लामो समयसम्म साक्षीलाई सुरक्षा व्यवस्था गर्नुपर्ने आवश्यकता रहन्छ। यदि यस्तो आवश्यकता महसुस भएमा मुद्दाको गम्भीरता विचार गरी इजलासबाट साक्षी बकपत्र पछि पनि निश्चित अवधिभर साक्षी संरक्षणको उचित प्रवन्ध गर्ने व्यवस्था मिलाउने।

*८.१.७ लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरूमा पीडित, साक्षी तथा पक्षहरूको भूमिका*

- कुनै पनि मुद्दाको मुख्य सरोकारवाला पक्षहरू नै हुने भएकोले न्यायिक प्रकृयामा उनीहरूको भूमिका महत्वपूर्ण हुन्छ।
- खासगरी पीडित, जाहेरवाला, प्रतिवादी र मुद्दामा असर पर्ने व्यक्तिहरू सरोकारवालाको रुपमा रहन्छन्।
- मुद्दाका पक्षहरूले यस प्रकृतिका मुद्दाहरूमा आफ्नो सरोकार उत्सुकताका साथ देखाउनु पर्दछ।
- जाहेरी दर्ता गर्दा देखि अनुसन्धानको सिलसिलामा प्रमाणको रुपमा बुझिएका पीडित तथा जाहेरवालाले तोकिएको समयमा प्रहरी, सरकारी वकील र अदालतमा उपस्थित हुनु पर्दछ।
- कुन निकायमा कहिले उपस्थित हुनु पर्ने हो भन्ने सम्बन्धमा सचेत रहनु पर्दछ।
- जुनसुकै निकायमा लिखित उजुरी, निवेदन, कागज, बकपत्र वा बयान गर्दा लेखिएका कुराहरू पढीबाँची सुनेपछि आफूले भने बमोजिम लेखिएको भएमात्र सहीछाप गर्नु पर्दछ।
- अनुसन्धानको सिलसिलामा आफूले लेखाएको व्यहोरा अदालतमा उपस्थित भई परीक्षण गरिने हुँदा सो कुरा जानकारी लिइ रहनु पर्दछ।
- आफ्नो तर्फबाट कानूनी सल्लाह लिनको लागि आफैले नियुक्त गर्न सक्ने कानून व्यवसायी र अदालत तथा अन्य निकायबाट उपलब्ध हुने निःशुल्क कानूनी सेवाको बारेमा जानकारी राख्नु पर्दछ।
- सरकारको तर्फबाट साक्षीको रुपमा अदालतमा उपस्थित हुँदा साक्षी खर्च उपलब्ध हुने व्यवस्था भएकोले सो को बारेमा जानकारी राख्नु उपयोगी हुन्छ।
- अदालतले साक्षी उपस्थित हुने समय बिहान १०ः:०० बजे भनी तोक्ने भएकोले तोकिएकै समयमा उपस्थित हुनु पर्दछ।
- कहीँ कतैबाट डर, धाक, धम्की आएको छ भने अदालतमा टेली इन्क्वारी सेवा उपलब्ध भएकोले फोनबाट जानकारी गराएमा साक्षीको संरक्षण प्रभावकारी रुपमा गर्न सकिन्छ।
- त्यस्तो डर, धाक, धम्की आएमा प्रहरी कार्यालय वा सरकारी वकील कार्यालयमा पनि जानकारी गराई सुरक्षा लिनु पर्दछ।
- साक्षी बकपत्र गरिसकेपछि पनि सुरक्षाको आवश्यकता भएमा अदालत समक्ष अनुरोध गर्नुपर्दछ।

- मुद्दामा आफूले देखे, जाने, सुनेको कुरा जस्ताको जस्तै नढाँटी लेखाउनु पर्दछ। यदि झुट्टा बकपत्र गरेमा कानून बमोजिम सजाय हुने कुरा थाहा पाई रहनु पर्दछ।
- प्रतिवादीले पनि आफ्नो जो भएको व्यहोरा मुद्दाको अनुसन्धानको सिलसिलामा गरिने बयान र अदालतमा गरिने बयानमा खुलाउनु पर्दछ।
- प्रतिवादीले आफ्नोतर्फबाट साक्षी राख्ने व्यक्तिहरूको स्पष्ट नाम, थर, वतन र टेलिफोन नम्बर खुलाई दिनु पर्दछ।
- कानूनी सहायता आवश्यक भएमा इजलास समक्ष अनुरोध गर्नु पर्दछ।
- प्रतिवादीलाई कुनै शारीरिक, मानसिक समस्या र कहीं कतैबाट डर, धाक, धम्कीको अवस्था भएमा खुलस्त रुपमा इजलास समक्ष व्यक्त गर्नु पर्दछ।

### *८.१.८ लगातार सुनुवाइ गर्नुपर्ने मुद्दाहरूमा विशेषज्ञको भूमिका*

- कुनै पनि मुद्दामा विशेषज्ञको रुपमा भौतिक परीक्षण गर्दा तोकिएको फाराममा उल्लिखित महलहरूमा जनिएका कुराहरू प्रष्ट रुपमा लेखिदिनु पर्दछ।
- प्रायजसो विशेषज्ञले राय लेख्दा अक्षरहरू नबुझिने कारणबाट पटक पटक आदेश गर्नुपर्ने अवस्था परी मुद्दा लम्बिन जाने हुँदा सुरुमा परीक्षण गर्दा नै प्रष्ट बुझिने अक्षरमा राय लेखिदिनु पर्दछ।
- प्राविधिक शब्दहरू प्रयोग भएकोमा त्यसको नेपाली रुपान्तरण समेत राखिदिनु पर्दछ।
- अदालतले आदेश गरेपछि तोकिएको दिनमा बकपत्रको लागि उपस्थित हुनु पर्दछ।
- लगातार सुनुवाइ हुने मुद्दामा विशेषज्ञले परीक्षण प्रतिवेदन र राय तत्काल सम्बन्धित निकायमा पठाउनु पर्दछ।

### *८.१.९ लगातार सुनुवाइ सम्बन्धी कार्यविधिको प्रयोगमा देखिएका अन्य कुराहरू*

लगातार सुनुवाइ गर्नुपर्ने मुद्दामा मुद्दाको कारवाहीको प्रारम्भदेखि मुद्दाको फैसला हुँदासम्मको कारवाहीमा र फैसला भै सकेपछि अन्तिम फैसला अनुसार फैसला कार्यान्वयन गर्ने अवस्थासम्म नै शिघ्र तथा निरन्तर कार्यपद्धति अपनाउनु पर्दछ। सो पद्धति लागू गर्दा अपनाउनु पर्ने कार्यविधि निम्नानुसार छः

- जिल्ला प्रहरी कार्यालय
    - मुद्दाको अनुसन्धान वैज्ञानिक रुपमा गर्ने,
    - अनुसन्धान अधिकृत अनुभवी, दक्ष र कानूनी ज्ञान भएको हुनुपर्ने,
    - अभियुक्तको स्वच्छ सुनुवाइको अधिकारलाई सम्मान गर्नुपर्ने,
    - पीडितको सुरक्षा, संरक्षण र आवश्यक उपचारको व्यवस्था गर्नुपर्ने,
    - महिला तथा बालबालिका, असक्त र वृद्ध अभियुक्तहरूलाई विशेष सहयोग गर्नुपर्ने,
    - सरकारी वकीलले अनुसन्धानको लागि दिएको निर्देशन पालना गर्नुपर्ने,
    - जिल्ला प्रहरी कार्यालयमा पनि लगातार सुनुवाइ सम्बन्धी मुद्दाको फाईल र लेटर प्याड छुट्टै रंगको बनाउने, उदाहरणको लागि सम्बन्धित अदालतले प्रयोग गरेको रंग छनौट गर्न सकिने,

- आदेश कार्यान्वयनको प्रभावकारीताका लागि एक जना लगातार सुनुवाइ अधिकृत तोक्ने।

- जिल्ला सरकारी वकील कार्यालय
  - सरकारी वकीलले अपराध अनुसन्धानको लागि प्रहरीलाई समुचित निर्देशन दिनुपर्ने,
  - अभियुक्तको बयान गराउँदा स्वच्छ सुनुवाइको अधिकार प्रत्याभूति गर्नुपर्ने,
  - महिला तथा बालबालिका, असक्त र वृद्ध अभियुक्तहरूलाई विशेष सहयोग गर्नुपर्ने,
  - अदालतमा म्याद थप गर्दा बहस हुने भएमा उपस्थित भै आफ्नो बहस प्रस्तुत गर्नुपर्ने,
  - अदालतको मुद्दा दर्ता गर्न तोकिएको समयभित्र अभियोगपत्र पेश गर्ने,
  - थुनछेक बहसको लागि तोकिएको समयमा उपस्थित हुने,
  - इजलासबाट परामर्श गरिए बमोजिमको मितिमा गर्नुपर्ने कार्यहरू अनिवार्य रुपमा गर्ने,
  - जिल्ला सरकारी वकील कार्यालयमा पनि लगातार सुनुवाइ सम्बन्धी मुद्दाको फाईल र लेटर प्याड छुट्टै रंगको बनाउने, उदाहरणको लागि सम्बन्धित अदालतले प्रयोग गरेको रंग छनौट गर्न सकिन्छ।
  - आदेश कार्यान्वयनको प्रभावकारीताका लागि एक जना लगातार सुनुवाइ अधिकृत तोक्ने,

- जिल्ला अदालत
  - सरकारी वकीलबाट अभियोग पत्र प्रस्तुत भएपछि रुजु गर्ने,
  - अभियोग पत्र रुजु गर्दा प्रतिवादीहरूको नाम, थर, ठेगाना, अभियोग मागदावी र सम्वद्ध कानून के कस्तो छ ? सो समेत राम्ररी अध्ययन गर्ने,
  - कुनै टाइप वा लेखनको त्रुटी भएमा सरकारी वकीललाई जानकारी गराउने,
  - दुई वा दुई भन्दा बढी न्यायाधीश कार्यरत रहेको अदालतमा विहान १०:०० बजे नै न्यायाधीश समक्ष गोला हाली मुद्दा तोक्ने,
  - अपह्रान्ह १:०० बजेपछि दर्ता भएको अभियोगपत्र सोही दिन बयान गराउन सम्भव नदेखिएमा भोलीपल्टको लागि पेश गर्ने,
  - लगातार सुनुवाइ सम्बन्धी मुद्दाको लागि विशेष रंगको फाइल बनाउने, उदाहरणको लागि हरियो रंगको फाइल बनाउन सकिन्छ।
  - त्यस्ता मुद्दाको पत्र व्यवहार गर्दा विशेष रंगको लेटर प्याड प्रयोग गर्ने र प्याडको माथि लगातार सुनुवाइ हुने मुद्दा भनी जनाउने, उदाहरणको लागि हल्का हरियो पृष्ठभूमि भएको लेटर प्याड बनाउन सकिन्छ।
  - मुद्दाको बाँडफाँड भएपछि तत्काल बयानको लागि प्रतिवादीलाई इजलासमा उपस्थित गराउने,
  - प्रतिवादीको बयान कम्प्युटरबाट टाइप गरी गराउने,
  - बयान गराउँदा सोधिन प्रश्नहरू न्यायाधीश आफैंले तयार गरी टाइप गर्ने कर्मचारीलाई दिने,
  - बयान गराइसकेपछि न्यायाधीशले एकपटक पढी सोधपुछ गर्न छुट भएका कुरा भए पुनः सोध्ने,
  - धेरै जना अभियुक्त भएकोमा बयानको लागि एक एक जना अभियुक्तलाई पालैपालो बयान गराउने व्यवस्था मिलाउने र अन्य अभियुक्तलाई सुरक्षा साथ इजलास बाहिर नै राख्ने,

- बयान लगायतका कार्यहरू गरिरहँदा इजलासको मर्यादा कायम गर्न निरन्तर क्रियाशील रहने,
- सबै अभियुक्तको बयान गराइसकेपछि थुनछेक बहसको लागि दुवै पक्षका कानून व्यवसायीलाई आमन्त्रण गर्ने,
- धेरैजना कानून व्यवसायी भएकोमा बहस व्यवस्थापनको समय निर्धारण गर्ने,
- समय सकिएपछि समय सूचक बजाई बहस समाप्त गर्न संकेत गर्ने,
- अभियोजन पक्ष वा प्रतिवादीबाट उसैदिन आ—आफ्ना साक्षी उपस्थित गराएमा लगातार साक्षी परीक्षण गर्ने,
- उपस्थित हुन बाँकी साक्षी तथा विशेषज्ञलाई लगातार सुनुवाइमा राखी मिति तोकी उपस्थित गराउने,
- थुनछेक आदेश गरिसकेपछि दुवै पक्षका कानून व्यवसायीसँग परामर्श गरी मुद्दाको लगातार सुनुवाइ हुने मिति तोक्ने,
- मुद्दाको कारवाही र गरिने काम कुराहरूको क्यालेण्डर मिसिलमा सामेल राख्ने,
- कानून व्यवसायी राख्न नसक्ने पक्षहरूलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,
- आदेश कार्यान्वयनको प्रभावकारीताका लागि एक जना लगातार सुनुवाइ अधिकृत तोक्ने,
- निरन्तर सुनुवाइका मुद्दाहरूको प्रभावकारिताका लागि छुट्टै फाँट खडा गर्ने,
- निरन्तर सुनुवाइका मुद्दाको दर्ता मिति र फैसला मिति समेत खुल्ने गरी कुन मुद्दा कति अवधिमा फैसला भयो सो को अभिलेख राख्ने,
- मुद्दाको छिटो छरितो कारवाही र किनारा गर्ने नाउँमा हतार हतारमा काम गर्ने र बुझ्नु पर्ने सबै प्रमाण नबुझी फैसला गर्ने कार्य गर्नु हुँदैन,
- यस्ता मुद्दामा पीडितलाई मुद्दाको हरेक चरणमा सहभागी हुने अधिकार रहने हुँदा अदालतबाट आवश्यक जानकारी उपलब्ध गराउनु पर्दछ,
- फैसला भै सकेपछि फैसलाको प्रतिलिपि सहित पीडितलाई जानकारी दिनु पर्दछ।
- अदालतमा दोभाषे, बालमनोविज्ञानवेत्ता र समाजसेवीको सूची बनाई फ्लेक्स राख्ने।

### *८.१.१० लगातार सुनुवाइ गर्दा अपनाइने मुख्य मुख्य कार्य र जिम्मेवारी*

लगातार सुनुवाइ गरिने मुद्दाहरूमा अपनाईने कार्यविधिको सम्बन्धमा केही प्रमुख यस्ता कार्यहरू छन्, जसको अभावमा प्रभावकारी परिणाम प्राप्त हुन सक्दैन। त्यस्ता मुख्य कार्यहरूको सूचि, सो कार्य सम्पन्न गरिसक्नु पर्ने यथोचित समयावधी, सो कार्य सम्पन्न गर्ने जिम्मेवारी तोकिएको अधिकारी र समयमा कार्य सम्पन्न भएको सूचक पहिले नै निर्धारण गरिनु पर्दछ। खासगरी प्रत्येक जिल्ला अदालतमा यसको विवरण राखिनु पर्दछ। त्यस्ता कार्य, समय, अधिकारी र सूचक निम्न बमोजिम छन्।

| क्र.सं. | कार्य | अवधि | जिम्मेवारी | सूचक |
|---|---|---|---|---|
| १. | म्याद थप | कानून बमोजिम | न्यायाधीश | आदेश |

| | | | | |
|---|---|---|---|---|
| २. | बयान | मुद्दा दर्ता भएपछि | न्यायाधीश | बयान |
| ३. | थुनछेक | मुद्दा दर्ता भएपछि | न्यायाधीश | आदेश |
| ४. | आदेश कार्यान्वयन | तत्काल | सम्बन्धित फाँट प्रमुख | मिसिल |
| ५. | बकपत्र | थुनछेक पछि छिट्टै | न्यायाधीश | बकपत्र |
| ६. | साक्षी संरक्षण | साक्षी उपस्थित भएपछि | साक्षी संरक्षण अधिकृत | साक्षी |
| ७. | सरोकारवालासँग समन्वय | निरन्तर | सम्बन्धित कर्मचारी | सम्बन्धित कार्य |
| ८. | निरन्तर सुनुवाइ समिति | प्रत्येक महिना | समिति | बैठकहरू |
| ९. | निरीक्षण अनुगमन | प्रत्येक हप्ता | न्यायाधीश | निर्देशन |
| १०. | तथ्याङ्क राख्ने | प्रत्येक १५ दिनमा | स्रेस्तेदार | तथ्याङ्क |
| ११. | मुद्दाको टिपोट | पेशी अगावै | सम्बन्धित फाँट प्रमुख | मिसिल |
| १२. | फैसला लेखन | २१ दिन | न्यायाधीश | मिसिल |
| १३. | फैसला कार्यान्वयन | मुद्दा अन्तिम भएपछि | तहसिलदार | मिसिल |
| १४. | म्याद थप | कानून बमोजिम | न्यायाधीश | आदेश |

# परिच्छेद-नौ
# निष्कर्ष र सुझाव

## ९.१ निष्कर्ष

महिला तथा बालबालिका पीडित भएका जघन्य एवं गम्भीर प्रकृतिका मुद्दाहरूमा लगातार सुनुवाइ सम्बन्धी कार्य पद्धति महत्वपूर्ण विषय हो। फौजदारी कार्यविधि नियमावलीमा भएको यस कानूनी व्यवस्थाको कार्यान्वयन सबै जिल्ला अदालतले प्रभावकारी रुपमा गर्न आवश्यक छ। प्रस्तुत अध्ययन काठमाडौं उपत्यका स्थित तीन वटा जिल्ला अदालतको विगत चार वर्षको अवधिमा मूलतः जबर्जस्ती करणी मुद्दामा गरिएको सुनुवाइमा Continuous Hearing को नतिजा के कस्तो रह्यो? तथा फौजदारी मुद्दामा लगातार सुनुवाइ सम्बन्धमा सरोकारवाला निकायहरूको विचार समेत समेटी यस पद्धतिमा देखा परेका समस्या र समाधानका उपायहरू सुझाउने प्रयास गरिएको छ। यस अनुसन्धानको नतिजाको अध्ययनबाट देशैभरीका जिल्ला अदालतमा उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नमा मार्गदर्शन हुनेछ भन्ने आशा राखिएको छ। यस अध्ययन को निष्कर्षलाई देहायको बुँदाहरूमा समेटिएको छ।

### *९.१.१ मौजुदा कानूनी कार्यान्वयको समग्र स्थिति*

यस अध्ययनको आधारमा हेर्दा लगातार सुनुवाइ सम्बन्धी व्यवस्थाको कार्यान्वयन प्रभावकारी रुपमा नभएको पाइएको छ। सुनुवाइ बन्द इजदासबाट भएको, गोपनियता कायम रहेको तथा लगातार सुनुवाइको कार्यान्वयनपक्ष ठीकै मात्र भएको, फैसला गर्ने अधिकारीले लगातार सुनुवाइको कार्यान्वयनप्रति ध्यान पुऱ्याएको भन्ने देखिएता पनि विभिन्न विषयहरूमा कार्यान्वयन पक्ष कमजोर देखिएको छ। जस्तैः

- छुट्टै फाँट, छुटै दर्ता, छुटै सुनुवाइको प्रयोग खासै नभएको,
- जघन्य र गम्भीर किसिमका मुद्दाको सुनुवाइ छिटो छरितो रुपमा नभएको,
- थुनछेक आदेशमा लगातार सुनुवाइ गर्नु भनी व्यहोराको उल्लेख पचास प्रतिशतभन्दा कम आदेशमा रहेको,
- अभियोजनपत्र साथ साक्षी उपस्थित गराई बकपत्र केही मुद्दामा मात्र गराइएको,
- केही मुद्दामा लगातार सुनुवाइमा राख्नको लागि अभियोजनपक्ष तथा प्रतिवादी कानून व्यवसायीले अनुरोध गर्ने गरेको,
- पीडितलाई अन्तरिम क्षतिपूर्ति राहत उपलब्ध गराउने कुरामा एकरुपता नरहेको,
- लगातार सुनुवाइ प्रकृया अन्तर्गत मुद्दाको किनारा जबरजस्ती करणी मुद्दाको फछ्र्यौट हेर्दा काठमाडौं, ललितपुर भक्तपुर जिल्ला अदालतमा ५० देखि ६० प्रतिशत मुद्दाहरू १ वर्षभन्दा बढी समय लाग्ने गरेको देखिएको,
- सरोकारवालाबिच समन्वयनमा कमी रहेको,
- न्याय प्रशासनभित्र लगातार सुनुवाइले कम महत्व पाएको,

तसर्थ यस व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुनुमा सबै पक्ष जिम्मेवार रहेको देखिन्छ। लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुँदा न्याय प्रशासनमा मुद्दाका पक्षले हैरानी पाउने, पीडित अझै पीडित हुने,

मुद्दा प्रक्रिया लामो हुने तथा अदालतप्रतिको जनआस्था घट्छ भन्ने जस्ता प्रभाव देखिएको छ। यस स्थितिलाई हटाउन लगातार सुनुवाइ सम्बन्धी निर्देशिकाको आवश्यकता रहेको देखिन्छ।

### *९.१.२ शीघ्र कारवाही अदालत*

ज्योति पौडेल निवेदक भएको मुद्दामा शीघ्र कारवाही अदालतको अध्ययनका लागि महिला तथा बालबालिका मन्त्रालयका सहसचिव स्तरको प्रतिनिधि, (संयोजक), सर्वोच्च अदालतको सहरजिष्टार (सदस्य), कानून मन्त्रालयका सहसचिव स्तरको प्रतिनिधि (सदस्य) र महिला मन्त्रालयका महिला प्रतिनिधि (सदस्य) गरी चार सदस्यीय समितिको गठन गर्नु भनी आदेश भएको थियो। सो समितिले काम थालनी गरेको मितिले ४ महिनाभित्र Fast Track Court गठन गर्ने सम्बन्धमा संसोधन गर्न पर्ने कानून, आवश्यक जनशक्ति लाग्ने बजेट समेतको अध्ययन गरी प्रतिवेदन दिएपछि उक्त प्रतिवेदन क्रमिक रुपले लागू गर्दै जानुपर्ने भनी सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश भएकोमा १५ वर्ष वितिसक्दा पनि हालसम्म यस सन्दर्भमा कुनै पनि प्रगति भएको पाइएको छैन।

### *९.१.३ समस्या एवम चुनौतीहरू*

न्यायको सर्वमान्य चरित्र भनेको सम्बद्ध सबैलाई समान मान्यता र समान व्यवहार हो। सबै मुद्दाको कारवाही छिटो र प्रभावकारी हुनु पर्ने मान्यता रहेकोमा तोकिएका केही बिषयका मुद्दामा मात्र फरक व्यवस्थापन गर्नु सैद्धान्तिक र व्यवहारिक दुबै रुपमा आलोचनायुक्त र चुनौतिपूर्ण हुने देखिन्छ। प्रस्तुत आधारमा Case Tracking System (CTS) लागू गर्दा केही चुनौतिहरू देखा परेका छन् जुन निम्न बमोजिम छन्:-

- लगातार सुनुवाइको लागि सूचीकृत गरिएका कसूर बाहेक सबै अपराधलाई निरन्तर सुनुवाइमा राख्न सकेको अवस्था छैन। केही सिमित अपराधलाई मात्र लगातार सुनुवाइमा राख्दा अन्य मुद्दाहरू छिटो छरितो सुनुवाइको प्राथमिकाताक्रमभित्र नरहनाले जनताको न्यायमा सहज र समान पहुँचको अधिकार हनन् हुन सक्दछ। साथै हाल भै रहेको पद्धति अवलम्बन गर्दा निरन्तर सुनुवाइको कार्यविधिगत प्रष्टताको पनि अभाव रहेकोले यसको कार्यान्वयनमा व्यापक समस्याहरू पर्ने देखिन्छ।
- सबै मुद्दामा संलग्न पक्षहरूको लागि न्यायिक निष्पक्षता उत्तिकै महत्वपूर्ण हुने हुँदा केही मुद्दामा मात्र निरन्तर सुनुवाइ गरी छिटो छरितो न्याय सम्पादन गर्दा कतै पिडित पक्षीय न्यायको मान्यता मात्र हुन जाने, (*Justice hurried justice buried)* को संभावना रहने भन्ने टिप्पणीहरू आउने गरेका छन्।
- तोकिएका मुद्दाको लागि छुट्टै अदालत राख्ने हो भने एक दुई मुद्दाका लागि पनि त्यस्तो अदालत रहने स्थिति आउने र सो व्यवस्था साधन, स्रोत र जनशक्तिको हिसाबले ज्यादै खर्चिलो हुने भएकोले सर्वोच्च अदालतले आदेश गरेका सिघ्र कारवाही अदालत र लगातार सुनुवाइ सम्बन्धी पद्धति मध्ये कुन चाँही बढी व्यवहारिक हुन्छ भन्ने निक्यौंल गर्नुपर्ने चुनौती रहेको छ।

- अभियुक्तको स्वच्छ सुनुवाइको अधिकारप्रति पूर्ण सजगता रहनु पर्ने र कहिलेकाहीं बनावटी मुद्दा पर्न आएकोमा न्याय नै मर्नसक्ने जोखिम र चुनौति रहने भएकोले लगातार सुनुवाइ पद्धति अपनाउँदा न्यायकर्ता बढी नै संवेदनशील हुनुपर्ने देखिन्छ।
- मुद्दाको छिटो छरितो कारवाही र किनारा गर्नको लागि अपनाउनु पर्ने पद्धतिका सम्बन्धमा कार्यविधि कानुनमात्र नभई सारवान कानुनमा परिवर्तन गरी सुधार गर्नुपर्ने हुँदा विधायिकी ध्यानाकर्षण गर्नु पर्ने देखिन्छ।
- अनुसन्धान तहकिकात, अभियोजन मात्र हैन प्रतिरक्षा समेतका निकाय र जनशक्तिलाई तालिम र सुदृढीकरण गर्नु पर्ने तथा दक्ष जनशक्तिको उपलब्धताको समस्या रहेको छ।
- न्यूनतम सुविधा समेत उपलब्ध नभएका अदालत भवन, इजलास, कार्यकक्ष लगायतका समस्या र सूचना प्रविधिको प्रयोगमा जटिलता, पुस्तकालयको अभाव तथा अपर्याप्त बजेटको कारणबाट सृजित समस्याहरू पनि सम्बोधन गरिनु पर्ने चुनौती रहेको छ।
- सरोकारवालाहरूको बिचमा निरन्तर छलफल, अन्तरक्रिया र समन्वयको आवश्यकता सम्बोधन गर्ने चुनौति रहेको छ।
- अदालतभित्रको न्याय प्रशासनको प्रकृयागत ढिलाई, कर्मचारी बीच समन्वयको अभाव र मुद्दाको सही व्यवस्थापन गर्न नसकिने अवस्थाको आँकलन र समुचित व्यवस्थापन हाल देखिएका प्रमुख चुनौतीहरू हुन्।
- उपयुक्त योजना र कार्यान्वयनको समस्या (Lack of proper planning, shared vision & implementation) नै कुनै पनि नयाँ पद्धतिको सफल कार्यान्वयनका बाधकहरू हुन्। यस पद्धतिको कार्यान्वयनमा पनि उल्लिखित समस्या देखिन्छ।

## ९.२ सुझाव

(क) ऐन तथा नियमावलीमा परिमार्जन

- लगातार सुनुवाइको सूचीलाई परिमार्जन गरी हाल तोकिएका कसूर बाहेक थप घरेलु हिंसा, मानव वेचविखन तथा ओसार पसार, अपहरण तथा शरीर बन्धक, बालबालिकाको मुद्दा र त्यसमा जोडिएर आउने संगठित अपराध जस्ता कसूरहरू पनि समावेश गर्नु पर्ने,
- मुद्दाको प्रकृति तथा संवेदनशीलताको आधारमा न्यायाधीशले निरन्तर सुनुवाइबाट हेरिनु उपयुक्त हुने भनी आदेश गर्नसक्ने प्रावधान सहित त्यसरी आदेश दिएको जुनसुकै मुद्दामा यो व्यवस्था लागू हुने गरी कानूनी व्यवस्था गर्नु पर्ने,
- केही प्रतिवादी उपस्थित भई केही फरार भएकोमा फरार भएका प्रतिवादीको हकमा पछि प्रमाण बुझ्दै जाँदा ठहरे अनुरुप हुने गरी उपस्थितको हकमा लगातार सुनुवाइ गरी फैसला गर्न मिल्ने कानूनी व्यवस्था गर्नुपर्ने,
- लगातार सुनुवाइ हुने मुद्दाको कारवाही र किनारा ९० दिनभित्र गरिसक्नु सक्नुपर्ने कानूनी व्यवस्था हुनुपर्ने,

- लगातार सुनुवाइ सम्बन्धी व्यवस्थालाई बाध्यातमक रुपमा पालना गर्नुपर्ने नियम प्रष्ट बनाउनु पर्ने।

(ख) कार्यविधिगत सुधार

- सरोकारवाला निकायले आफ्नो कार्ययोजनामा यस विषयलाई प्राथमिकतामा राख्नु पर्ने,
- अनुसन्धान, अभियोजन, न्यायिक कारवाही तथा फैसला कार्यान्वयनका सबै चरणहरूमा यस विषयलाई प्राथमिकताकासाथ संवेदनशील भई हेरिनु पर्ने व्यवस्था मिलाउनु पर्ने,
- छुट्टै दर्ता किताब राख्न सक्ने,
- अभियोगपत्रमा निरन्तर सुनुवाइ होस् भनी उल्लेख हुनुपर्ने,
- प्रभावकारी म्याद तामेली, पेशी व्यवस्थापन तथा मुद्दा हटाउने प्रवृतिलाई निरुत्साहित गर्ने,
- विशेष अवस्था बाहेक मुद्दा हटाउन नपाइने व्यवस्था गर्ने,
- पीडित एवं साक्षी बकपत्र तथा विशेपज्ञको बकपत्र तालिम प्राप्त व्यक्तिबाट गराउने,
- प्रतिवेदनहरू प्राप्तिका लागि उचित व्यवस्थापन गर्ने,
- आदेशमा लगातार सुनुवाइमा राख्नु भनी अनिवार्य रुपमा उल्लेख गर्ने,
- प्रमाण बुझ्दा एकै पटक आदेश गर्ने,
- सूचना प्रविधिलाई प्रभावकारी कार्यान्वयनको सहयोगीको रुपमा राख्ने,
- फैसला तोकिएको समायावधिमा गर्ने।

(ग) संथागतपक्ष तथा समन्वयमा सुधार

- सरोकारवाला संथागत निकाय तथा व्यक्तिगत निकायले लगातार सुनुवाइको प्रभावकारी कार्यान्वयनको लागि उल्लिखित समस्याको स्वामित्व लिई समाधानको लागि आपसी अन्तरक्रिया तथा सहकार्य गर्नुपर्ने,
- सक्षम जनशक्ति, भौतिक तथा आर्थिक स्रोत साधनको व्यवस्था गर्नुपर्ने,

(घ) अन्य सुधारका क्षेत्र

- यस व्यवस्थाको कार्यान्वयन गर्ने अधिकारी पूर्ण सम्वेदनशील भई हुनु पर्ने
- लगातार सुनुवाइको महत्व बारे सम्बन्धित पक्षहरूबिच सचेतना जगाउने कार्यक्रमहरू लागू गर्नुपर्ने
- माथिल्लो अदालतबाट मूल्याङ्कन, सुपरीवेक्षण र निरीक्षण नियमित रुपमा गर्नुपर्ने,
- उपयुक्त निर्देशिका निर्माण गरी लागू गर्ने।

# अनुसूची १

## प्रश्नावली

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

मनमैजु, काठमाडौं

**फौजदारी मुद्दामा लगातार सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था र यसको कार्यान्वयनको अवस्थाको अध्ययनका लागि गयार गरिएको प्रश्नावली**

*(यी प्रश्नावलीहरू अनुसन्धानको प्रयोजनको लागि मात्र प्रयोग हुनेछन्।)*

**१. देहायको क्षेत्रहरूमध्ये तपाई कुन क्षेत्रसँग सम्बन्धित हुनुहुन्छ ?**

क) न्यायाधीश
ख) अदालतको कर्मचारी
ग) कानुन व्यवसायी
घ) सरकारी वकील
ङ) मुद्दाका पक्ष

**२. तपाइको अनुभवमा मुद्दाको लगातार सुनुवाइको कार्यान्वयन कसरी भएको छ?**

क) अत्यन्त राम्रो
ख) राम्रो
ग) सन्तोषजनक
घ) भएकै छैन

**३. लगातार सुनुवाइ सम्बन्धी छुट्टै फाँट, छुटै दर्ता, छुटै सुनुवाइको प्रयोग भएको छ कि छैन?**

क) छ
ख) भएको छैन
ग) कुनैमा छ कुनैमा छैन
घ) प्रयास जारी छ

**४. यस्तो सुनुवाइमा बन्द इजलासको प्रयोग भएको छ कि छैन?**

क) भएको छ
ख) भएको छैन
ग) केहीमा छ केहीमा छैन

**५. यस्तो सुनुवाइमा गोपनियता कायम भएको छ कि छैन?**

क) भएको छ
ख) भएको छैन
ग) केहीमा मात्र भएको छ

**६. जघन्य र गम्भीर किसिमका मुद्दाको सुनुवाइ के कति छिटो छरितो रुपमा भईरहेको छ ?**

क) समयमै सुनुवाइ हुने गरेको छ
ख) ढिलो हुने गरेको छ

ग) केही समय ढिलो हुने गरेको छ    घ) धेरै ढिलो हुने गरेको छ

**७. फैसला गर्ने अधिकारीले लगातार सुनुवाइको कार्यान्वयनप्रति कत्तिको ध्यान दिएको अनुभव गर्नु भएको छ?**

क) राम्रो छ    ख) ठीकै छ

ग) अलि अलि मात्र छ    घ) वेवास्ता गर्ने गरेको पाईन्छ

**८. लगातार सुनुवाइ गर्नुपर्ने मुद्दामा न्यायाधीशले थुनछेक आदेशमा कुनै व्यहोरा उल्लेख गरेको पाइन्छ वा पाइन्दैन?**

क) पाइन्छ    ख) पाइदैन

ग) केहीमा मात्र पाइन्छ

**९. यदि आदेशमा व्यवहोरा उल्लेख गरेको छ भने के कुरा उल्लेख भएको पाइन्छ?**

..........................................................................................................................

.............................................................................................................

**१०. अभियोजनपत्र साथ साक्षी उपस्थित गराई बकपत्र गरिएको छ कि छैन?**

क) गराइएको छ    ख) केही मुद्दामा मात्र छ

ग) गराइएको छैन

**११. सरकारवादी फौजदारी मुद्दालाई लगातार सुनुवाइमा राख्नको लागि अभिजोनपक्षले अनुरोध गर्ने गरेको तपाईले पाउनुभएको छ /छैन?**

क) केही मुद्दामा छ    ख) सामान्यतया छैन

ग) कुनैमा पनि छैन    घ) सबै मुद्दामा छ

**१२. सरकारवादी फौजदारी मुद्दालाई लगातार सुनुवाइमा राख्नको लागि प्रतिवादीका कानून व्यवसायीले अनुरोध गर्ने गरेको तपाईले पाउनु भएको छ / छैन?**

क) केहीमा छ    ख) सामान्यतया छैन

ग) कुनैमा पनि छैन    घ) सबैमा छ

**१३.यस्तो सुनुवाइमा बार, सरकारी वकील र प्रहरीको सहयोग र समन्वय कस्तो छ?**

क) राम्रो छ    ख) ठीकै छ

ग) राम्रो छैन

**१४. लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुनुमा कसलाई बढी जिम्मेवार मान्नुहुन्छ?**

क) न्यायाधीश
ख) अदालतका कर्मचारी
ग) कानुन व्यवसायी
घ) सरकारी वकील
ङ) मुद्दाका पक्ष
च) सबै

**१५. न्याय प्रशासनभित्र लगातार सुनुवाइलाई कतिको महत्व दिइएको पाउनुभएको छ?**

क) उच्च महत्व दिइएको
ख) केहीहद सम्म महत्व दिइएको
ग) कम महत्व दिइएको
घ) महत्व नै नदिइएको

**१६. लगातार सुनुवाइ प्रक्रिया प्रभावकारी नहुँदा न्याय प्रशासनमा कस्तो प्रभाव पर्ने ठान्नुहुन्छ?**

क) मुद्दा प्रक्रिया लामो हुन्छ
ख) पक्षले हैरानी पाउँछन्
ग) पीडित अझै पीडित हुने
घ)अदालतप्रतिको जनआस्था घट्छ

**१७. यस्ता मुद्दामा पीडितलाई अन्तरिम क्षतिपूर्ति राहत उपलब्ध गरिएको छ कि छैन?**

क) उपलब्ध गरिएको छ
ख) उपलब्ध गरिएको छैन
ग) कुनैमा छ कुनैमा छैन

**१८. लगातार सुनुवाइ प्रकृया अन्तर्गत कति समयमा मुद्दाको किनारा लगाइनु उपयुक्त हुन्छ?**

क) ७ दिन
ख) एक महिना
ग) तीन महिना
घ) छ महिना

**१९. लगातार सुनुवाइ सम्बन्धी निर्देशिकाको आवश्यकता छ/छैन?**

क) छ
ख) छैन

**२०. आफू आवद्ध रहेको जिल्ला अदालतमा लगातार सनुवाई को पद्धति कसरी प्रयोग गरिएको छ?**

.............................................................................................................................

...............................................................................................................

**२१. कस्ता मुद्दाहरूलाई लगातार सुनुवाइमा राखिनु उपयुक्त होला?**

.............................................................................................................................

...............................................................................................................

**२२. मुद्दा दर्ता भएबाट कति अवधिमा फैसला भएको छ?**

.............................................................................................................................

...............................................................................................................

२३. मुद्दाको सुनुवाइको प्राथमिकता निर्धारण कसरी गरिएको छ?

..........................................................................................................

...............................................................................................

२४. लगातार सुनुवाइको मुद्दा हटाउने (स्थगन) सम्बन्धमा कस्तो अभ्यास छ?

..........................................................................................................

...............................................................................................

२५. लगातार सुनुवाइ गर्नका समस्याहरू के--के छन्?

..........................................................................................................

...............................................................................................

२६. समस्या समाधानका लागि यहाँको सुझावहरू के- के छन्?

..........................................................................................................

...............................................................................................

**धन्यवाद!**

# अनुसूची २

## उत्तरदाता (Respondent) को विवरण

| क्र. स. | उत्तरदाता (Respondent) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | माननीय जिल्ला न्यायाधीश | ९ | २२% |
| २. | अदालतका अधिकृत | १४ | ३४% |
| ३. | सरकारी वकील | ११ | २७% |
| ४. | कानून व्यवसायी | ७ | १७% |
| **जम्मा** | | ४१ | |

# सन्दर्भ सामग्री


- **अन्तर्राष्ट्रिय कानूनी दस्तावेज**
  - मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८।
  - मानव अधिकार सम्बन्धी युरोपीयन महासन्धि, १९५०।
  - नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६।
  - मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि, १९६९।
  - महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९।
  - बाल अधिकारसम्बन्धी महासन्धि, १९८९।

- **संविधान**
  - नेपालको संविधान।

- **ऐन/संहिता**
  - संक्षिप्त कार्यविधि ऐन, २०२८।
  - विशेष अदालत ऐन, २०५९।
  - मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४।
  - बालबालिकासम्बन्धी ऐन, २०७५।

- **नियमावली/दिग्दर्शन**
  - जिल्ला अदालत नियमावली, २०५२।
  - मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५।
  - फरक मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शन, २०७६ (जिल्ला अदालतको लागि)।
  - फरक मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शन, २०७६ (उच्च अदालतको लागि)।

- **सर्वच्च अदालतका फैसला**
  - अधिवक्ता ज्योति पौडेल समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेतको परमादेश ( ने.का.प.२०६६, अंक १२, नि.नं. ८२८२)।
  - अधिवक्ता उमा तमाङ्ग समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेतको परमादेश ( ने.का.प.२०७०, अंक ११, नि.नं. ९०७८)

- **प्रतिवेदन/रणनीतिक योजना**
  - सर्वोच्च अदालतमा परेका मुद्दाहरूमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपाय सम्वन्धमा गरिएको अध्ययनको प्रतिवेदन, २०६०, सर्वोच्च अदालत।
  - मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६, सर्वोच्च अदालत।

- सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरूमा फरक मुद्दाका लागि फरक व्यवस्थापन (डि.सि.एम) पद्धति कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन, २०७०, सर्वोच्च अदालत।
- मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा अध्ययन प्रतिवेदन, २०७२।
- मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०७५, सर्वोच्च अदालत ।
- सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७७/०७८।
- न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६।०६७-२०७०।७१), सर्वोच्च अदालत।
- न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१।०७२-२०७५।७६), सर्वोच्च अदालत।
- न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६।०७७-२०८०।८१), सर्वोच्च अदालत।

- **किताब र लेख**

- Steelman, D. C.  (2004). Case flow Management: The Heart of Court Management in the New Millennium, National Center for State Courts (NCSC).
- Dr. Myneni S. R. (2001). Legal Research Methodology, Allahabad Law Agency, Faridabad.
- प्रा.डा. दहाल पेशलस र प्रा. खितवडा सोमप्रसाद, (२०७७), अनुसन्धान पद्धति , पैरवी बुक हाउस।
- Vereeck L. & Mühl M. (2000).  *An Economic Theory of Court Delay*, European Journal of Law and Economics.
- टेक नारायण कुँवर, *छिटो छरितो न्याय र मुद्दाको निरन्तर सुनुवाइ पद्धति*, भर्डिक्ट, वर्ष १ अंक २, २०७३, लयर्स फोरम नेपाल।
- महिला, कानून र विकास (FWLD), *मानव बेचबिखन तथा ओसारपसार अपराधका मुद्दाहरूमा अपनाउनु पर्ने अदालतीय कार्यविधि सम्बन्धी निति वकालत पत्र*, २०७०।

- **वेभसाइट**

- https://www.ijlmh.com/paper/fast-track-courts-in-india-past-present-and-future/#
- https://clpr.org.in/wp-content/uploads/2015/06/Fast-Track-Court_final.pdf
- https://pib.gov.in/PressReleaseIframePage.aspx?PRID=1598939
- http://www.thaindian.com/newsportal/india-news/10041128.html
- http://www.noors.gov/pdffiles/nij/19 9724.pdf